# गतिविधिका झलकहरु

















दर्ता नं. बागमती ०००२
पान नं. ६१४९९०३७७

"सक्षम र पूर्ण सेवाका लागि समर्पित उत्कृष्ट वित्तीय सहकारी सञ्जाल"

आवद्धता

# बागमती प्रोस्कून

## बागमती प्रदेश बचत तथा ऋण सहकारी संघ लि.

## Bagmati Province Federation of Saving and Credit Co-operative Union Ltd.

केन्द्रीय कार्यालयः बनेपा नगरपालिका-७, काभ्रेपलाञ्चोक
सेवा कार्यालयः काठमाडौं-३१, बानेश्वर



# चौथो वार्षिक प्रतिवेदन

## २०८०/०८१




२३ कार्तिक २०८१
8 November 2024


Head Office: Banepa-07, Kavrepalanchok, Tel.: 011-665368
Member Service Office: New Baneshwor, Kathmandu, Tel.: 01-5911465
Email: bagmatiproscun@gmail.com
www.bagmatiproscun.org.np

## संचालक समिति


श्री उद्धव सापकोटा
अध्यक्ष


श्री कल्पना श्रेष्ठ
महिला उपाध्यक्ष


श्री जिवसराज खड्का
महासचिव


श्री गोबिन्द प्रसाद काफ्ले
सचिव


श्री केशव प्रसाद दंगाल
कोषाध्यक्ष


श्री इन्द्र घिमिरे
सदस्य


श्री तेजेन्द्र बहादुर खड्का
सदस्य


श्री जगन्नाथ दाहाल
सदस्य


श्री ठाकुर प्रसाद बास्कोटा
सदस्य


श्री कृष्णगोबिन्द लाखाजु
सदस्य


श्री प्रदिप थापा
सदस्य


श्री ओम प्रसाद आचार्य
सदस्य


श्री कृष्णहरि कोईराला
सदस्य


श्री राधा कडरिया
सदस्य


श्री तारानाथ सापकोटा
सदस्य


श्री कृष्ण प्रसाद सुवेदी
सदस्य

## लेखा सुपरिवेक्षण समिति


श्री देव प्रसाद त्रिपाठी
संयोजक


श्री रमिला शाक्य श्रेष्ठ
सदस्य

## सल्लाहकार


श्री मिनराज कँडेल


श्री डि.बि. बस्नेत


श्री परितोष पौड्याल


श्री ऋषिराज घिमिरे


श्री चन्द्रप्रसाद ढकाल


श्री दिपक पनेरु


श्री रामहरि के.सी.

## कार्यालय व्यवस्थापन


केशवप्रसाद दाहाल
प्रमुख कार्यकारी अधिकृत


नवराज घोरसाइने
कार्यक्रम अधिकृत


सुदर्शन दाहाल
व्यवसाय अधिकृत


बिमला पुडासैनी
कार्यक्रम अधिकृत


शिवप्रसाद शर्मा
सहायक अधिकृत
(लेखा प्रशासन)


लक्ष्मी पन्थ तिवारी
सहायक अधिकृत
(व्यवसाय)


सोनी थापा
व्यवसाय सहायक


सानु मैया दाहाल
सदस्य सेवा सहायक


विशाल तिमल्सिना
व्यवसाय सहायक


रामकृष्ण दुलाल
व्यवसाय सहायक


लक्ष्मी खड्का
सहयोगी

# चौथो
## वार्षिक प्रतिवेदन
# २०८०/०८१

२३ कार्तिक २०८१

आवद्धता

बागमती प्रोस्कून

बागमती प्रदेश बचत तथा ऋण सहकारी संघ लि.

Bagmati Province Federation of Saving and Credit Co-operative Union Ltd.

"सक्षम र पूर्ण सेवाका लागि समर्पित उत्कृष्ट वित्तीय सहकारी सञ्जाल"

दर्ता नं. बागमती ०००२
पान नं. ६१४९९०३७७

आवद्धता
नेफ्स्कून

# बागमती प्रोस्कून
## बागमती प्रदेश बचत तथा ऋण सहकारी संघ लि.
**Bagmati Province Federation of Saving and Credit Co-operative Union Ltd.**

केन्द्रीय कार्यालयः बनेपा नगरपालिका-७, काभ्रेपलाञ्चोक

मिति : २०८१/०६/२०
प.सं. : २०८१/०८२
च.नं. : ११५

श्रीमान अध्यक्षज्यू,
संघमा आवद्ध सम्पूर्ण सदस्य संघ/संस्थाहरु

**विषय : चौथो वार्षिक साधारण सभा सम्बन्धमा ।**

यस बागमती प्रदेश बचत तथा ऋण सहकारी संघ लि. (बागमती प्रोस्कून) को विनियम २०७७ को दफा ३० को उपदफा (१) ले दिएको अधिकार प्रयोग गरी मिति २०८१ भाद्र १९ गते बसेको सञ्चालक समितिको २५ औं पूर्ण बैठकको निर्णयानुसार देहाए बमोजिमका प्रस्ताव उपर छलफल गरी निर्णय लिनका लागि संघको चौथो वार्षिक साधारण सभा देहाएको मिति, स्थान र समयमा हुने भएको हुँदा यस संघमा आवद्ध सम्पूर्ण सदस्य संघ संस्थाहरुका प्रतिनिधीज्यूहरुलाई तोकिएको मिति, स्थान र समयमा उपस्थितिका लागि हार्दिक अनुरोध गर्दछौं ।

**साधारण सभा हुने :**

मिति : २०८१ कार्तिक २३ गते शुक्रवार
समय : बिहान ८:०० बजे (प्रतिनिधी नामदर्ता बिहान ७:३० बजे देखि)
स्थान : आनन्द इभेन्ट्स म्यानेजमेन्ट एण्ड मिटिङ, भिमसेनगोला, बानेश्वर, काठमाडौं

**साधारण सभाका प्रस्तावहरु :**

१. निर्णय पुस्तिका प्रमाणिकरण गर्ने प्रतिनिधी चयन सम्बन्धमा ।
२. आर्थिक वर्ष २०८०/०८१ को वार्षिक प्रगति प्रतिवेदन र आ.व २०८१/०८२ को प्रस्तावित नीति तथा कार्यक्रम सम्बन्धमा ।
३. आर्थिक वर्ष २०८०/०८१ को आर्थिक प्रतिवेदन र आ.व २०८१/०८२ को प्रस्तावित बजेट सम्बन्धमा ।
४. आर्थिक वर्ष २०८०/०८१ को लेखा सुपरीवेक्षण समितिको प्रतिवेदन सम्बन्धमा ।
५. आर्थिक वर्ष २०८०/०८१ को बाह्य लेखा परीक्षण प्रतिवेदन सम्बन्धमा ।
६. आन्तरिक नीति तथा कार्यविधीहरु पारित तथा संशोधन सम्बन्धमा ।
७. आ.व २०८१/०८२ को लागि बाह्य लेखा परीक्षकको नियुक्ति र निजको पारिश्रमिक निर्धारण सम्बन्धमा ।
८. सञ्चालक समिति तथा लेखा सुपरिवेक्षण समितिको निर्वाचन सम्बन्धमा ।
९. विविध ।

जिवनराज खड्का
महासचिव

नोट : निर्वाचन सम्बन्धी कार्यतालिका निर्वाचन समितिले पछि प्रकाशन गर्नेछ ।

नोट :
१. साधारण सभामा उपस्थित हुँदा संघ/संस्थाले संघको लागि आधिकारिक प्रतिनिधी तोक्न गरेको निर्णय र संलग्न प्रतिनिधी मनोनयन फारम प्रमाणित गरी पेश गर्नु हुन अनुरोध गर्दछौं । सभाको दिन बिहानको खाजा र दिवा खानाको संघले व्यवस्था गरेको छ । अन्य खर्च संस्था स्वयम्ले व्यहोर्नु पर्नेछ ।
२. आ.व २०८१/०८२ को नियमित बचत २०८१ कार्तिक १० गते भित्र जम्मा गरि संघसंस्था नविकरण गरिसक्नु पर्नेछ ।

लोकेशनका लागि स्क्यान गर्नुहोस ।

www.bagmatiproscun.org.np
Head Office: Banepa-07, Kavrepalanchok, Tel.: 011-665368
Member Service Office: New Baneshwor, Kathmandu, Tel.: 01-5911465
Email: bagmatiproscun@gmail.com

# विषयसूची

| | |
|---|---|
| सघंको चौथो वार्षिक साधारण सभामा प्रस्तुत अध्यक्षको मन्तव्य | १ |
| संघको चौथो वार्षिक साधारण सभा समक्ष प्रस्तुत आ.व.२०८०/०८१ को प्रगति प्रतिवेदन तथा आ.व. २०८१/०८२ का लागि प्रस्तावित कार्ययोजना (नीति तथा कार्यक्रम) | ४ |
| संघको चौथो वार्षिक साधारण सभा समक्ष प्रस्तुत आ.व. २०८०/०८१ को यथार्थ आयव्यय विवरण तथा आ.व. २०८१/०८२ का लागि प्रस्तावित आयव्यय विवरण तथा बजेट | २७ |
| संघको चौथो वार्षिक साधारण सभा समक्ष लेखा सुपरिवेक्षण समितिको तर्फबाट प्रस्तुत आ.व.२०८०/०८१ को आन्तरिक लेखा परीक्षण प्रतिवेदन | ४० |
| आ.व. २०८०/०८१ को लेखा परीक्षण प्रतिवेदन | ४५ |



उद्धव सापकोटा
अध्यक्ष

# अध्यक्षको मन्तव्य

**'सञ्जालमा आवद्ध सदस्यहरुको हित प्रवर्द्धनका लागि बहस पैरवी, सहकारी शिक्षा र तालिमको आयोजना गर्ने, सहकारी अभियानको सुशासनका लागि निरन्तर सुधारात्मक अनुगमन गर्ने, सहकारीमा आवद्ध सदस्यहरुको आर्थिक सबलीकरणका लागि वित्तीय पहुँच अभिवृद्धिका लागि अन्तरलगानी सेवा प्रवाह गर्दै सदस्य संस्थाहरुको विकास, प्रर्वद्धन, सम्वर्द्धन एवम् विस्तार गर्ने उद्देश्य'** ले स्थापित यस बागमती प्रदेश बचत तथा ऋण सहकारी संघ लि.(बागमती प्रोस्कून) को गरिमामय चौथो वार्षिक साधारण सभालाई अत्यन्त महत्व प्रदान गरी आफ्नो अमूल्य समय उपलब्ध गराई सभाको गरिमा वृद्धिका लागि समुपस्थित श्रद्धेय प्रमुख अतिथीज्यू, सभाका विशिष्टी अतिथीज्यूहरु, अतिथीज्यूहरु, संघका सल्लाहकारज्यूहरु, संघका सञ्चालक तथा लेखा सुपरिवेक्षण समितिका पदाधिकारी एवम् सदस्यज्यूहरु, संघका विभिन्न उपसमितिका सदस्यज्यूहरु, प्रमुख कार्यकारी अधिकृत लगाएत संघमा कार्यरत कर्मचारी मित्रहरु, पत्रकार एवम् सञ्चारकर्मी मित्रहरु संघको प्रगतिका लागि प्रत्यक्ष र परोक्ष रुपमा मार्गदर्शन गर्नु हुने, सहयोग गर्नु हुने र बचत तथा ऋण सहकारी अभियानको भविष्य प्रति चिन्तन गर्ने सम्पूर्ण व्यक्ति व्यक्तित्वहरुमा संघको तर्फबाट हार्दिक आभार व्यक्त गर्दै सहकारी अभिवादन व्यक्त गर्दछु ।

विश्वले कोभिड १९ को चरम संकटको सामना गरिरहेको समयमा संस्थागत आकार ग्रहण गरेको संघको सञ्चालन निश्चय पनि चुनौतीपूर्ण थियो । त्यसमा पनि बचत तथा ऋणको क्षेत्रमा उच्च प्रतिष्पर्धी क्षमता भएका सक्षम संघहरुको बलियो पहुँच थियो । अर्को तर्फ देशले संघिय साशन व्यवस्था प्राप्त गरे पनि प्रदेश सरकारहरुले के काम गर्छन र कसरी गर्छन भन्ने कुरा नै अन्योल थियो । सोही संघिय शासनको बलमा जन्म लिएको यस प्रदेश बचत तथा ऋण सहकारी संघले पनि सोही नियति भोग्नु आश्चर्यको कुरा थिएन । हामी माथि केही थान प्रश्न थिए । प्रदेश बचत संघ किन ? यो संघले के गर्छ ? कति वटा संघमा सदस्य बन्ने ? यीनै प्रश्नहरु र अधिक तरलता समस्या, सहकारीका नाममा लुट मच्चाउन खोज्ने केही गलत व्यक्तिहरुको प्रवृत्तिका कारण सहकारीको छवि माथि नै प्रश्न उठेको समयको बीचमा हामीले स्थापनाका ४ वर्ष विताएका छौं ।

हामीले नेतृत्व लिईरहँदा न्यून जनशक्ति, सिमित श्रोत र साधन, शुन्यबाट शुरु गरेर प्रतिष्पर्धी स्थान प्राप्त गर्नु पर्ने चुनौतीको सामना गर्नु पर्दछ भन्ने मात्र सोचेका थियौं तर सिङ्गो कार्यकाल भर हामीले सोचेका भन्दा भिन्न चुनौतीहरुको भोगाईका बीच बित्यो । व्यतित कार्यकाल भर वित्तीय बजार कुनै पनि दिन सामान्य रहेन, कहिले न्यून तरलता चाप, कहिले अधिक तरलताको अवस्थाले वित्त प्रणालीलाई नै चुनौती दिइ नै रह्यो ।

**'प्रत्येक संकट र विपत्ती पछि परिवर्तन सम्भव छ'** यो हाम्रो विश्वास हो । यही विश्वासको जगमा हामीले हाम्रो गतिलाई तीब्रता प्रदान गर्दै आयौं । हाम्रो गतिमा संघको सञ्जालमा आवद्ध सम्पूर्ण सदस्य संघसंस्थाहरुको अतुलनीय साथ, सहयोग, समर्थन र योगदान रह्यो जसले गर्दा ४ वर्ष पूरा गर्दा संघ स्थापनाको औचित्य सावित गर्न हामी सफल भएका छौं भन्ने हाम्रो निष्कर्ष हो । त्यसैले संघको पहिलो कार्यकाललाई हामीले **'पूर्वाधार विकास र संघर्षको चरण'** नामाकरण गरेका छौं । यसका लागि सम्पूर्ण सञ्जाल आवद्ध संघसंस्था र प्रतिनिधीज्यूहरुमा हार्दिक आभार व्यक्त गर्न चाहन्छु ।

शुन्यबाट शुरु भएको संघले चार वर्षमा केही उल्लेख गर्ने उपलब्धीहरु हाँसिल गरेको छ । जसलाई म यहाहरु समक्ष साझा गर्न चाहन्छु ।

- संघको केन्द्रीय कार्यालय विनियम बमोजिम काभ्रेपलाञ्चोक जिल्लाको बनेपा न.पा ७ मा र सदस्य सेवा कार्यालय काठमाडौ जिल्लाको मिनभवनमा स्थापित गरी सेवा प्रवाह गर्दै आईरहेका छौं ।
- संघमा प्रतिष्पर्धी क्षमताको १३ जना कर्मचारी नियुक्ति गरी दैनिक सेवा सूचारु गरिएकोछ ।

- संघ सञ्चालनका लागि १६ वटा नीतिको विकास गरी कार्यन्वयन गरिएकोछ ।
- पहिलो वर्षमा नै रणनीतिक व्यवसायिक योजना निर्माण गरी सोही योजना मुताविकका लक्ष्य प्राप्तीका लागि संघ क्रियाशिल रहेको छ । चालु आ.व सम्ममा ४ वटा वार्षिक योजना निर्माण भई कार्यन्वयन गरिएकोछ ।
- सदस्य संघसंस्थाको सुशासन प्रर्वद्धनका लागि **संगठनात्मक दिगोपन र संस्थागत सेवाहरुको लागि सहकारी स्वःनियमन कार्यक्रम (कोशिस)** Cooperatives self-regulation program for Organizational sustainability and Institutionalized Services (COSIS) कार्यक्रमको विकास गरी बागमती प्रदेश सरकारबाट सचिवस्तरीय निर्णयबाट स्वीकृति गराई ३ वटा समूहमा ३४ वटा संघसंस्था आवद्ध गराई सेवा प्रवाह गर्दै आईरहेकोछ ।
- प्रमाणित लेखा परीक्षक तालिम, ऋण व्यवस्थापन तालिम, संगठनात्मक विकास तालिम, युवाको लागि वित्तीय साक्षरता तालिम, गरिबी बिरुद्धको वित्तीय साक्षरता तालिम र व्यवसायिक रणनीतिक योजना निर्माणको तालिम पाठ्यक्रम तयारी गरी तालिम श्रोतकेन्द्र स्थापना गरिएकोछ ।
- संघको पहुँच १३ वटा जिल्लाको ७६ वटा स्थानीय पालिकाहरुसम्म विस्तार गरिएकोछ ।
- पहिलो वर्षमा नै प्रदेश सहकारी संघ, नेपाल बचत तथा ऋण केन्द्रीय सहकारी संघ लि. (नेफ्स्कून), राष्ट्रिय सहकारी महासंघको सञ्जालमा सञ्जालीकृत भएको छ भने राष्ट्रिय सहकारी बैंकको सदस्य बनेकोछ ।
- एशियाली ऋण महासंघमा आवद्धताको लागि अनुरोध गरिएकोमा चालु वर्षमा सदस्यता प्राप्त हुने संकेत हामीले प्राप्त गरेका छौं ।
- पहिलो वर्ष देखि नै कारोबारमा मुनाफा प्राप्त गरी सदस्य लाभलाई वितरण गर्दै आईरहेकाछौं ।
- ५०० भन्दा बढी सहकारी संस्थाहरुलाई संघको सञ्जालमा आवद्ध गराउन सफल भएका छौं ।
- सदस्यहरुको ३ अर्ब ५० करोड भन्दा बढीको वित्तीय कारोबारको जिम्मेवारी बहन गरेका छौं ।
- सञ्जाल सहकार्यको नविनतम अभ्यासको थालनी गरेका छौं ।
- प्रदेश नियामक निकायसंगको सम्बन्ध सुधिढ र बलियो बनाएका छौं ।
- संघको सञ्जालमा आवद्ध सदस्यहरुको वर्गिकरण गरी सोही अनुसार सेवा प्रवाह गर्ने अवस्थाको पूर्वाधार तयार गरिसकेका छौं । आगामी दिनमा यसैको आधारमा संघको सेवा प्रवाह हुनेमा हाम्रो विश्वास रहेको छ ।

हामीले अभियानका लागि पूरा गर्नु पर्ने अन्य थुप्रै अभिभाराहरु देखि रहेकाछौं । हुँदा खाने र हुने खानेको बिचमा बसेर नाफा खाने वर्ग विरोधी आन्दोलन नै सहकारी आन्दोलन हो । आगामी दिनमा हामीले यस तथ्यलाई व्यवहारमा उतार्नु पर्ने अवस्था छ । त्यसका लागि हामी निरन्तर प्रतिबद्ध र क्रियाशिल रहनेछौं । पदमा हुँदा होस वा नहुँदा होस हामी हाम्रो प्रतिवद्धता भुलेर भ्रमको खेती गर्ने र आफु पद बाहिर बस्दा अरुलाई दोषी मात्र देख्ने दोषी चश्मा लगाएको आँखाले हेर्ने हाम्रो प्रवृत्ति हुने छैन ।

सहकारी अभियान यतिबेला सामान्य अवस्था चलेको छैन् । सहकारीको नाममा लुट मच्चाउने प्रपन्च रचेर सहकारी अभियानमा छिरेका छदमभेसी सहकारी अभियान्ताले गरेको बदमासीका कारण आफ्नो उर्जाशील जीवन नै निस्वार्थ सहकारी अभियानमा समर्पित गर्ने सहकारी अभियान्ताहरुको समर्पणको मूल्य तिर्न अथाहा परिश्रम गर्नु पर्ने बेला आएको छ । अर्को तर्फ सहकारीलाई नराम्रो देखाएर वित्तीय बजारमा एकाधिकार जमाउन र ६० प्रतिशत भन्दा बढी मानिसहरुलाई वित्तीय पहुँचबाट बाहिर पुर्याई निमुखा माथि पैसाको साम्राज्य चलाई शासन गर्न अर्कोथरी मानिसहरु मरिहत्ते गरेर सक्रिय भएकाछन् । यी दुवै अवस्थाबाट अभियानको साख जोगाउनु सामान्य कुरा हुने छैन । त्यसको लागि अझै अभियान जिम्मेवार र जवाफदेही हुनु जरुरी रहेको छ ।

अभियानको रक्षाबाट मात्र सदस्यहरुको बचत र शेयर लगानीको रक्षा गर्न सकिन्छ । वित्तको संवेदशिलतासंग संवेदनहिन भई प्रस्तुत हुने केही व्यक्ति र समूहहरुको कारण चैत्रको हावाहुरीमा फैलिएको डँडोलो जस्तो फैलिएको वित्तीय अराजकताले सदस्यलाई ऋण नतिर्न उक्साउँदा सहकारी अभियान झन संकटमा फसेको छ । यतिबेला सहकारी अभियानले विधीसम्वत लगानी गरेको ऋण अशुलीका लागि राज्यसंग गुहार माग्नु पर्ने बेला आएको छ र हामी चौथो वार्षिक साधारण सभा मार्फत पनि सहकारी संस्थाहरुले विधीसम्बत लगानी गरेको ऋण अशुलीका लागि सम्बन्धित नियामक निकायहरुलाई

सहयोगी बनि सहकारी अभियानको रक्षामा सकारात्मक भूमिका निर्वाह गरिदिनु हुन अपिल गर्दछौं ।

प्रदेश ऐन, नियमावली, मापदण्ड र निर्देशनहरुको कार्यन्वयनमा हामीले हाम्रो सामर्थ्यले भ्याएसम्म बहस पैरवी गरिरहेका छौं । हाम्रो प्रयत्नहरुलाई हामीले हरहालतमा पूरा गर्न हामी प्रतिवद्ध पनि छौं तर निकट भविष्यमा नै संघिय कानुनमा परिवर्तन आउने अवस्था देखिएकोले हामीले नतिजाको लागि भने केही समय कुर्नु पर्ने अवस्था विद्यमान रहेको छ । त्यसैले माथिल्ला संघहरुलाई संघिय ऐन, नियमावली संशोधन तथा कानुनमा भएका प्रावधानहरुलाई कार्यन्वयनमा ल्याउनका लागि अझै प्रभावकारी बहस पैरवी मार्फत छिट्टै सहकारी संकट समाधानमा नेतृत्वदायी भूमिका निर्वाहका लागि पनि हामी आब्हान गर्दछौं । त्यसका लागि प्रदेश बचत तथा ऋण सहकारी संघले गर्नु पर्ने सबै सहयोग गर्न तन मन र बचनले प्रतिबद्ध रहेको छौं ।

अन्तमा, हामीलाई संघको पहिलो कार्यकालको नेतृत्वमा पुऱ्याई बागमती प्रदेशको सहकारी सञ्जालमा महत्वपूर्ण भूमिका खेल्ने अवसर प्रदान गर्नु भएकोमा सम्पूर्ण सञ्जाल आवद्ध सदस्य सहकारी संघसंस्था र प्रतिनिधीज्यूहरुमा हार्दिक आभार व्यक्त गर्दै आगामी कार्यकालका लागि संघलाई अझै उचाई दिन सक्ने सक्षम, जुझारु, कर्तव्यनिष्ठ, जवाफदेही र उत्तरदायी नेतृत्व चयनमा सहयोग गरिदिनु हुन अनुरोधका साथ संघलाई यो स्थानसम्म पुऱ्याउन महत्वपूर्ण भूमिका निर्वाह गर्नुहुने सम्पूण अग्रज व्यक्तित्वहरु, राष्ट्रिय सहकारी महासंघ लि., नेपाल बचत तथा ऋण केन्द्रीय सहकारी संघ लि. (नेफ्स्कून), राष्ट्रिय सहकारी बैंक लि. र बागमती प्रदेश सहकारी संघ लि. लाई हार्दिक धन्यवाद ज्ञापन गर्न चाहन्छु, साथै संघको सञ्जालमा आवद्ध भई संघको आवाश्यक्ता, गरिमा र महत्व वृद्धिमा भूमिका खेल्नु हुने सम्पूर्ण सदस्य संघसंस्थाहरुले खेल्नु भएको भूमिका प्रति आभार व्यक्त गर्न चाहन्छु ।

धन्यवाद । जय सहकारी ! जय बागमती प्रोस्कून !

## बागमती प्रदेश बचत तथा ऋण सहकारी संघ लि. (बागमती प्रोस्कून) को सञ्जाल विस्तारको अवस्था




* कूल स्थानीय तह संख्या - ११९
▲ संघको सञ्जाल विस्तार भएको संख्या - ७६

# चौथो वार्षिक साधारणसभा समक्ष प्रस्तुत आ.व २०८०/०८१ को प्रगति प्रतिवेदन तथा आ.व २०८१/०८२ को लागि प्रस्तवित नीति, कार्यक्रम तथा कार्ययोजना



जिवसराज खड्का
महासचिव

बागमती प्रदेश बचत तथा ऋण सहकारी संघ लि. (बागमती प्रोस्कून) को चौथो वार्षिक साधारण सभाका सभाध्यक्ष एवम् संघका श्रद्धेय अध्यक्षज्यू, प्रमुख अतिथिज्यू, विशिष्ट अतिथीज्यूहरु, अतिथिज्यूहरु, संघका पदाधिकारी एवम् सञ्चालकज्यूहरु, लेखा संयोजक तथा सदस्यज्यूहरु, सल्लाहकारज्यूहरु, संघका विभिन्न उपसमितिका सदस्यज्यूहरु, सदस्य संघसंस्थाबाट पाल्नु हुने प्रतिनिधीज्यूहरु, पत्रकार एवम् सञ्चारकर्मी मित्रहरु तथा संघमा कार्यरत प्रमुख कार्यकारी अधिकृत एवम् कर्मचारी मित्रहरु सबैमा सहकारी अभिवादन व्यक्त गर्न चाहन्छु ।

नेपालको संविधान २०७२ को भाग-५, राज्यको संरचना र राज्यशक्तिको बाँडफाँड अर्न्तगत धारा ५६ को राज्यको संरचनाले राज्यलाई संघ, प्रदेश र स्थानीय तह गरी तीन तहमा विभाजन गरे पश्चात सोही संविधान बमोजिम नेपाल राज्यलाई सात प्रदेशमा विभाजन गरी तीन तहका जनप्रतिनिधीमूलक संरचनाहरु स्थापित भई कार्यान्वयनमा आएका छन् । संघियता कार्यन्वयनसंगै प्रदेशस्तरको विषयगत संघहरु मध्ये सबैभन्दा पहिलो प्रदेश बचत तथा ऋण सहकारी संघको रुपमा यस बागमती प्रदेश बचत तथा ऋण सहकारी संघको मिति २०७७ श्रावण १३ गते दर्ता भएको थियो ।

स्थापनाको ४ वर्ष पूरा गरी पाँचौ वर्ष प्रवेश गरेको यस संघले सात प्रदेश मध्ये पहिलो बचत तथा ऋण सहकारी संघको दर्ताको औचित्य पुष्टी गर्दै प्रचलित कानुनको उद्देश्य प्राप्तीका लागि अनवरत क्रियाशिल रही संघको आन्तरिक व्यवसायिकरण र सञ्जाल सुध्रढीकरणका लागि हाम्रो चार वर्षको पूर्ण कार्यकाल खर्च गरेको छौं । संघको स्थापना त भयो कसरी सञ्चालन होला ? यतिको प्रतिष्पर्धाको समयमा नयाँ संघले कसरी आफ्नो अस्तित्व कायम राख्ला ? भन्ने धेरै अभियान्ताहरुको चिन्तालाई हामीले निवारण गर्न सकेका छौं । यसलाई हामीले हाम्रो कार्यकालको सफलताको रुपमा लिएका छौं ।

हामीले पूरा गरेका ४ वर्ष संघ सञ्चालनका लागि खासै उल्लासमय वर्षहरु रहेनन् पहिलो वर्ष कोभिड-१९ को विश्वव्यापी महामारी, दोश्रो र तेश्रो वर्ष वित्तीय बजारमा तरलताको अभाव र चौथो वर्षमा तरलता सहजहुँदा ऋण लगानीमा आएको संकुचनले सम्पूर्ण वित्तीय क्षेत्रमा नै नकारात्मक प्रभाव परेको छ । यी प्रभावको सामना गर्दै हामीले सदस्यहरुको लगानीको प्रतिफल र सुरक्षाको लागि हरदम जवाफदेहिता कायम राख्नका लागि प्रयत्नशिल रह्यौ र सम्पूर्ण कारोबारलाई सुरक्षित गराउदै प्रतिफलको सुनिश्चितता कायम गर्दै आयौं । संघबाट भएका जति पनि कार्यक्रमहरु संघको योजनाको लक्ष्य प्राप्ती गर्ने, अरुलाई देखाउने र आत्मरतिमा रमाउने हिसाबले सञ्चालन गरेनौं । अभियानको तत्कालिन आवश्यक्ता पूर्ति गर्दै अभियान माथि लागेको कालो बादललाई केही हदमा भने पनि हटाउन सफल भएको हामीले महशुस गरेकाछौं ।

आफ्नो सञ्जालमा आवद्ध भएका सहकारी संस्थाहरुको समस्या समाधानका लागि बहस पैरवी र ज्ञानसीप प्रदान गर्दै दिगो साकोस अभियान बनाउनका लागि संघले खेलको भूमिका यस कार्यकालमा प्रदेशमा मात्र होइन देशमा नै चर्चामा रहेकोछ । यो हाम्रो खुशीको कुरा हो तर भावी दिनमा यसको गरिमा जोगाउन र संघको उचाई वृद्धिमा अझै जिम्मेवारी थप गराएको महशुस गरेका छौं ।

संघको श्रीवृद्धि गर्दै हालको अवस्थामा ल्याउनका लागि हामीलाई विश्वास गरी कारोबार गर्ने र कार्यक्रममा सक्रियतापूर्वक भाग लिई संघको मार्गदर्शन स्वीकार गर्दै अगाडि बढ्ने सम्पूर्ण संघसंस्थाहरु, हामीलाई हौसला, उत्प्रेरणा प्रदान गर्ने, रचनात्मक र सृजनात्मक सल्लाह र सुझाव प्रदान गर्ने विभिन्न उच्च तहमा रही सहकारीको अभियानमा आफ्नो जीवनको अमूल्य समय व्यतित गर्नुहुने सम्पूर्ण आदारणीय व्यक्तित्वहरु, महत्वपूर्ण भूमिका निर्वाह गर्नु हुने तमाम

सदस्य संघसंस्थाहरु, संघको सल्लाहकारज्यूहरु, सञ्चालक समिति, लेखा सुपरिवेक्षण समिति, विभिन्न उपसमितिहरु, संघको व्यवस्थापन समूह, उपल्ला छाता सहकारी संघहरु, नियामक निकाय, सञ्चारकर्मी तथा आम सुभचिन्तक, शुभेच्छुकहरुमा हार्दिक आभार तथा कृतज्ञता ज्ञापन गर्दछु ।

देशभरीका कूल सहकारीहरुको करिब ४० प्रतिशत सहकारी हिस्सा ओगट्ने वागमती प्रदेशमा संघको भूमिका जति गरिएको छ त्यतिले सन्तुष्ट हुने अवस्था रहेको छैन । सहकारी मार्फत सामाजिक न्याय, आर्थिक समानता र सदस्यहरुको सम्वृद्धिमा अहम् भूमिका निर्वाह गर्नका लागि सहकारी संस्थाहरुलाई सशक्त, जीवन्त र सक्षम बनाउने अभिभारा हामी माथि रहेको छ । त्यसमाथि आम जनमानसमा सहकारी प्रति विकास भएको नकारात्मक भावनालाई घटाउदै सहकारीलाई नागरिकको जीवन दर्शनको आर्दश बनाउने चुनौती हामी माथि थपिएको हामीले महशुस गरेका छौं । आगामी दिनमा यी अभिभाराहरु पूरा गर्नका लागि वर्तमान गतिलाई तीव्र बनाउनु पर्नेमा कृतसंकल्पित छौं ।

**अध्यक्षज्यू तथा प्रतिनिधी साथीहरु,**

बागमती प्रोस्कूनले शुरु वर्ष देखि नै सदस्य संघसंस्थाहरुलाई संघबाट पूर्ण सेवा (A 2 Z Service) प्रदान गर्ने उद्देश्यले "सक्षम र पूर्ण सेवाका लागि समर्पित उत्कृष्ट वित्तीय सहकारी सञ्जाल" भन्ने परिकल्पनाका साथ क्रियाशिल रहेको सबैमा अवगत नै छ । संघले सबै योजनाहरु A 2 Z Service को आधारमा नै विकास गरी सोही बमोजिम सेवा प्रदान गर्दै आएको छ । मैले यस प्रतिवेदन मार्फत संघले व्यतित गरेको आ.व २०८०/०८१ मा A 2 Z Service अर्न्तगत निर्माण भएको योजना र योजना बमोजिम गरेको प्रगतिहरुको विवरण र चालु आ.व २०८१/०८२ का लागि पनि A 2 Z Service बमोजिम सञ्चालक समितिले तयार गरेको प्रस्तावित वार्षिक योजना तथा कार्यक्रम निर्णयार्थ प्रस्तुत गर्ने अनुमति चाहन्छु ।

## खण्ड-क

## प्रगति समिक्षा तथा योजना

### पुरस्कार र सम्मान कार्यक्रम (Award and honors program) :

संघ स्थापनाको तेश्रो वर्ष संघको व्यवस्थापन, विकास र प्रर्वद्धनमा महत्वपूर्ण भूमिका खेल्ने देहाएका सदस्य संघसंस्था तथा सहकारी अभियान्ताहरुलाई संघको तेश्रो वार्षिक साधारण सभाको अवसरमा सम्मान पत्र तथा नगद सहित सम्मानित गरिएको थियो । संघको सम्मान तथा प्रोत्साहन नीति बमोजिम यी सम्मान तथा पुरस्कार प्रदान गरिएको थियो ।

**तपसिल**

| क्र.स | सम्मान तथा पुरस्कार विधा | सम्मानित संघसंस्था वा व्यक्तिको नाम | कैफियत |
|---|---|---|---|
| १. | उत्कृष्ट सहकारी अभियान्ता | श्री डि.बि बस्नेत, सञ्चालक राष्ट्रिय सहकारी महासंघ, | |
| २. | उत्कृष्ट जिल्ला बचत संघ | श्री मकवानपुर जिल्ला बचत तथा ऋण सहकारी संघ लि., मकवानपुर | |
| ३. | उत्कृष्ट बचत तथा ऋण सहकारी (मिश्रित) | श्री बिन्ध्यबासिनी साकोस, बनेपा, काभ्रेपलाञ्चोक | |
| ४. | उत्कृष्ट बचत तथा ऋण सहकारी (महिला) | श्री सज्जन महिला साकोस, काठमाडौं | |
| ५. | सहकारी सञ्चारकर्मी | श्री खिलानाथ दाहाल, पूर्व अध्यक्ष सि.जे.एन, | |
| ६. | प्रदेश उत्कृष्ट व्यवस्थापक | श्री कुमार खत्री, व्यवस्थापक, कल्याणकारी साकोस, लुभु, ललितपुर | |
| ७. | संघको उत्कृष्ट कर्मचारी | श्रीमती सानुमैया दाहाल (बञ्जारा) | |
| ८. | उत्कृष्ट पदाधिकारी एवम् सञ्चालक सम्मान (सदस्य संघसंस्था) | श्री भूमिराज खड्का, अध्यक्ष, एकीकृत फ्रेण्डसिप, जिल्ला बचत तथा ऋण सहकारी संघ लि., दोलखा | |
| ९. | उत्कृष्ट सेवा उपयोग सम्मान | मनकामना साकोस, काभ्रेपलाञ्चोक | |
| १०. | उत्कृष्ट लगानीकर्ता सम्मान | श्री जनमुखी साकोस, दोलखा | |
| ११. | उत्कृष्ट बचतकर्ता सम्मान | श्री भक्तपुर जिल्ला बचत तथा ऋण सहकारी संघ लि., भक्तपुर | |

वार्षिक रुपमा उल्लेखित विद्या र थप हुन सक्ने अन्य विद्या समेतबाट संघले निरन्तर पुरस्कार तथा सम्मान गर्ने नीति लिएको व्यहोरा गरिमामय साधारण सभा समक्ष निवेदन गर्न चाहन्छु ।

**यसको सिलसिला स्वरुप चालु आ.व २०८१/०८२ का लागि मिति २०८१ श्रावण १३ गते सम्पन्न चौथो वार्षिकोत्सव तथा पाँचौ स्थापना दिवस समारोहमा विभिन्न १४ विधामा सहकारी अभियानमा आफ्नो जीवनको उर्जाशिल समय खर्च गर्नुहुने अभियानकर्मी तथा सहकारी अभियानमा नमूना योग्य बनाई सहकारी संघसंस्था सञ्चालन गर्ने सहकारी संघसंस्थाहरुलाई पुरस्कार सहित सम्मान गर्ने घोषणा गरिएकोमा आजैको गरिमामय सभामा घोषित व्यक्ति तथा संघसंस्थाहरुलाई पुरस्कार सहित सम्मान गर्ने कार्यक्रम रहेको सभा समक्ष अनुरोध गर्दछु ।**

## दिगो सहकारी सञ्जालका लागि वृहत एकीकरण अभियान (Big Amalgamation campaing for sustainable cooperative network)

संघले आफ्ना सदस्यहरुको दिगो विकास र स्थिरताका लागि अपर्याप्त पूँजी, कमजोर व्यवस्थापकीय क्षमता र उनीहरुमा देखिएको सम्भावनाहरुलाई अध्ययन गरी उक्त अध्ययन पछि संस्थाहरुलाई एकीकृत गरी गुणस्तरीय सेवा प्रवाहलाई सुनिश्चित गर्ने प्रयोजनका लागि संस्थाहरुको आवश्यकता, सञ्चालन क्षमता र व्यवस्थापन सक्षमतको आधारमा एकीकरणका लागि प्रोत्साहन गर्ने तथा एकीकरणका लागि प्राविधिक सहयोग गर्ने नीति लिएको छ । सम्पन्न आ.व मा यस कार्यक्रम अर्न्तगत काभ्रेपलाञ्चोक जिल्ला बेथानचोक गा.पा वडा नं. १ स्थित चक्रेश्वर बचत तथा ऋण सहकारी संस्था लि. र सोही स्थानको श्री नवप्रतिभा बहुमुखी सहकारी संस्था बीच एकीकरणका लागि **एकीकरण जागरण गोष्ठी**को आयोजना गरेको थियो । उक्त गोष्ठी पछि दुई संस्थाहरु बीच एकीकरण समेत सम्पन्न गरी हाल **चक्रेश्वर प्रतिभा बचत तथा ऋण सहकारी संस्था लि.** को नाममा सञ्चालन गर्न बागमती प्रदेश सहकारी महाशाखाले स्वीकृति प्रदान गरि सकेको छ । यसका लागि संघले निशुल्क प्राविधिक तथा व्यवस्थाकिय सहयोग उपलब्ध गराएको थियो ।

**उक्त कार्यक्रमको निरन्तरता स्वरुप चालु आ.व २०८१/०८२ मा पनि कुनै एक सहकारी एकीकरणका लागि जागरण गोष्ठी आयोजना गरी एउटा एकीकरणका लागि प्राविधिक सहयोग गर्ने लक्ष्य संघले लिएको छ । एकीकरणका लागि इच्छुक सहकारी संस्थाहरुले संघबाट नि:शुल्क रुपमा प्राप्त गर्ने सुविधाका लागि लिखित रुपमा पत्राचार गर्नका लागि पनि अनुरोध गर्दछु ।**

## ग्रामीण विकासका लागि सहकारी कार्यक्रम (Credit union for rural development)

संघले विकास गर्ने क्षमता विकास सम्बन्धी सम्पूर्ण पाठ्यक्रममा **नेतृत्वको सामाजिक उत्तरदायित्व** विषयको विषयवस्तु समावेश गरि सहकारीको नेतृत्वले सहकारी मार्फत आफ्ना समुदायका लागि पनि केही योगदान गर्नु पर्दछ भन्ने कुराको ज्ञान प्रसारण गर्ने प्रयन्त गरिएको छ । यस अर्न्तगत संघले विकास गरेको संगठनात्मक विकास तालिम र रणनीतिक व्यवसायिक योजना निर्माणमा उक्त विषयवस्तु समावेश गरी प्रशिक्षण गरिदै आईएको छ ।

**यस कार्यक्रमलाई चालु वर्षको नीति तथा कार्यक्रम मार्फत संशोधन गरी सदस्यहरुको वर्गिकरण** (Categorization/Classification of Member) **कार्यक्रममा रुपान्तरण गरी कार्य आरम्भ गरिएको छ । जस अर्न्तगत सदस्यहरुलाई सबल वर्ग** (Strong Class)**, सकृय वर्ग** (Active Class)**, सुधारात्मक वर्ग** (Correctional Class) **र कमजोर वर्ग** (Weak Class) **मा वर्गिकरण गरी संघको सेवालाई समेत विविधीकरण गरिएको छ । वर्गिकरण अनुसार चालु वर्ष देखि संस्थाहरुले पाउने सेवा सुविधामा समेत विविधता आउने र संघको सञ्जालमा आवद्ध सबै सदस्य संघसंस्थाहरुलाई संघको सेवा सुनिश्चितता रहने अपेक्षा हामीले लिएका छौं ।**

## बचत तथा ऋण सहकारीका लागि तथ्याङ्क केन्द्र (Data Center for SACCOS)

यस कार्यक्रम मार्फत संघले बागमती प्रदेश भित्रका बचत तथा ऋण सहकारी संस्थाहरुको आधिकारिक संख्या, सहकारी अभियानले परिचालन गरेको कूल पूँजी तथा दायित्व, सहकारी अभियानले सिर्जना गरेको रोजगारीको अवस्था लगायतका विषयवस्तुमा समेटेर वस्तुगत विवरणहरु प्रकाशन गर्ने संघको प्रयत्न रहेको थियो तर संघको न्यून जनशक्ति, ११९ वटा स्थानिय सरकार, एक प्रदेश सरकार र एक संघिय सरकारबाट सहज ढंगबाट विवरण प्राप्त हुन नसक्ने अवस्थालाई मध्यनजर गरी प्रदेश सरकारलाई बागमती प्रदेश भित्रको यथार्थ विवरण संकलनका लागि पैरवी गर्ने र संघको तर्फबाट आवश्यक सहयोग प्रदान गर्ने गरी समाप्त भएको आ.व २०८०/०८१ मा यस कार्यक्रमलाई स्थागित गरिएको थियो ।

**चालु वर्ष २०८१/०८२ देखि यस कार्यक्रलाई लायक र उचित परीक्षण (Do "Fit and Proper Test") कार्यक्रममा रुपान्तरण गरिएको छ । यस कार्यक्रम मार्फत योग्य व्यक्तिले मात्र सहकारीको नेतृत्वमा आई सुरक्षित कारोबार गराउन सक्दछ भन्ने भावनाको विकास गराउन संघले प्रयन्त थालेको छ । यसका लागि उपयुक्त सद्रचकहरुको निर्माण गरी उक्त सद्रचकहरुको उपयुक्तता सन्दर्भमा अभियानका संघहरुसंग छलफल गरी प्रयोगका लागि सदस्य संघसंस्थासम्म पुऱ्याउने लक्ष्य संघले लिएको सम्मानित सभा समक्ष जानकारी गराउदछु ।**

## उद्यमशीलता विकास कार्यक्रम (Enterpreneurship Development Program (EDP))

यस कार्यक्रम अन्तर्गत संघले उद्यम विकास कार्यक्रमका लागि विभिन्न निकायहरुसंग परामर्श गरी लघु उद्यम कार्यक्रम विकासका लागि योजना निर्माण गर्ने लक्ष्य लिएकोमा बागमती प्रदेश सरकारसंग यस कार्यक्रम सम्बन्धमा पटक पटक अर्न्तक्रिया र छलफल गरी वातावरण निर्माण गर्ने कार्य गरिएको थियो। त्यसको प्रतिफल संघका निवर्तमान वरिष्ठ उपाध्यक्ष माननीय प्रकाश श्रेष्ठज्यू, उद्योग बाणिज्य, भूमि तथा प्रशासन मन्त्रालयको माननीय मन्त्री रहनु हुँदा संघ मार्फत उद्यमशीलता विकास कार्यक्रम सञ्चालन गर्न बजेट समेत विनियोजन गरिदिनु भएको छ। यसका लागि माननीय मन्त्रीज्यू प्रति संघ कृतज्ञ छ।

**चालु आ.व.मा उद्योग तथा वाणिज्य कार्यालय, काभ्रेपलाञ्चोक माफर्त सञ्चालन हुने गरी महिला उद्यम विकास तालिम कार्यक्रम सञ्चालनका लागि बजेटको सुनिश्चित भएको सभा समक्ष जानकारी गराउन चाहन्छु र सोही बजेट मार्फत सरकारी मापदण्ड अनुसार महिला उद्यम विकास कार्यक्रम संघले चालु आ.वमा सम्पन्न गर्ने लक्ष्य लिएको जानकारी गराउन चाहन्छु ।**

## गरिबी बिरुद्ध वित्तीय साक्षरता कार्यक्रम (Financial Literacy against Poverty)

यस कार्यक्रम अन्तर्गत संघले समाप्त भएको आ.व मा गरिबी बिरुद्धको वित्तीय साक्षरता कार्यक्रम र युवाको लागि वित्तीय साक्षरता कार्यक्रमको प्रशिक्षक प्रशिक्षण गर्ने लक्ष्य लिएकोमा वित्तीय बजारमा आएको प्रभावका कारण सदस्य संघसंस्थाहरुको खर्च गर्न सक्ने क्षमता समेतलाई मध्यनजर गरी स्थगित गरिएको थियो।

**यस कार्यक्रमलाई चालु वर्ष २०८१/०८२ को नीति तथा कार्यक्रम मार्फत वित्तीय सक्षरता कार्यक्रम (Financial Literacy Program) मा रुपान्तरण गरी अघिल्लो देहाएका कार्यक्रम आयोजना गर्ने लक्ष्य लिएको व्यहोरा सम्मानित साधारण सभा समक्ष अनुरोध गर्दछु ।**

**तपसिल**

| क्र.स | कार्यक्रमको नाम | कार्यक्रम संख्या | कार्यक्रम हुने जिल्ला | कैफियत |
|---|---|---|---|---|
| १. | गरिबी विरुद्धको वित्तीय साक्षरता कार्यक्रम प्रशिक्षक प्रशिक्षण | १ | चितवन | पहिलो समूह |
| २. | युवाको लागि वित्तीय साक्षरता कार्यक्रम प्रशिक्षक प्रशिक्षण | १ | काभ्रेपलाञ्चोक | दोश्रो समूह |

## अन्तराष्ट्रिय महिला सञ्जाल विस्तार (Global woman Network extention)

यस कार्यक्रम अन्तर्गत संघले सञ्जालमा आवद्ध भएका महिला सहकारीकर्मीहरुलाई अन्तरीाष्ट्रयस्तरका महिलाहरुको सफलतासंग जोड्दै महिला नेतृत्व र उद्यमशीलतालाई प्रोत्साहन गर्ने योजना राखेको थियो तर अन्तराष्ट्रिय सहकारी अभियानसम्म संघको विस्तारका लागि समाप्त भएको आ.व २०८०/०८१ मा गरिएको प्रयत्न सफल हुन सकेन जसको कारण लक्षित कार्यक्रमहरुले सार्थकता प्राप्त गर्न सकेनन्।

**चालु आर्थिक वर्ष २०८१/०८२ मा हामीले संघको पहुँच एसियाली ऋण महासंघसम्म पुऱ्याउन गरेको प्रयन्तले सार्थकता प्राप्त गर्ने आशाका किरणहरु प्राप्त भएको पनि सभासमक्ष जानकारी गराउदै चालु आ.व २०८१/०८२ मा भने यस कार्यक्रमलाई भौगोलिक महिला सञ्जाल विस्तार (Geographic woman Network extension) कार्यक्रममा रुपान्तरण गरी जिल्लागत महिला सहभागिताको आधारमा भौगोलिक महिला सञ्जाल विस्तारको लागि अन्तरक्रिया कार्यक्रम एउटा र ५ वटा भौगोलिक महिला सञ्जाल विस्तार गर्ने लक्ष्य लिएको छ । सञ्जाल विस्तार पछि संघले महिलाहरु लक्षित कार्यक्रमहरु आयोजना गर्ने तथा महिलाहरुले मात्र सञ्चालन गरेको सहकारी संस्थाहरुलाई तालिम तथा कार्यक्रमको शुल्कहरुमा केही प्रतिशत छुट सुविधा उपलब्ध गराउने लक्ष्य लिएको पनि सभा समक्ष जानकारी गराउन चाहन्छु ।**

## मानव श्रोत विकास (Human Resource Development)

यस कार्यक्रम अन्तर्गत संघले सहकारीको तेश्रो, चौथो र पाँचौ तहमा सेवा प्रवेश गर्न चाहाने प्रतिपर्धीहरुलाई पूर्व सेवा प्रवेशको परामर्श कार्यक्रम-१ र सहकारीमा सेवा प्रवेश गर्न चाहाने युवाहरुलाई अभौतिक प्रोत्साहन कार्यक्रम -१ को आयोजना गर्ने लक्ष्य लिएकोमा सहकारीमा सेवा प्रवेश गर्न चाहाने युवाहरु लक्षित अभौतिक कार्यक्रममा २८ जना युवाहरुले १ हप्तासम्म सञ्चालन भएको कार्यक्रममा भाग लिई लाभ लिएका थिए ।

**चालु आ.वमा यस कार्यक्रम अर्न्तगत सहकारी व्यवस्थापन तालिम (प्रथम तह) को पाठ्यक्रम विकास गरी ४० जना सहकारी कर्मचारी वा भविष्यमा सहकारीमा काम गर्न इच्छुक व्यक्तिहरुलाई ७२ घण्टाको कक्षा सञ्चालन गर्ने तथा सहकारीमा रोजगारीको सम्भावना र अवसर सम्बन्धी १५ घण्टाको उत्प्रेरणा कार्यक्रम कम्तीमा २५ जना कक्षा १२ सकेर बसेका युवाहरु बीच सञ्चालन गर्ने लक्ष्य लिएको व्यहोरा सभा समक्ष अनुरोध गर्दछु ।**

## अन्तरलगानी कार्यक्रम (Inter Landing Program)

यस कार्यक्रम मार्फत समाप्त भएको आ.व मा संघले देहाए बमोजिमको उपलब्धी हाँसिल गरेको सभा समक्ष जानकारी गराउन चाहन्छु ।

| क्र.स | शीर्षक | अघिल्लो आ.वको वास्तविक | एकाई लक्ष्य | वर्षान्तमा पुग्ने लक्ष्य | बर्षान्तमा पुगेको | वास्तविक उपलब्धी | लक्ष्यमा उपलब्धी |
|---|---|---|---|---|---|---|---|
| | | | | | | अंकमा | प्रतिशतमा |
| १. | सदस्यता वृद्धि | ४५१.०० | ११३.०० | ५६४.०० | ४९५.०० | ४४.०० | ३८.९४% |
| २. | शेयर पूँजी | ७१,२५९,८००.०० | २३,८१९,७००.०० | ९५,०७९,५००.०० | ७४,८८८,४००.०० | ३,६२८,६००.०० | १५.२३% |
| ३. | बचत निक्षेप | २,४०९,७१७,०२६.०३ | ६०४,७३१,३२६.९७ | ३,०१४,४४८,३५३.०० | ३,५४०,०५१,४८९.०५ | १,१३०,३३४,४६३.०२ | १८६.९२% |
| ४. | ऋण लगानी | ८२२,५५०,९८२.०० | ७६२,०१४,४८९.५० | १,५८४,५६५,४७२.०० | ३७१,०००,७१६.५८ | (४५१,५५०,२६५.४२) | -५९.२६% |
| ५. | वित्तीय लगानी | १,१३४,२२४,९१३.०० | (२१९,९३०,६३५.९०) | ९१४,२९४,२७७.०६ | २,५५७,२३८,७७१.४३ | १,४२३,०१३,८५८.४३ | -६४७.०३% |
| ६. | सञ्चालन मुनाफा (कर अघि, ऋण सुरक्षण व्यवस्था पछिको) | ११४३२०१९ | १४,५७५,१२१.४३ | २,६१९,२६४.४३ | १६,३०७,००७.०१ | ४,८७४,९८८.०१ | ३३.४५% |
| ७. | कूल सम्पत्ति | २,५१२,०३७,१४२.८५ | ६५७,०९३,८००.१५ | ३,१६९,१३०,९४३.०० | ३,६५६,६६७,३०५.९२ | १,१४४,६३०,१६३.०७ | १७४.१९ |

सम्पन्न आ.व २०८०/०८१ मा वित्तीय क्षेत्रको लगानीमा देखिएको समस्याका कारण संघले पनि ऋण लगानी वृद्धि गर्न नसक्दा अधिकाँश सूचकहरुमा लक्ष्य हाँसिल गर्न कठिनाई भएको थियो तर पनि संघले निरन्तर रुपमा वित्तीय व्यवस्थापनमा अपनाएको सावधानीका कारण निराशाको अवस्थामा भने रहेको छैन ।

**चालु आ.व.मा यस कार्यक्रमलाई आन्तरिक व्यवसायीकरण कार्यक्रम (Internal Commercialization Program) को रुपमा परिवर्तन गरिएको छ । उक्त कार्यक्रम मार्फत देहाए बमोजिमको लक्ष्य लिएको व्यहोरा सम्मानित सभा समक्ष प्रस्तुत गर्दछु ।**

**तपसिल**

**क. वित्तीय लक्ष्य :**

| क्र.स | शीर्षक | हाल कायम | लक्ष्य | चालु आ.वको अन्तमा पुग्ने |
|---|---|---|---|---|
| १. | सदस्य | ४९५ | ९८ | ५७९ |
| २. | शेयर पूँजी | ७४८८८४०० | २४५०९८०० | ९९३९८२०० |
| ३. | बचत निक्षेप | ३५४००५१४८९.०५ | ११८१३६२२०२.३९ | ४७२१४१३६९१.४४ |
| ४. | ऋण लगानी | ३७१०००७१६.५८ | ८७८७०७५१२.६७ | १२८४५६५४७१.५० |
| ५. | वित्तीय लगानी | २५५७२३८७७१.४३ | २४२३४४७४५ | २८२२४६९६७०.४८ |
| ६. | कूल मुनाफा | १४७८४४६८.५३ | २८८३०६४.६७ | २६३८६७५१.३९ |
| ७. | कूल सम्पत्ति | ३६५६६६७३०५.९२ | १२२१८६८६५८.४७ | ४८८७७२९४०६.५० |

**ख. संघको आन्तरिक सुशासन प्रर्वद्धन सम्बन्धी वर्तमान अवस्था तथा भावी लक्ष्यः**

संघले हाल अन्तरलगानी नीति २०७७, मानव संशाधन व्यवस्थापन नीति २०७७, महामारीमा साधारण सभा सञ्चालन कार्यविधी २०७७, आर्थिक तथा प्रशासनिक नीति २०७८, सम्मान तथा पुरस्कार नीति २०७८, सञ्जाल गठन तथा परिचालन नीति २०७८, कोष बाँडफाँड नीति २०७८, निर्वाचन नीति २०७८, तालिम तथा शिक्षा नीति २०७८, गुणस्तर सुनिश्चितता कार्यक्रम नीति २०७८, साधारण सभा सञ्चालन कार्यविधी २०७८, संरक्षित पूँजी फिर्ता कोष वितरण नीति २०७९, सम्पत्ति शुद्धीकरण निवारण ऐन कार्यन्वयन नीति २०७९, संगठन तथा सञ्चालन नीति २०७८ समेत १४ वटा नीति, संघ संचालन गर्न बनेको विनियम २०७६, प्रथम रणनीतिक व्यवसायिक योजना २०७८, प्रचलित सहकारी ऐन, नियमावलीको आधारमा सञ्चालन भई रहेको छ ।

**यस अर्न्तगत संघले चालु आ.व २०८१/०८२ मा देहाए संघको दोश्रो रणनीतिक व्यवसायिक योजना निर्माण र संघ सञ्चालन सम्बन्धी नीतिहरुको विकास र भएका नीतिहरुको अध्यावधिक गर्ने लक्ष्य लिएकोछ ।**

| क्र.स | कृयाकलापहरु | संख्या | लक्षित समूह |
|---|---|---|---|
| १. | संघको दोश्रो रणनीतिक व्यवसायिक योजना निर्माण कार्यशाला | १ पटक | सञ्चालक समिति, लेखा सुपरिवेक्षण समिति, उच्च व्यवस्थापन |
| २. | संघका लागि नीतिहरुको विकास | ४ वटा | आन्तरिक व्यवसाय विकास तथा नियन्त्रण नीति, स्वयसेवी परिचालन नीति, सुशासन नीति, सदस्य वर्गिकरण नीति |
| ३. | संघका यस अधि स्वीकृत नीतिहरु अध्यावधिक | ३ वटा | मानव संशाधन व्यवस्थापन नीति, अन्तरलगानी नीति, सदस्य सम्मान तथा पुरस्कार नीति, |

**ग. मानव संशाधन क्षमता विकासका योजना तथा लक्ष्यहरु :**

सम्पन्न भएको आ.व २०८०/०८१ मा सञ्चालक समिति, लेखा सुपरिवेक्षण समिति, विभिन्न उपसमितिहरु तथा उच्च व्यवस्थापन सहितको अन्तरक्रिया कार्यक्रम तथा उपसमितिहरुको भूमिका विषयक १ दिवसिय गोष्ठी कार्यक्रम सम्पन्न भएको थियो । उक्त कार्यक्रममा संघको सञ्चालक समिति, लेखा सुपरिवेक्षण समिति, विभिन्न उपसमिति र व्यवस्थापन गरी कूल ४२ जनाको उपस्थिति रहेको थियो ।

**चालु आ.व २०८१/०८२ निर्वाचनको वर्ष समेत भएकोले नव निर्वाचित सञ्चालक समिति, लेखा सुपरिवेक्षण समितिलाई बागमती प्रोस्कूनको सञ्चालन संस्कार, संघको वास्तविक अवस्था र संघका सञ्चालकहरुको भद्रमिका र जिम्मेवारी सन्दर्भमा अभिमुखिकरण लगाएतका नेतृत्व विकासका कार्यक्रम र अन्य उल्लेखित कार्यक्रमहरुको लक्ष्य लिईएको सभा समक्ष अनुरोध गर्दछु ।**

| क्र.स | कृयाकलापहरु | संख्या | लक्षित समूह |
|---|---|---|---|
| १. | सञ्चालक समिति अभिमुखिकरण कार्यक्रम | १ पटक | सञ्चालक समिति, लेखा सुपरिवेक्षण समिति, उच्च व्यवस्थापन |
| २. | नेतृत्व क्षमता विकासका लागि The Leadership Bootcamp | १ पटक | सञ्चालक समिति, लेखा सुपरिवेक्षण समिति, उच्च व्यवस्थापन |
| ३. | प्रशिक्षक प्रशिक्षण तालिम | १ पटक | सदस्य सेवा विभाग अन्तगर्त कार्यरत कर्मचारीहरुलाई |
| ४. | अन्तराष्ट्रिय तालिममा सहभागिता | १ पटक | पदाधिकारी एवम् प्रमुख कार्यकारी अधिकृत मध्ये |

## घ. मानव संशाधन व्यवस्थापन (कर्मचारी) योजना :

समाप्त भएको आ.व २०८०/०८१ मा देहाए बमोजिम पद तथा तहमा प्रतिष्पर्धी क्षमताका १३ जना कर्मचारी कार्यरत रहेको कार्यरत रहेका थिए ।

| क्र.स | कर्मचारीको पद | हाल कायम रहेको संख्या | | |
|---|---|---|---|---|
| | | तह | श्रेणी | संख्या |
| १. | प्रमुख कार्यकारी अधिकृत | ९ | प्रथम | १ |
| २. | कार्यक्रम अधिकृत | ६ | तृतीय | २ |
| ३. | व्यवसाय अधिकृत | ६ | तृतीय | १ |
| ४. | सहायक व्यवसाय अधिकृत | ५ | तृतीय | १ |
| ५. | सहायक लेखा अधिकृत | ५ | तृतीय | १ |
| ६. | व्यवसाय सहायक | ४ | तृतीय | १ |
| ७. | सदस्य सेवा सहायक | ४ | तृतीय | १ |
| ८. | व्यवसाय सहायक | २ | तृतीय | १ |
| ९. | सहयोगी | – | - | २ |
| १०. | सुरक्षा गार्ड | – | - | २ |
| जम्मा | | | | १३ |

**चालु आ.व २०८१/०८२ मा अधिकृतस्तर छैटौ तहमा १ जना र सहायक स्तर चौथो तहमा एक जना गरी कूल २ जना कर्मचारी थप गरी कूल १५ जना कर्मचारी पुऱ्याउने लक्ष्य लिईएकोछ ।**

| क्र.स | कर्मचारीको पद | आगामी योजना | | |
|---|---|---|---|---|
| | | तह | श्रेणी | संख्या |
| १. | प्रमुख कार्यकारी अधिकृत | ९ | प्रथम | १ |
| २. | कार्यक्रम अधिकृत | ६ | तृतीय | २ |
| ३. | व्यवसाय अधिकृत | ६ | तृतीय | २ |
| ४. | सहायक व्यवसाय अधिकृत | ५ | तृतीय | १ |
| ५. | सहायक लेखा अधिकृत | ५ | तृतीय | १ |
| ६. | व्यवसाय सहायक | ४ | तृतीय | २ |
| ७. | सदस्य सेवा सहायक | ४ | तृतीय | १ |
| ८. | व्यवसाय सहायक | २ | तृतीय | १ |
| ९. | सहयोगी | – | – | २ |
| १०. | सुरक्षा गार्ड | – | – | २ |
| | जम्मा | | | १५ |

**संघका दुवै कार्यालयमा भेट्रान सेक्यूरिटी कम्पनीसंग सम्झौता गरी १/१ जना सुरक्षा गार्डको व्यवस्था गरिएको छ ।**

## ङ. कार्यालय व्यवस्थापन र स्तरोन्नती:

संघले हाल काभ्रेपलाञ्चोक जिल्ला बनेपा न.पा वडा नं. ७ मा फ्लायाट भाडामा लिई केन्द्रीय कार्यालय सञ्चालन गर्दै आईएको छ भने काठमाडौ जिल्ला का.म.न.पा ३१ मिनभवनमा सदस्य सेवा कार्यालय स्थापना गरी २ वटा कार्यालयबाट सेवा प्रवाह गर्दै आईरहेको छ ।

**चालु आ.व २०८१/०८२ मा मौजुदा केन्द्रीय कार्यालय बनेपामा तपसिलमा उल्लेखित कार्यालय उपकरणहरु तथा काठमाडौ सेवा कार्यालय, मिनभवनमा कार्यकक्ष थप गरी देहाएका कार्यालय सामाग्री तथा उपकरणहरु थप गर्ने लक्ष्य लिईएको छ ।**

### १. केन्द्रीय कार्यालय :

| क्र.स | सामाग्रीको नाम | संख्या | कैफियत |
|---|---|---|---|
| १. | सि सी क्यामेरा थप | २ थान | |
| २. | ल्यापटप | १ थान | |
| ३. | Go AML Software | १ थान | |
| ४. | IRD (vat Billing Software) | १ थान | |
| ५. | CBS System | १ थान | |

### २. सदस्य सेवा कार्यालय, काठमाडौ :

| क्र.स | सामाग्रीको नाम | संख्या | कैफियत |
|---|---|---|---|
| १. | स्मार्ट टिभी (७५ इन्च) | १ थान | |
| २. | दराज | २ थान | |
| ३. | टेबल | ३ थान | |
| ४. | साइड ऱ्याक | ३ थान | |
| ५. | अफिस कुर्सी | ३ थान | |
| ६. | भिजिटर सोफा १० सिटर | ५ थान | |
| ७. | वातानुकुलित यन्त्र (ए.सी) | २ थान | |
| ८. | कार्पेट, पर्दा रंगरोगन | आवश्यक | |
| ९. | ल्यापटप | १ वटा | |
| १०. | प्रिन्टर | १ थान | |

## च. अनिवार्य कार्यक्रमहरु

संघले कानुन बमोजिम आयोजना गर्नु पर्ने र संघ स्थापनाको गरिमाका लागि अनिवार्य सम्पन्न गर्नु पर्ने देहाएका कार्यक्रमहरु सम्पन्न भएको आ.व २०८०/०८१ मा सम्पन्न गरेको थियो ।

क. संघको तेश्रो वार्षिक साधारण सभा मिति २०८० मंसिर १५ गतेको दिन काठमाडौं जिल्ला का.म.न.पा वडा नं. ३१ स्थित बानेश्वर बैंङ्कक्वेटमा कूल नविकरण गरेको ३२५ सदस्य सहकारी संघ संस्था मध्येबाट २४७ वटा सदस्य संघसंस्था वा नविकृत संस्थाको कूल ७६ प्रतिशत सदस्य संघसंस्थाका प्रतिनिधीहरुको उपस्थितिमा सम्पन्न गरिएको थियो । संघको दोश्रो वार्षिक साधारण सभा समितिका अध्यक्ष श्री उद्धव सापकोटाको अध्यक्षता र राष्ट्रिय सहकारी महासंघका **अध्यक्ष श्री मिनराज कंडेल ज्यू**को प्रमुख आतिथ्यतामा सम्पन्न भएको थियो ।

ख. संघको चौथो वार्षिक उत्सव तथा पाँचौं स्थापना दिवस मिति २०८१ श्रावण १३ गतेका दिन काठमाडौ जिल्ला का.म.न.पा वडा नं. ३१ स्थित अर्पण बैंङ्क्वेटमा **राष्ट्रिय सहकारी महासंघका पूर्व अध्यक्ष एवम् पूर्व मन्त्री केशबप्रसाद बडाल**को प्रमुख आतिथ्यता र संघका अध्यक्ष श्री उद्धव सापकोटाको अध्यक्षतामा सम्पन्न गरिएको थियो । कार्यक्रममा विभिन्न जिल्ला भित्रका सदस्य संघसंस्था र संघका पदाधिकारी एवम् सञ्चालक गरी कूल २२५ जनाको उपस्थिति रहेको थियो । कार्यक्रमले संघको स्वीकृत सम्मान तथा पुरस्कार नीति बमोजिम विभिन्न विधामा संघसंस्था तथा व्यक्तिहरुलाई सम्मान घोषणा गरेको थियो । घोषित सम्मानित संघसंस्था तथा व्यक्तिहरुलाई आजै सम्मान तथा पुरस्कार वितरण गर्ने कार्यक्रम समेत रहेको छ ।

**संघले चालु आ.व. का लागि प्रचलित कानुनले व्यवस्था गरेको नियमित साधारण सभा प्रत्येक वर्ष प्रकाशन हुने क्यालेण्डरमा नै तोकेर सोही बमोजिम सम्पन्न गर्दै आएकोमा यस वर्ष पनि तोकिएको समय वा आजैका मितिमा संघको गरिमामय चौथो वार्षिक साधारण सभा सम्पन्न हुँदैछ । त्यसै गरी संघको स्थापना दिवस, राष्ट्रिय सहकारी दिवस र संघको प्रगति एवम् सम्पत्ति शुद्धिकरण निवारण ऐनको व्यवस्था बमोजिमको जोखिम समिक्षा बैठक देहाए बमोजिम सम्पन्न गर्ने कार्ययोजना रहेको सम्मानित सभा समक्ष अनुरोध गर्दछु ।**

| क्र.स | कार्यक्रमको नाम | आयोजना हुने मिति | आयोजना हुने स्थान |
|---|---|---|---|
| १. | चौथो स्थापना दिवस | २०८१ श्रावण १३ गते | काठमाडौ |
| २. | संघको चौथो वार्षिक साधारण सभा | २०८१ कार्तिक २३ गते | काठमाडौ |
| ३. | ६८ औं राष्ट्रिय सहकारी दिवस | २०८१ चैत्र २० गते | काठमाडौ |
| ४. | अर्ध वार्षिक समिक्षा बैठक | २०८१ माघ महिना | काठमाडौं |

### विपन्न वर्गका मानिसहरुका लागि सहकारी मार्फत न्याय (Justice for the extremely poor people through Cooperative)

समाप्त भएको आ.व २०८०/०८१ मा यस कार्यक्रम मार्फत संघले ग्रामीण क्षेत्रमा गरिबी निवारणका लागि प्रभाकारी योजना बनाई कार्यान्वयन गर्ने सहकारी संस्थाहरुलाई कूल ऋण लगानी मध्ये १ करोड रुपैया मात्र ८ प्रतिशतमा लगानी गरी गरिबी निवारणमा सहयोग गर्ने योजना बनाएको भए पनि कुनै पनि सहकारी संस्थाले परियोजना प्रस्ताव पेश नगरेकोले यो शीर्षकमा लगानी गर्न सकिएन ।

**यस कार्यक्रमलाई चालु आ.व २०८१/०८२ को नीति तथा कार्यक्रम मार्फत उल्लेखित कार्यक्रमलाई नियामक निकायसंगको संयुक्त कार्यक्रम (Joint program with Regulatory body) अन्तगर्त कम्तीमा ३ वटा स्थानीय तहसंगको सहकार्यमा सहकारी संस्थाहरुमा स्तरीकरण कार्यक्रम सञ्चालन गर्ने र तीन वटा स्थानीय तहसंगको सहकार्यमा सो स्थानीय तहका लागि तालिम कार्यक्रम सञ्चालन गर्ने लक्ष्य लिईएको सम्मानित सभा समक्ष अनुरोध गर्दछु ।**

### पुस्तकालय मार्फत ज्ञान विकास (प्रविधीमा आधारित श्रव्यदृश्य सहित (Knowledge development through the Library (e-library with audio visual))

समाप्त भएको आ.व २०८०/०८१ मा यस कार्यक्रम मार्फत संघले सञ्चालन गरेको प्रविधिमा आधारित पुस्तकालयमा नमूना नीतिहरु १०, नमूना फारमहरु १० र अध्ययन सामाग्री ५ गरी २५ वटा श्रोत सामाग्रीहरु थप गर्ने लक्ष्य लिएकोमा ४ वटा नीति र ३ वटा नमूना फारमहरु थप गरिएको थियो ।

**चालु आ.व २०८१/०८२ मा पनि संघले सञ्चालन गरेको प्रविधीमा आधारित पुस्तकालयमा नमूना नीतिहरु १०, नमूना फारमहरु १० र अध्ययन सामाग्री ५ गरी २५ वटा श्रोत सामाग्रीहरु थप गर्ने लक्ष्य लिएको सम्मानित सभा समक्ष अनुरोध गर्दछु । यसबाट सदस्य संस्थाहरुका लागि आवश्यक श्रोत सामाग्रीहरुको सहज प्राप्ती हुने अपेक्षा संघले लिएको छ ।**

### नियामक निकायसंग बहस र पैरवी (Lobbying & Advocacy with Regulator)

यस कार्यक्रम अन्तर्गत समाप्त भएको आ.व २०८०/०८१ मा **'सहकारीका साझा सवालमा साझा पहल'** विषयमा गोष्ठी-१, र बागमती प्रदेश प्रथम साकोस समिट-१ गरी २ वटा कार्यक्रम सम्पन्न गर्ने लक्ष्य लिएकोमा सहकारीका साझा सवालमा साझा पहल विषयमा गोष्ठी आयोजना नगरिएको तर बागमती प्रदेश प्रथम साकोस समिट अत्यन्त भव्य रुपमा सम्पन्न गरिएको थियो । विभिन्न ८ वटा विषयवस्तुमा प्रस्तुतीकरण गरी ती विषयवस्तुहरुमा छलफल गरी बागमती प्रदेश भित्रको सहकारी अभियानको सुध्रढीकरणका लागि ९ बुँदे संकल्प प्रस्ताव सहित सम्पन्न भएको थियो । उक्त कार्यक्रममा बागमती प्रदेश भित्रका १३ वटै जिल्लाका सहकारी संघसंस्थाका २८६ जना प्रतिनिधीहरु सहभागी भएका थिए । एउटै ब्यानरमा प्रदेश भरीका सबै जिल्ला बचत तथा ऋण सहकारी संघहरु, प्रदेश बचत तथा ऋण सहकारी संघ र नेफ्स्कून समेत अटाएको यो पहिलो कार्यक्रम रहेको थियो ।

**चालु आ.व २०८१/०८२ को नीति तथा कार्यक्रमले यस कार्यक्रमलाई नियामक निकाय र सञ्जालसंग बहस र पैरवी (Lobbying & Advocacy with Regulator and Network) कार्यक्रम बनाई देहाएका कार्यक्रम गर्ने लक्ष्य लिएको जानकारी यस सभा समक्ष प्रदान गर्दछु ।**

| क्र.स | कार्यक्रमको नाम | संख्या | सहभागी |
|---|---|---|---|
| १. | "बागमती प्रदेशका सहकारी संस्थाको समस्या समाधानका लागि साझा प्रयास" विषयक अन्तरक्रिया गोष्ठी | १ | बागमती प्रोस्कून र जिल्ला बचत तथा ऋण सहकारी संघहरु |
| २. | बागमती प्रदेश सहकारी ऐन, नियमावली संशोधनका लागि सरोकारवालाहरुसंगको गोष्ठी | १ | बागमती प्रोस्कून, प्रदेश सहकारी मन्त्रालय, बागमती प्रदेश सहकारी संघ, जिल्ला बचत संघहरु, नेफ्स्कून |

## सुशासनका लागि अनुगमन (Monitoring for Good Governance)

सहकारी ऐन २०७४ को दफा ९९ को व्यवस्था बमोजिम संघको सञ्जालमा आवद्ध सहकारी संघसंस्थाहरुको अनुगमन गरी निरन्तर सुधारका लागि संघको आ.व २०८०/०८१ मा संघको सञ्चालक समिति तथा लेखा सुपरिवेक्षण समितिमा नेतृत्व गर्ने संघसंस्थाहरुको अनुगमन गरी सुधार गर्ने लक्ष्य अनुसार देहाए बमोजिमका संघसंस्थाहरुको अनुगमन सम्पन्न गरिएको थियो ।

**तपसिल**

| क्र.स | संघसंस्थाको नाम | संघसंस्थाको ठेगाना | प्रतिनिधीको नाम र पद |
|---|---|---|---|
| १. | ज्योति मिर्मिरे सामूहिक साकोस | पनौती न.पा-६, काभ्रे | अध्यक्ष : श्री उद्धव सापकोटा |
| २. | जागरण साकोस | मकवानपुगढी गा.पा-३, मकवानपुर | उपाध्यक्ष : श्री कल्पना श्रेष्ठ |
| ३. | जिल्ला बचत तथा ऋण सहकारी संघ लि. दोलखा | भिमेश्वर न.पा-४, चरिकोट, दोलखा | महासचिव : श्री जिवसराज खड्का |
| ४. | विश्वज्योति साकोस | गोकर्णेश्वर न.पा.-४, जोरपाटी, काठमाडौं | सचिव : श्री गोविन्द काफ्ले |
| ५. | लरेन्स साकोस | का.म.न.पा.-७, चावहिल, काठमाडौं | कोषाध्यक्ष : श्री केशबप्रसाद दंगाल |
| ६. | जनकल्याण साकोस | बेनिघाट रोराङ गा.पा.-३, धादिङ | लेखा संयोजक : श्री देवप्रसाद त्रिपाठी |
| ७. | हाम्रो साकोस | ल.म.न.पा.-६, ललितपुर | सञ्चालक : श्री इन्द्र घिमिरे |
| ८. | चितवन जिल्ला बचत तथा ऋण सहकारी संघ लि. | भरतपुर म.न.पा.-१०, चितवन | सञ्चालक : श्री तेजेन्द्रबहादुर खड्का |
| ९. | रामेछाप जिल्ला बचत तथा ऋण सहकारी संघ लि. | मन्थली न.पा.-१, रामेछाप | सञ्चालक : श्री जगन्नाथ दाहाल |
| १०. | स्पष्ट साकोस | का.म.न.पा.-७, चावहिल, काठमाडौं | सञ्चालक : श्री ठाकुरप्रसाद बाँस्कोटा |
| ११. | भक्तपुर जिल्ला बचत तथा ऋण सहकारी संघ लि. | सूर्यविनायक न.पा.-८, भक्तपुर | सञ्चालक : श्री कृष्णगोविन्द लाखाजु |
| १२. | विन्ध्बासिनी साकोस | पनौती न.पा १०, खोपासी, काभ्रे | सञ्चालक : श्री प्रदिप थापा |
| १३. | श्री बचत तथा ऋण सहकारी संघ लि. रसुवा | गोसाईकुण्ड गा.पा.-६, धुन्चे, रसुवा | सञ्चालक : श्री ओमप्रसाद आचार्य |

| | | | |
|---|---|---|---|
| १४. | सिन्धुली जिल्ला बचत तथा ऋण सहकारी संघ लि. | कमलामाई न.पा.-५, सिन्धुली | सञ्चालक : श्री कृष्णहरी कोइराला |
| १५. | पाँचतारा साकोस | का.म.न.पा-३२, पुरानो सिनामंगल, काठमाडौं | सञ्चालक : श्री राधा कडरिया |
| १६. | शिक्षकहित साकोस | चौतारासाँगाचोकगढी न.पा.-५, चौतारा, सिन्धुपाल्चोक | सञ्चालक : श्री कृष्णप्रसाद सुवेदी |
| १७. | ग्रामीण विकास साकोस | शंखरापुरा न.पा.-३, पुखुलाक्षी, काठमाडौं | लेखा सुपरिवेक्षण समिति सदस्य : श्री रमिला श्रेष्ठ |
| १८. | पञ्चकन्या साकोस | विदुर न.पा.-२, बट्टार, नुवाकोट | नि.लेखा सुपरिवेक्षण समिति सदस्य : श्री रमेश श्रेष्ठ |

उल्लेखित बाहेक संघले विकास गरेको कोशिस स्तरीकरण कार्यक्रममा आवद्ध सहकारी संस्थाहरुको पनि नियमित अनुगमन गरिएको छ ।

**चालु आ.व २०८१/०८२ मा यस कार्यक्रम अर्न्तगत देहाए बमोजिमका कम्तीमा ३० वटा सहकारी संस्थाहरुको अनुगमन गरी सुधारका लागि दिशानिर्देश गर्ने लक्ष्य निर्धारण भएको साधारणसभा समक्ष जानकारी गराउदछु ।**

**तपसिल**

| क्र.स | अनुगमन क्षेत्र | संख्या | कैफियत |
|---|---|---|---|
| **१.** | **संघको सञ्चालक समिति र लेखा सुपरिवेक्षण समिति उपसमितिका नव निर्वाचित भएर आउने पदाधिकारी एवम् सञ्चालकहरुले प्रारम्भिक संस्था तथा जिल्ला बचत तथा ऋण सहकारी संघ लि.** | **निर्वाचित भएको आधारमा** | |
| **२.** | **जोखिममा आधारित अनुगमन** | **२० वटा** | |
| **३.** | **नियामक निकायसंगको सहकार्यमा अनुगमन** | **तोकिए बमोजिम** | |

## सञ्जाल सहकार्य र साझेदारी कार्यक्रम (Network cooperation and Collaboration)

बागमती प्रदेश भित्रका बचत तथा ऋण सहकारी संस्थाहरुको श्रोतकेन्द्रको रुपमा बागमती प्रोस्कूनलाई स्थापित गराउँदै बचत तथा ऋण सहकारी सञ्जालले प्रवाह गर्ने सेवाको गुणस्तर वृद्धि तथा सुरक्षित कारोबार गरी दीगो साकोस अभियान बनाउनका लागि सम्पन्न भएको आ.व २०८०/०८१ कम्तीमा ७ वटा जिल्ला बचत तथा ऋण सहकारी संघसंग सहकार्यका लागि सम्झौता गर्ने लक्ष्य लिईएकोमा तोकिएको मितिमा सम्पन्न गर्न नसके पनि देहाएका जिल्ला बचत तथा ऋण सहकारी संघहरुसंग चालु आ.वको देहाएका मितिमा सम्झौता सम्पन्न भएको व्यहोरा साधारण सभा समक्ष अवगत गराउन चाहान्छु ।

तपसिल

| क्र.स | संघहरुको नाम | सम्झौता भएको मिति | कैफियत |
|---|---|---|---|
| १. | काठमाडौ जिल्ला बचत तथा ऋण सहकारी संघ लि. | २०८१ श्रावण १२ गते | |
| २. | रामेछाप जिल्ला बचत तथा ऋण सहकारी संघ लि. | २०८१ श्रावण १२ गते | |
| ३. | दोलखा जिल्ला बचत तथा ऋण सहकारी संघ लि. | २०८१ श्रावण १२ गते | |
| ४. | सिन्धुली जिल्ला बचत तथा ऋण सहकारी संघ लि. | २०८१ श्रावण १२ गते | |
| ५. | रसुवा जिल्ला बचत तथा ऋण सहकारी संघ लि. | २०८१ श्रावण १२ गते | |
| ६. | मकवानपुर जिल्ला बचत तथा ऋण सहकारी संघ लि. | २०८१ भाद्र ०८ गते | |
| ७. | सिन्धुपाल्चोक जिल्ला बचत तथा ऋण सहकारी संघ लि. | २०८१ असोज १८ गते | |
| ८. | धादिङ जिल्ला बचत तथा ऋण सहकारी संघ लि. | २०८१ असोज २० गते | |

**चालु आ.व २०८१/०८२ मा यस कार्यक्रम मार्फत जिल्ला बचत तथा ऋण सहकारी संघहरुसंग साझेदारी नीति बमोजिमका कार्यक्रमका अतिरिक्त देहाएका कार्यक्रमहरु सम्पन्न गर्ने लक्ष्य लिएको व्यहोरा साधारण सभा समक्ष जानकारी गराउन चाहन्छु ।**

**तपसिल**

| क्र.स | कार्यक्रम | लक्ष्य संख्या | कैफियत |
|---|---|---|---|
| १. | जिल्ला बचत तथा ऋण सहकारी संघको रणनीतिक व्यवसायिक योजना निर्माणमा सहयोग (२ दिन) | २ वटा | मागको आधारमा निःशुल्क प्राविधिक सहयोग |
| २. | चाल आ.व मा निर्वाचित सञ्चालकहरुका अभिमुखिकरण कार्यक्रममा सहयोग (१ दिन) | १० वटा | मागको आधारमा निःशुल्क सहजीकरण |
| ३. | जिल्ला बचत तथा ऋण सहकारी संघको आयोजना र बागमती प्रोस्कूनको प्राविधिक सहयोगमा जिल्लास्तरीय अन्तरक्रिया तथा गोष्ठीमा सहयोग | ५ वटा | मागको आधारमा निःशुल्क सहजीकरण |
| ४. | सञ्जाल सहकार्य र साझेदारी सम्झौता | ८ वटा | सम्झौता गर्न तयार भएका जिल्ला बचत तथा ऋण सहकारी संघहरु संघको अवधारणा बमोजिम |

## समष्टीगत प्रमाणीकरण सेवा (Overall Verification Service)

सहकारी संस्थाहरु स्वःनियमनमा चल्नु पर्ने विश्वव्यापी मान्यता रहेको छ । यस मान्यता अनुसार नै संस्था चल्दा सहकारीमा जस्तोसुकै विपत्ती आउँदा पनि कुनै किसिमको समस्या पैदा हुदैन तर स्वनियमनको अर्थ आफुले चाहे झैं, आफुले भने झैं, आफ्नै तजबिज र मनोमानीमा सबै काम गर्न पाउनु पर्छ भन्ने मान्यताले जरो गाड्नु निश्चय पनि दुःखको कुरा हो । यहि गलत विश्वासलाई निस्तेज गर्नका लागि संघले विकास गरेको समस्टीगत प्रमाणिकरण सेवा मार्फत समाप्त भएको आ.व २०८०/०८१ मा २३ वटा सहकारी संस्थाहरुमा आन्तरिक लेखा परीक्षण शाखा स्थापनाका लागि पहल गर्ने र Certify Internal auditor Training लिएका परीक्षकहरुलाई पुर्नःताजगी तालिम प्रदान गर्ने लक्ष्य लिएकोमा उक्त कार्यक्रम सम्पन्न गर्न सकेको छैन ।

**चालु आ.वमा यस कार्यक्रम अन्तर्गत संघले देहाएका कृयाकलापहरु सञ्चालन गरी सहकारी संस्थाहरुले आफ्नो सुधारका लागि आफैंले दक्षता हाँसिल गर्ने र स्वनियमनको सुगन्ध भित्र रहेको स्वनियन्त्रण विधीलाई आफैंले पद्रर्ण पालना गरी सुरक्षित रहने वातावरण निर्माण गराउने उद्देश्य सहित उल्लेखित लक्ष्यहरु लिएको साधारण सभा समक्ष जानकारी गराउन चाहन्छु ।**

**तपसिल**

| क्र.स | कृयाकलापहरु | लक्षित संख्या | कैफियत |
|---|---|---|---|
| १. | आन्तरिक लेखा परीक्षण शाखा स्थापनाका लागि सुझाव | पहिलो समूहमा आवद्ध सदस्यहरु | |
| २. | प्रमाणित आन्तरिक लेखा परीक्षक पुर्नताजगी तालिम (१ दिन) | पहिलो समूहमा आवद्ध सहभागीहरु | |
| ३. | प्रमाणित आन्तरिक लेखा परीक्षक तालिम (४ दिन) | २५ जना | १ वटा |

## प्रोस्कून साझेदारी कार्यक्रम (PROSCUN Partnership Program)

संघले अन्य सेवा प्रदायहरुसंगको सहकार्यमा सदस्य संघसंस्थाहरुलाई नयाँ सेवामा जोड्नका लागि यो कार्यक्रमको विकास गरेको छ । समाप्त भएको आ.व २०८०/०८१ मा यस कार्यक्रम मार्फत विद्युतिय रुपमा हुने कारोबारलाई सरलीकृत गराउनका लागि कम्तीमा १०० वटा सहकारी संघसंस्थाहरुलाई एन.सि.एच.एल मार्फत कर्पोरेट पे भुक्तानी सेवामा जोड्ने लक्ष्य लिएको थियो । उक्त कार्यक्रम मार्फत संघले सदस्य संघसंस्थाहरुलाई विभिन्न समयमा सञ्चालन

भएका कार्यक्रमहरु मार्फत, वेवसाईट मार्फत, फेसबुक पेज मार्फत र स्थलगत भ्रमण मार्फत पनि जानकारी दिने काम सम्पन्न गरेको छ। संघकै कारणले कर्पोरेट पे मा जोडिएको सहकारी संघसंस्थाको संख्या एकिन नभए पनि यस कार्यक्रम मार्फत कम्तीमा २५ वटा सहकारी संस्थाहरु कर्पोरेट पे मा जोडिएको हामीले अनुमान गरेको छौं।

**चालु आ.व २०८१/०८२ मा यस कार्यक्रम मार्फत थप अन्य क्षेत्रका सेवाहरु समेतमा सदस्य संघसंस्थालाई जोड्ने प्रयत्न गर्ने लक्ष्य संघले लिएको छ । बीचमा बसेर नाफा खाने वर्ग विरोधी आन्दोलन नै सहकारी अभियान भएको हिसाबले सहकारी संघहरुले सेवाको नाममा कमिसन खानु हुँदैन भन्ने संघको स्पष्ट बुझाई हो । यस बुझाई अनुसार गुणस्तरीय सेवा प्रदायकहरुसंग संघले साझेदारी गरी सदस्य संघसंस्थाहरुलाई उचित मद्रल्यमा सेवा उपलब्ध गराउनुका साथै सेवा सुधारका लागि संघले सहजीकरण गर्न सक्ने गरी सम्झौता गरी उक्त सेवा उपयोगमा सदस्य संघसंस्थाहरुलाई उत्प्रेरणा गर्ने उद्देश्य संघले राखेकोछ ।**

**तपसिल**

| क्र.स | कार्यक्रम | साझेदार योग्यता | कैफियत |
|---|---|---|---|
| १. | एप्लीकेशन सफ्टवेयर | आइ.एस.ओ सर्टिफाइ कम्पनी | उपयुक्त सेवा प्रदायक कम्पनीसंग |
| २. | गो. ए. एम सफ्टवेयर | आइ.एस.ओ सर्टिफाइ कम्पनी | उपयुक्त सेवा प्रदायक कम्पनीसंग |
| ३. | बीमा (ऋण/निर्जिवन बीमा/स्वास्थ्य बीमा) | उच्चतम भुक्तानी सक्षमता | उपयुक्त बीमा कम्पनीहरुसंग |
| ४. | प्राविधिक तालिमहरु | प्राविधिक विषयवस्तुहरु | NIB **(Fake note Detection, Credit Risk Management, Goaml Reporting),**<br>Audit firm **(NFRS / System Audit / Tax audit / Risk Audit/ certification audit/ compliance audit and other review engagement)** |

## गुणस्तर सुनिश्चितता कार्यक्रम (Quality Assurance Program)

सहकारी संस्थाहरुमा स्वःअनुसासन र स्वःउत्तरदायित्व विकासका लागि कोशेढुंगा सावित भएको स्तरीकरण कार्यक्रममा अधिक सहकारी संस्थाहरुलाई आवद्ध गराई सहकारी संस्थाहरु दिगोपना विकास, स्वःनियमन प्रर्वद्धन र सञ्चालन सक्षमता विकासमा योगदान पुऱ्याउने उद्देश्यले विकास गरिएको **संगठनात्मक दिगोपन र संस्थागत सेवाहरुको लागि सहकारी स्वःनियमन कार्यक्रम (कोशिस) Cooperatives self-regulation program for Organizational sustainability and Institutionalized Services (COSIS)** कार्यक्रममा संस्थाहरुलाई सहभागी गराउने, उनीहरुका लागि नियमित अनुगमन गरी पृष्ठपोषण गर्ने एवम् दिशानिर्देश गर्ने काम संघले सञ्चालन गर्दै आईरहेको छ। समाप्त भएको आ.व २०८०/०८१ को अन्तसम्ममा देहाए बमोजिमका सहकारी संस्थाहरु यस कार्यक्रममा आवद्ध भई आफुलाई निरन्तर सुधारमा लागि रहेको व्यहोरा जानकारी गराउन चाहन्छु।

**तपसिल**

| क्र.स. | संस्थाको नाम | ठेगाना |
|---|---|---|
| १ | प्रोभिजन साकोस | का.म.न.पा-३१, बानेश्वर, काठमाडौं |
| २ | कुम्भेश्वर महिला साकोस | ललितपुर म.न.पा-११, कुम्भेश्वर |
| ३ | स्पष्ट साकोस | का.म.न.पा-७, चावहिल, काठमाडौं |
| ४ | लरेन्स साकोस | का.म.न.पा-७, चावहिल, काठमाडौं |
| ५ | शिक्षक हित साकोस | चौतारा साँगाचोकगढी-५, चौतारा, सिन्धुपाल्चोक |
| ६ | महिला मातृशिशु साकोस | सुनकोशी-७, पाग्रेटार, सिन्धुपाल्चोक |
| ७ | आत्मनिर्भर साकोस | सुनकोशी-६, पाटीडाँडा, सिन्धुपाल्चोक |
| ८ | सामूहिक परिवर्तनशील महिला | का.म.न.पा-१३, कालीमाटी, काठमाडौं |

| | | |
|---|---|---|
| ९ | आयाम साकोस | बनेपा-७, चारदोबाटो, काभ्रेपलाञ्चोक |
| १० | एकीकृत ठोकर्पा साकोस | सुनकोशी-१, ठोकर्पा, सिन्धुपाल्चोक |
| ११ | चक्रेश्वर साकोस | बेथानचोक-१, च्याम्राङबेशी, काभ्रेपलाञ्चोक |
| १२ | श्रीलाभ साकोस | का.म.न.पा-२२, न्यूरोड, काठमाडौं |
| १३ | रिजर्ब साकोस | का.म.न.पा-१०, नयाँ बानेश्वर, काठमाडौं |
| १४ | जोरपाटी साकोस | गोकर्णेश्वर-६, जोरपाटी, काठमाडौं |
| १५ | विश्वज्योती साकोस | गोकर्णेश्वर-६, जोरपाटी, काठमाडौं |
| १६ | अरनिको मजदुर साकोस | का.म.न.पा-३१, काठमाडौं |
| १७ | नेचुरल साकोस | गोकर्णेश्वर-६, बौद्ध, काठमाडौं |
| १८ | उज्यालो सम्पद साकोस | का.म.न.पा-७, चावहिल, काठमाडौं |
| १९ | भद्रबास साकोस | कागेश्वरी मनोहरा-३, भद्रबास, काठमाडौं |
| २० | स्मार्ट साकोस | गोकर्णेश्वर-६, जोरपाटी, काठमाडौं |
| २१ | दुप्चेश्वर साकोस | गोकर्णेश्वर-४, माकलबारी, काठमाडौं |
| २२ | नवचौतर्फि साकोस | गोकर्णेश्वर-५, जोरपाटी, काठमाडौं |

उल्लेखित संस्थाहरुलाई २ समूहमा विभाजन गरी संघले सेवा प्रवाह गरिरहेको छ। सम्पन्न भएको आ.व २०८०/०८१ मा उल्लेखित सहकारी संस्थाहरुमा ६० पटक स्थलगत अनुगमन (Onsite Visit) र ८ वटा सार्थक एवम् प्रभावकारी सहयोग र नविनता व्यवस्थापन कार्यशाला (Worth and Effective Cooperation and Novelty Management Workshop) वटा सम्पन्न भएको छ।

**चालु आ.व २०८१/०८२ मा यस कार्यक्रमलाई वृहत बनाउदै लैजाने उद्देश्यले संघको सञ्जालमा आवद्ध भएका सबै जिल्ला बचत तथा ऋण सहकारी संघहरुलाई पनि कार्यक्रममा समावेश गर्न समुह निर्माण गरी प्रदेश बचत तथा ऋण सहकारी संघले जिल्ला बचत संघलाई प्राविधिक ज्ञान तथा सञ्चालन सक्षमताका लागि सहजीकरण गर्ने र जिल्ला बचत संघहरु मार्फत जिल्ला बचत तथा ऋण सहकारी संघहरुले सिकेको ज्ञान र सीपलाई सो जिल्लाका प्रारम्भिक संस्थासम्म पुऱ्याउने लक्ष्य राखेको छ र सो लक्ष्य अनुसार हालसम्म देहाएको प्रगतिसमेत भई सकेका छन् ।**

**तपसिल**

**१. प्रारम्भिक कार्यशाला :**

| क्र.स | कार्यक्रम | सहभागी संख्या |
|---|---|---|
| १. | **सार्थक एवम् प्रभावकारी सहयोग र नविनता व्यवस्थापन कार्यशाला** (Worth and Effective Cooperation and Novelty Management Workshop) Initial We can workshop | **रसुवा बाहेकका सबै जिल्ला बचत तथा ऋण सहकारी संघहरु** |

**२. कार्यक्रमका लागि सम्झौता जिल्ला बचत तथा ऋण सहकारी संघहरु :**

| क्र.स. | संघको नाम | ठेगाना |
|---|---|---|
| १ | **काठमाडौं जिल्ला बचत तथा ऋण सहकारी संघ लिमिटेड (कास्कून)** | **का.म.न.पा-७, चावहिल, काठमाडौं** |
| २ | **काभ्रेपलाञ्चोक जिल्ला बचत तथा ऋण सहकारी संघ लि.** | **बनेपा-७, चारदोबाटो, काभ्रेपलाञ्चोक** |
| ३ | **चितवन जिल्ला बचत तथा ऋण सहकारी संघ लि.** | **भरतपुर-१०, भरतपुर, चितवन** |
| ४ | **जिल्ला बचत तथा ऋण सहकारी संघ लि., मकवानपुर** | **हेटौडा उ.म.न.पा.-२, शान्तिपथ** |
| ५ | **दोलखा जिल्ला बचत तथा ऋण सहकारी संघ लि.** | **भिमेश्वर-३, चरिकोट, दोलखा** |

| | | |
|---|---|---|
| ६ | रामेछाप जिल्ला बचत तथा ऋण सहकारी संघ लि. | मन्थली-१, मन्थलीबजार, रामेछाप |
| ७ | सिन्धुली बचत तथा ऋण सहकारी संघ लि. | कमलामाई-६, १ नम्बर बजार, सिन्धुली |
| ८ | भक्तपुर जिल्ला बचत तथा ऋण सहकारी संघ लि. | सूर्यविनायक न.पा-८, कटुञ्जे, भक्तपुर |
| ९ | सिन्धुपाल्चोक जिल्ला बचत तथा ऋण सहकारी संघ लि. | चौतारा साँगाचोक गढी -५, सिन्धुपाल्चोक |
| १० | धादिङ जिल्ला बचत तथा ऋण सहकारी संघ लि. | निलकण्ठ न.पा -३, धादिङ |
| ११ | नुवाकोट जिल्ला बचत तथा ऋण सहकारी संघ लि. | विदुर न.पा-२, नुवाकोट |

**यस कार्यक्रम अर्न्तगत संघले चालु आ.व मा देहाएका कार्यक्रमहरुको लक्ष्य लिएकोछ ।**

**तपसिल**

| क्र.स | कार्यक्रमको नाम | संख्या | कैफियत |
|---|---|---|---|
| १. | कोशिस (COSIS) कार्यक्रमको अभिमुखिकरण कार्यक्रम | ५ वटा | |
| २. | कोशिस (COSIS) कार्यक्रमका लागि साकोससंग सम्झौता | २८ वटा | |
| ३. | We can workshop | १८ वटा | |
| ४. | स्थलगत निरिक्षण | १०० पटक | |

## विपत्तीमा शीघ्र उद्धार कार्यक्रम (Rapid rescue from distress)

सदस्य सहकारी संस्थाहरुमा अप्रत्यासित रुपमा आउने समस्याहरुको समाधानमा सहयोग पुऱ्याउने उद्देश्यले संघले यस कार्यक्रम मार्फत देहाएका कार्यक्रमहरु सञ्चालन गर्ने लक्ष्य राखेकोमा समाप्त भएको आ.व २०८०/०८१ मा तोकिएको मापदण्ड भित्र विपत्ती परी जानकारी प्राप्त नभएकोले कुनै पनि सदस्य संस्थालाई सहयोग प्रदान गरिएको छैन ।

**चाल आ.व २०८१/०८२ का लागि पनि यो कार्यक्रमलाई देहाए बमोजिम नियमित राखिएको व्यहोरा सम्मानित साधारण सभा समक्ष अनुरोध गर्दछु ।**

**तपसिल**

| क्र.स | कृयाकलाप | मापदण्ड | सुविधा |
|---|---|---|---|
| १. | चोरी भई नगदको क्षती भएमा | १० करोड भन्दा साना सहकारीहरु | १५० के.जीको सेफ |
| २. | आगलागी, प्राकृतिक विपत्ती | सम्पूर्ण कागजपत्र नोक्शान भएमा | कम्प्यूटर |
| | | ५ लाखसम्मको सामान क्षती भएमा | प्रिन्टर |

## सहकारी संगालो (Sahakari Sangalo)

संघका गतिविधीहरु सदस्य संघसंस्था, अभियान तथा नियामक निकायसम्म पुऱ्याउन तथा सहकारी क्षेत्रमा कलम चलाउने विषय विज्ञहरुको प्राविधिक विषयवस्तु तथा अनुभव र अशल अभ्यासहरु समेटी अर्धवार्षिक रुपमा प्रत्येक **सहकारी संगालो** नामक संघको मुखपत्रको रुपमा बुलेटिन प्रकाशन गर्ने लक्ष्य अनुसार तेश्रो वार्षिकोत्सव तथा चौथो स्थापना दिवसको अवसरमा वर्ष १ अंक १ र तेश्रो वार्षिक साधारण सभाको अवसरमा वर्ष १ अंक २ प्रकाशन गरिएको थियो ।

**चालु आ.व २०८१/०८२ मा पनि संघले यस कार्यक्रमलाई निरन्तरता दिई वर्ष २ अंक ३ संघको चौथो वार्षिकोत्सव तथा पाँचौ स्थापना दिवसको अवसरमा र वर्ष २ अंक ४ आजैका मितिमा प्रकाशन भईसकेको व्यहोरा गरिमामय साधारण सभा समक्ष निवेदन गर्दछु ।**

## तालिम तथा शिक्षा कार्यक्रम (Training and Education)

संघमा आवद्ध संघसंस्थाहरुको क्षमता विकास, सहकारी अभियानका अशल अभ्यासहरुको प्रारम्भिक सहकारी संस्थाहरुसम्म सम्प्रेषण गर्नका लागि संघले समाप्त भएको आ.व २०८०/०८१ मा देहाएका श्रोत सामाग्री विकासको लक्ष्य लिएकोमा देहाए बमोजिम सफलता हाँसिल गरेको छ ।

| क्र.स | श्रोत सामाग्रीको | | लक्ष्य प्राप्तीको अवस्था |
|---|---|---|---|
| | नाम | किसिम | |
| १. | गरिबी बिरुद्धको वित्तीय साक्षरता | तालिम | तयार भएको |
| २. | ऋण व्यवस्थापन (ऋण लगानी देखि अशुलीसम्म) | तालिम | तयार भएको |
| ३. | व्यवस्थापक क्षमता अभिवृद्धि | तालिम | तयार नभएको |
| ४. | सघन अनुगमन | फारम | तयार भएको |
| ५. | जोखिममा आधारित अनुगमन | फारम | तयार भएको |
| ६. | प्रारम्भिक तथ्याङ्क संकलन | फारम | तयार भएको |
| ७. | विस्तृत तथ्याङ्क संकलन | फारम | तयार भएको |
| ८. | साधारण सभा सञ्चालन निर्देशिका | निर्देशिका | तयार नभएको |

संघ आफैंले विकास गरेको श्रोत पुस्तिकाको आधारमा र विशिष्टकृत संघसंस्थाहरुले विकास गरेको पाठ्यक्रममा आधारित रही विभिन्न १७ वटा तालिमको आयोजना गर्ने लक्ष्य लिएकोमा ऋण व्यवस्थापन तालिम ३ वटा मात्र सम्पन्न गर्न सफल भएका छौं । सम्पन्न भएको आ.व मा सदस्य संस्थाहरुमाथि परेको वित्तीय चापको अवस्थालाई समेत मध्यनजर गरी लक्षित तालिम कार्यक्रमहरु स्थगित गरिएको थियो ।

**चाल आ.व २०८१/०८२ मा तालिम तथा शिक्षा र अनुसन्धानको क्षेत्रमा संघमा आवद्ध संघसंस्थाहरुको क्षमता विकास, सहकारी अभियानका अशल अभ्यासहरुको प्रारम्भिक सहकारी संस्थाहरुसम्म सम्प्रेषण गर्ने हेतुले देहाएका तालिम शिक्षाका कार्यक्रमहरु सञ्चालन गर्ने लक्ष्य लिएको व्यहोरा साधारण सभा समक्ष अनुरोध गर्दछु ।**

## (क) श्रोत सामाग्री विकास :

| क्र.स | श्रोत सामाग्रीको | | तयार गरी सक्ने अवधी | तयार गर्ने जिम्मेवारी |
|---|---|---|---|---|
| | नाम | किसिम | | |
| १. | रणनीतिक व्यवसायिक योजना निर्माण पाठ्यक्रम | तालिम | आ.व भित्र | प्र.का.अ/विज्ञ समूह |
| २. | सहकारी व्यवस्थापन पाठ्यक्रम (प्रथम तह) | तालिम | आ.व भित्र | प्र.का.अ/विज्ञ समूह |

## (ख) तालिम कार्यक्रमहरु

| क्र.सं. | तालिमको नाम | संख्या | आयोजनाको किसिम | कैफियत |
|---|---|---|---|---|
| १. | ऋण व्यवस्थापन तालिम | २ | गैह्र आवसिय | |
| २. | व्यवस्थापक क्षमता अभिवृद्धि तालिम (महिला व्यवस्थापकहरु लक्षित) | १ | आवासिय | |
| ३. | NFRS अनुशिक्षण | २ | गैह्र आवसिय | |
| ४. | NFRS व्यवहारिक तालिम | १ | गैह्र आवसिय | |
| ५. | युवाको लागि वित्तीय प्रविधी (Fintech) तालिम | १ | गैह्र आवसिय | |
| ६. | जाली नोट पहिचान तालिम | १ | गैह्र आवसिय | |
| ७. | सम्पत्ति शुद्धिकरण निवारण कार्यन्वयन सम्बन्धी अनुशिक्षण | २ | गैह्र आवसिय | |
| जम्मा तालिम तथा अभिमुखिकरण | | ११ | | |

**उल्लेखित तालिम कार्यक्रमहरु संघ आफुले विकास गरेको पाठ्यक्रम भए आन्तरिक श्रोतबाट र अन्य प्राविधिक विषयवस्तु भएमा प्रोस्कून साझेदारहरुबाट सम्पन्न गरिनेछ ।**

## एकरुपता प्रणाली कार्यक्रम (Unification Program)

नेपालको बचत तथा ऋण अभियानको पहिचान, एकरुपता र ऐक्यवद्धता झल्काउदै सञ्जालमा आवद्ध रहेको र आवद्धताको कारण सुरक्षित सहकारी संस्था सञ्चालन गरेको झल्काउने गरी नेपाल बचत तथा ऋण केन्द्रीय सहकारी संघ लि. (नेफ्स्कून) ले परिकल्पना गरेको साकोस एकरुपता प्रणालीलाई संस्थासंस्थासम्म पुऱ्याउन संघले विगतका वर्षहरु देखि नै यो कार्यक्रमलाई अनुसरण गर्दै आईरहेको छ । समाप्त भएको आ.व २०८०/०८१ मा संघले सञ्चालन गरेको स्तरीकरण कार्यक्रममा आवद्ध सदस्य संस्थाहरुलाई एकरुपता प्रणाली कार्यान्वयनमा जोडि क्रमशः प्रकाशनहरु, कार्यालयको रंगरोगनहरुमा परिवर्तन गर्दै आएको छ ।

**चाल आ.व २०८१/०८२ मा पनि संघले आफुले विकास गरेको स्तरीकरण कार्यक्रममा आवद्ध भएका सहकारी संस्थाहरुलाई पहिलो प्राथमिकतामा राखी साकोस एकरुपता प्रणाली लागु गर्नका लागि प्रेरित गर्ने तथा क्रमशः स्तरीकरण कार्यक्रम आवद्ध नभएका सदस्यहरुमा समेत साकोस एकरुपता प्रणाली पुऱ्याउन प्रयत्न गर्ने लक्ष्य लिएको सभा समक्ष अनुरोध गर्दछु,**

**तपसिल**

| क्र.स | कार्यक्रमको नाम | लक्षित संख्या | सञ्चालन प्रकृया |
|---|---|---|---|
| १. | दृष्यमा एकरुपता<br>• कर्मचारी पोशाक<br>• लेटरप्याड लगाएतका प्रकाशन सामाग्रीहरु<br>• कार्यालयको रंगरोगन | ४० वटा | कोशिस कार्यक्रममा आवद्ध सबै सहकारी संस्थाहरु |

## योग्य सहकारी शिक्षाको लागि भ्रमण कार्यक्रम (Visit for cooperative worthy education)

सहकारीका सञ्चालक समिति, लेखा सुपरिवेक्षण समिति, उपसमितिहरु र व्यवस्थापन सहकारी सम्बन्धी पर्याप्त ज्ञान र सीप सहित शिक्षित हुनु पर्दछ । औपचारिक रुपमा सहकारी शिक्षा प्राप्त गर्ने अवस्था विद्यमान नरहेकोले सहकारी अभियानकर्मीहरुले अरुले गरेको अशल अभ्यासको अवलोकनबाट पनि सिक्नु जरुरी रहेको छ । त्यसैका लागि संघले यो कार्यक्रमको विकास गरेको हो । यस कार्यक्रम अन्र्तगत संघले समाप्त भएको आ.व २०८०/०८१ मा सहकारी संघसंस्थाका २५ जना व्यवस्थापकहरुलाई अवलोकन भ्रमण १ पटक र सहकारी संघसंस्थाका २५ जना सञ्चालकहरुको अवलोकन भ्रमण १ पटक गर्ने लक्ष्य लिईएको भए तापनि वित्तीय बजारको प्रभावका कारण यी कार्यक्रमहरु सम्पन्न गर्न सकिएको छैन ।

**चालु आ.व २०८१/०८२ मा पनि अधिल्लो आ.वको कार्यक्रमलाई निरन्तरता प्रदान गरि २ वटा भ्रमण कार्यक्रम र सिकाई आदानप्रदानको लक्ष्य राखिएको व्यहोरा सम्मानित साधारण सभा समक्ष जानकारी गराउदछु ।**

**तपसिल**

| क्र.स | कार्यक्रम | लक्षित समूह | भ्रमणको उद्देश्य र विषय | भ्रमण स्थान |
|---|---|---|---|---|
| १. | संघ तथा साकोस व्यवस्थापकहरुको अध्ययन अवलोकन भ्रमण | साकोस तथा संघमा व्यवस्थापन प्रमुखको जिम्मेवारी लिने प्र.का.अ. वा व्यवस्थापकहरु | सफल व्यवस्थापनको औजार हरुको विकास र अनुभव आदनप्रदान | राष्ट्रिय, अन्तराष्ट्रिय |
| २. | सदस्य संघसंस्थाका सञ्चालकहरुको अध्ययन अवलोकन भ्रमण | साकोस तथा संघका सञ्चालक समिति तथा लेखा सुपरिवेक्षण समितिको जिम्मेवारी लिने पदाधिकारी एवम् सदस्यहरु | साकोस तथा संघको नेतृत्व क्षमता विकास तथा साकोसहरुको सफल व्यवसायिकरणमा सहयोग | राष्ट्रिय, अन्तराष्ट्रिय |

## सहकारी सदस्यको आजिवन जीवन सुरक्षा कार्यक्रम (whole-life Security of cooperative Member)

सहकारीले सदस्यलाई नछुने कुनै पनि कृयाकलाप गर्दैन । सदस्यका सबै आवश्यक्ता परिपूर्ति एकै पटक गर्न नसके पनि क्रमशः सबै आवश्यक्ता परिपूर्ति गर्नका लागि सहकारी संस्था तत्पर रहनु पर्दछ र सदस्यले सहकारी संस्थामा

सदस्य बने बापत आफु सुरक्षित भएको महसुस गर्नु पर्दछ भन्ने कुरालाई आत्मसाथ गर्दै संघले सहकारीका सदस्यहरुलाई जन्मदेखि मृत्यसम्म सुरक्षाका लागि जिम्मेवार बनाउने उद्देश्यले यो कार्यक्रमको विकास गरेको हो । समाप्त भएको आ.व २०८०/०८१ मा यस कार्यक्रम मार्फत सदस्य संस्थाहरुलाई ऋण बीमा कार्यक्रममा जोड्ने लक्ष्य राखेकोमा उक्त कार्यका लागि संघले सिटिजन लाइफ इन्स्योरेन्स कम्पनीसंग सम्झौता गरी बीमा कम्पनी मार्फत बीमा गराउदै आएको छ ।

**चालु आ.व २०८१/०८२ मा यस कार्यक्रमलाई सदस्य संस्थाहरुसम्म पुऱ्याउनका लागि सदस्य सुरक्षा सम्बन्धी रणनीतिहरु सहितको अभिमुखिकरण कार्यक्रम आयोजना गर्ने लक्ष्य लिइएको छ । यसका लागि प्रोस्कून पार्टनरसीप कार्यक्रम मार्फत थप बीमा कम्पनीहरुसंग समेत सम्झौता गरी बीमा कम्पनीले नियमानुसार प्रदान गर्ने कमिशन बीमा प्रिमियममा घटाई न्यद्रनतम प्रिमियमबाट अधिकतम सेवा प्राप्त गर्ने अवस्थाको सृजना गर्ने रणनीति संघले लिएको छ ।**

**तपसिल**

| क्र.स | कार्यक्रमको नाम | लक्षित समूह | लक्ष्य संख्या | कार्यन्वयन प्रकृया |
|---|---|---|---|---|
| १. | सदस्य सुरक्षा कार्यक्रम सम्बन्धी अभिमुखिकरण | संघमा आवद्ध सदस्य संस्थाहरु | १ वटा | सदस्य सुरक्षा कार्यक्रमहरु सञ्चालन नगरेका सहकारी संस्थाहरुको भेलामा नमूना प्रर्दशन तथा प्रशिक्षण |

## सहकारी मार्फत सत्कारपूर्ण संस्कृतिको विकास ((X)Genial culture development from cooerative)

सहकारी अभियान्तालाई उनीहरुको व्यक्तित्व, जीवन दर्शन, बोलिबचन, समयको पालना जस्ता आदर्शबाट समुदायले चिन्नु पर्दछ । आफुले गरेको सबै कारोबार पारदर्शी बनाउने, बोलेको कुरा व्यवहारमा लागु गर्ने, कानुन, नीति नियमको पालनामा आनाकानी नगर्ने, वास्तविक कुरा नबुझि कसै प्रति आलोचना वा टिप्पणी नगर्ने, जहिले पनि मर्यादित भाषाहरु प्रयोग गर्ने, समयमा उपस्थित हुने र समयसम्म बस्ने बानीको विकास गराउदै सहकारी अभियानलाई आदर्श बनाउनका लागि यो कार्यक्रमको विकास गरिएको हो ।

**चाल आ.व २०८१/०८२ मा पनि यो कार्यक्रम मार्फत देहाएका विषयवस्तुहरु सहकारी अभियान्ताको चिनारी र संस्कार स्थापित गराउने उद्देश्यले लक्ष्य राखिएकोछ ।**

| क्र.स | कृयाकलापहरु | विकास गरिने संस्कृति |
|---|---|---|
| १. | समयको प्रयोग | तोकिएको समय भन्दा अगावै |
| २. | कार्यालय भाषा | आदारार्थी, औपचारिक र मर्यादित |
| ३. | टिप्पणी वा आलोचना | स्वस्थ, मर्यादित र सुधारात्मक |
| ४. | पोशाक | औपचारिक, सफा, चटक्क मिलेको |

## युवा नेतृत्व विकास (Youth Ledership development)

सहकारी संघसंस्थाको नेतृत्व विकास भविष्यको चुनौतीको विषय हो । युवाहरुको विदेश मोहका कारण दक्ष जनशक्तिको अभाव बढ्दै गइरहँदा भविष्यमा सहकारी संस्थाहरुको नेतृत्व गर्ने व्यक्तिको नै अभाव हुने सम्भावना एकातिर छ भने युवालाई समयमा नै नेतृत्व सम्बन्धी ज्ञान प्रवाह नगर्दा भविष्यमा समेत जोखिम देखिएकोले सबै सहकारी संस्थाहरुमा कम्तीमा ४० वर्ष भन्दा कम उमेर समूहबाट नेतृत्वको सुनिश्चित गर्नका लागि अभियान चलाउने उद्देश्यले यो कार्यक्रम राखिएको हो । समाप्त भएको आ.व मा संघले प्रवाह गरेको तालिम तथा कार्यशालाहरुमा युवा संलग्नताको सन्दर्भमा विषयवस्तुमा छलफल चलाईएको थियो ।

**चालु आ.व. मा युवा नेतृत्व विकासका लागि देहाएका कृयाकलापहरु सञ्चालन गर्ने लक्ष्य संघले लिएको छ ।**

**तपसिल**

| क्र.स | कार्यक्रमको नाम | सञ्चालन प्रकृया |
|---|---|---|
| १. | नयाँ नेतृत्व चयन गर्ने सहकारी संस्थामा कम्तीमा १ जना युवा नेतृत्वको लागि अनुरोध गर्ने | पत्राचार गर्ने |
| २. | संस्थाको कूल सदस्यमा कम्तीमा १५ प्रतिशत युवा सहभागिताका लागि जागरण अभियान सञ्चालन गर्ने | निरन्तर प्रशिक्षित गर्दै जाने |

## प्रोस्कुनसंग शुन्य समय (Zero hour with PROSCUN)

बागमती प्रोस्कूनको सेवा प्रवाहमा सुधार गर्नु पर्ने अवस्था, सेवामा थप गर्नु पर्ने विषयवस्तुहरु, सेवामा जोडिदा प्राप्तहुने लाभहरु तथा तत्समयको सहकारीका समस्याहरुका विषयमा अनौपचारिक छलफल गर्नका लागि कुनै औपचारिक फोरमको आवश्यक्ता पर्दैन । सदस्यले कार्यक्रम बाहेक पनि जुनसुकै समयमा पनि बागमती प्रोस्कूनका पदाधिकारी एवम् सञ्चालकहरुलाई सेवा सम्बन्धी गुनासो राख्न सक्ने र सदस्यको गुनासोको आधारमा सेवामा सुधार ल्याउनका लागि यो कार्यक्रम विकास गरि समाप्त भएको आ.व २०८०/०८१ मा देहाएका लक्ष्य निर्धारण गरिएकोमा देहाए बमोजिमको कार्यप्रगति हाँसिल गरिएको छ ।

**तपसिल**

| क्र.स | कार्यक्रमको नाम | सञ्चालन प्रकृया | कैफियत |
|---|---|---|---|
| १. | प्रोस्कून पदाधिकारी संग सहकारी | मासिक रुपमा तोकिएको १ दिन, संघका कार्यालयमा | |
| २. | अनौपचारिक भेटघाटमा प्रोस्कून | जुनसुकै सञ्चालकले जनुसुकै दिन जहातहाँ | |
| ३. | प्रोस्कून सेवा अभिमुखिकरण | विभिन्न जिल्लामा ब्यानर कार्यक्रमका रुपमा | |
| ४. | सहकारी पत्राकारहरुको वित्तीय बुझाई अभिवृद्धि कार्यक्रम | सहकारी क्षेत्रमा कलम चलाउने पत्रकारहरुको क्ष( मता विकास तालिम | |

### १. प्रोस्कून पदाधिकारीसंग सहकारी :

यस कार्यक्रम अन्तगर्त संघको सदस्य सेवा कार्यालयमा सदस्यले चाहेको बेलामा भेट्न सकिने वातावरण मिलाईएको र नियमित रुपमा भेटघाटको अवसर प्रदान गरिदै आईएको छ ।

### २. अनौपचारिक भेटघाटमा प्रोस्कून :

यस कार्यक्रम मार्फत संघका पदाधिकारी एवम् सञ्चालकज्यूहरु अनौपचारिक रुपमा काठमाडौं, ललितपुर, भक्तपुर, काभ्रेपलाञ्चोक, मकवानपुर, चितवन लगाएतका जिल्लाहरुका ३१ वटा सदस्य संघसंस्थाहरुको अनौपचारिक भेटघाट र छलफल गर्नु भएको थियो ।

### ३. प्रोस्कून सेवा अभिमुखिकरण :

संघले के कस्ता सेवाहरु कसरी उपलब्ध गराउदैछ भन्ने विषयमा सदस्यहरुलाई जानकारी दिनु संघको दायित्व हो भन्ने भावनाका साथ देहाए बमोजिम बागमती प्रोस्कून सेवा अभिमुखिकरण कार्यक्रम सम्पन्न गरिएकोछ ।

**तपसिल**

| क्र.स | कार्यक्रम भएको स्थल | कार्यक्रम भएको मिति | सहभागी संख्या |
|---|---|---|---|
| १. | शुभप्रभात सहकारी संस्थाको सभाहल, बाह्रविसे, सिन्धुपाल्चोक | २०८१ वैशाख ९ | २७ जना |
| २. | मेलम्ची रिभरसाइड होटल, मेलम्ची, सिन्धुपाल्चोक | २०८१ वैशाख १० | ३५ जना |
| ३. | बागमती प्रोस्कून सदस्य सेवा कार्यालय, मिनभवन | २०८१ वैशाख ११ | २६ जना |
| ४. | बागमती प्रोस्कून सदस्य सेवा कार्यालय, मिनभवन | २०८१ वैशाख ३० | १७ जना |

### ४. सहकारी पत्रकारहरुको वित्तीय बुझाई अभिवृद्धि कार्यक्रम :

संघले सहकारी पत्रकार समाज मार्फत सहकारी एवम् वित्तीय क्षेत्रमा कलम चलाउने ३७ जना पत्रकारहरुका लागि सहकारीका वित्तीय सूचकहरु, प्रतिवेदनको अध्ययनबाट सहकारी संस्थाहरुको अवस्था पहिचान गर्ने तरिका, लेखा परीक्षण प्रतिवेदनको अध्ययन र संस्थाको कमजोरी तथा सबल पक्षहरु पहिचान गर्ने वस्तुगत तरिकाको बारेमा राष्ट्रिय सहकारी बैंक लि. का प्रमुख कार्यकारी अधिकृत सिए बद्रीकुमार गुरागाई र संघका प्रमुख कार्यकारी अधिकृत केशबप्रसाद दाहालबाट वित्तीय बुझाई अभिवृद्धि सम्बन्धी प्रशिक्षण गराएको थियो ।

**चालु आ.व २०८१/०८२ मा यस कार्यक्रमलाइ निरन्तरता प्रदान गरी देहाए बमोजिमको लक्ष्य निर्धारण गरिएको व्यहोरा यस गरिमामय साधारण सभा समक्ष अनुरोध गर्दछु ।**

**तपसिल**

| क्र.स | कार्यक्रमको नाम | सञ्चालन प्रकृया | लक्ष्य संख्या | कैफियत |
|---|---|---|---|---|
| १. | प्रोस्कून पदाधिकारी संग सहकारी | मासिक रुपमा तोकिएको १ दिन, संघका कार्यालयमा | २५ वटा | |
| २. | अनौपचारिक भेटघाटमा प्रोस्कून | जुनसुकै सञ्चालकले जनुसुकै दिन जहातहाँ | ७५ वटा | |
| ३. | प्रोस्कून सेवा अभिमुखिकरण | विभिन्न जिल्लामा ब्यानर कार्यक्रमका रुपमा | ५ वटा | |

चालु आ.व २०८१/०८२ का लागि संघले लिएको लक्ष्य प्राप्तीको मुख्य आधार संघको सञ्जालमा आवद्द सम्पूर्ण सहकारी संघसंस्थाहरु हुन । विश्वास छ अघिल्ला वर्षहरुमा जस्तै तमाम सदस्य संघसंस्थाहरुले संघबाट महत्वका साथ सेवा उपयोग गरी संघलाई सेवा दिने अवसर प्रदान गर्नु नै हुनेछ ।

## खण्ड-ख

## प्रतिनिधीमूलक अङ्गहरुको सक्रियता

समाप्त भएको आ.व २०८०/०८१ मा संघको सञ्चालक समिति तथा लेखा सुपरिवेक्षण समिति एवम् समितिको कार्यलाई प्रभावकारी बनाउनका लागि गठन गरिएका उपसमितिहरुको बैठक देहाए बमोजिम बसी निर्णयहरु लिईएको छ ।

**तपसिल**

### १. समिति उपसमितिहरुको सक्रियता :

| क्र.स | समिति/उपसमितिको नाम | बैठक संख्या | | | | संख्या | औषत उपस्थित दर | |
|---|---|---|---|---|---|---|---|---|
| | | नियमित | विशेष | संयुक्त | जम्मा | | जना | प्रतिशत |
| १. | सञ्चालक समिति | ६.०० | २.०० | २.०० | १०.०० | १७ | १३.९ | ८१.७६ |
| २. | पदाधिकारी समिति | ०.०० | १२.०० | ०.०० | १२.०० | ६ | ४.२४ | ७०.८३ |
| ३. | लेखा सुपरिवेक्षण समिति | ८.०० | ०.०० | ०.०० | ८.०० | ३ | २.७५ | ९१.६६ |
| ४. | शिक्षा तथा तालिम उप-समिति | १.०० | ०.०० | ०.०० | १.०० | ५ | ४ | ८०.०० |
| ५. | अन्तर लगानी उप-समिति | ४.०० | ०.०० | ०.०० | ४.०० | ३ | २.७५ | ९१.६६ |
| ६. | सेवा केन्द्र व्यवस्थापन उपसमिति | २.०० | ०.०० | ०.०० | २.०० | ५ | ३ | ६०.०० |
| ७. | योजना तथा नीति निर्माण उपसमिति | १.०० | ०.०० | ०.०० | १.०० | ३ | ३ | १००.०० |
| ८. | महिला सशक्तिकरण उपसमिति | १.०० | ०.०० | ०.०० | १.०० | ६ | ४ | ६६.६६ |
| ९. | अनुगमन तथा समन्वय उपसमिति | २.०० | ०.०० | ०.०० | २.०० | ५ | ४.५ | ९०.०० |
| १०. | सदस्य सेवा उपसमिति | १.०० | ०.०० | ०.०० | १.०० | ५ | ४ | ८०.०० |
| ११. | सूचना तथा सञ्चार उपसमिति | २.०० | ०.०० | ०.०० | २.०० | ५ | ३.५ | ७०.०० |
| १२. | उद्यमशिलता विकास उपसमिति | ०.०० | ०.०० | ०.०० | ०.०० | ५ | ०.०० | ०.०० |
| १३. | युवा उपसमिति | ०.०० | ०.०० | ०.०० | ०.०० | ५ | ०.०० | ०.०० |

## २. नेतृत्वको बैठकमा उपस्थिति :

| क्र.स | व्यक्तिको नामथर | बहाल रहेको पद | बैठक संख्या | | | | कैफियत |
|---|---|---|---|---|---|---|---|
| | | | नियमित | विशेष | संयुक्त | जम्मा | |
| १. | श्री उद्धव सापकोटा | अध्यक्ष | ६ | २ | २ | १० | |
| २. | श्री प्रकाश श्रेष्ठ | वरिष्ठ उपाध्यक्ष | २ | ० | १ | ३ | ०८० चैत्र १९ मा राजिनामा |
| ३. | श्री कल्पना श्रेष्ठ | महिला उपाध्यक्ष | ६ | २ | २ | १० | |
| ४. | श्री जिवसराज खड्का | महासचिव | ६ | २ | २ | १० | |
| ५. | श्री गोविन्दप्रसाद काफ्ले | सचिव | ५ | २ | २ | ९ | |
| ६. | श्री केशबप्रसाद दंगाल | कोषाध्यक्ष | ५ | २ | १ | ८ | |
| ७. | श्री इन्द्र घिमिरे | सञ्चालक सदस्य | ६ | २ | २ | १० | |
| ८. | श्री तेजेन्द्रबहादुर खड्का | सञ्चालक सदस्य | ५ | १ | २ | ८ | |
| ९. | श्री जगन्नाथ दाहाल | सञ्चालक सदस्य | ५ | १ | २ | ८ | |
| १०. | श्री ठाकुरप्रसाद बास्कोटा | सञ्चालक सदस्य | ६ | २ | २ | १० | |
| ११. | श्री कृष्ण गोविन्द लाखाजु | सञ्चालक सदस्य | ५ | २ | २ | ९ | |
| १२. | श्री प्रदिप थापा | सञ्चालक सदस्य | ३ | १ | २ | ६ | |
| १३. | श्री ओमप्रसाद आचार्य | सञ्चालक सदस्य | ४ | २ | २ | ८ | |
| १४. | श्री कृष्णहरी कोइराला | सञ्चालक सदस्य | ५ | २ | २ | ९ | |
| १५. | श्री राधा कडरिया | सञ्चालक सदस्य | ६ | २ | २ | १० | |
| १६. | श्री तारानाथ सापकोटा | सञ्चालक सदस्य | २ | ० | १ | ३ | |
| १७. | श्री कृष्णप्रसाद सुवेदी | सञ्चालक सदस्य | ५ | १ | २ | ८ | |

## ३. लेखा सुपरिवेक्षण समितिको बैठकमा उपस्थिति :

| क्र.स | व्यक्तिको नामथर | बहाल रहेको पद | बैठक संख्या | | | | कैफियत |
|---|---|---|---|---|---|---|---|
| | | | नियमित | विशेष | संयुक्त | जम्मा | |
| १. | श्री देवप्रसाद त्रिपाठी | संयोजक | ३ | ० | २ | ५ | |
| २. | श्री रमेश श्रेष्ठ | सदस्य | २ | ० | ० | २ | २०८१ जेठ ७ गते |
| ३. | श्री रमिला श्रेष्ठ | सदस्य | २ | ० | १ | ३ | |

## ४. आतिथ्यता ग्रहण :

संघमा औपचारिक पत्र मार्फत संघको सञ्जालमा आवद्ध भएका सहकारी संघसंस्थाहरुले आफ्नो वार्षिक साधारण सभाका लागि आमन्त्रण गर्नु भएको आतिथ्यता देहाए बमोजिमका पदाधिकारी एवम् सदस्यहरु र व्यवस्थापन समेतबाट कूल ६१ वटा सहकारी संस्थाहरुमा आतिथ्यता जनाईएको थियो । जसको विवरण देहाए बमोजिम रहेकोछ ।

| क्र.सं. | नाम थर | पद | अतिथीको किसिम | | | जम्मा |
|---|---|---|---|---|---|---|
| | | | प्रमुख | विशिष्ट | अतिथी | |
| १ | उद्धव सापकोटा | अध्यक्ष | २ | १ | ११ | १४ |
| २ | प्रकाश श्रेष्ठ | वरिष्ठ उपाध्यक्ष | ० | ० | ० | ० |
| ३ | कल्पना श्रेष्ठ | महिला उपाध्यक्ष | १ | ४ | १ | ६ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ४ | जिवसराज खड्का | महासचिव | ८ | ४ | २ | १४ |
| ५ | गोबिन्द प्रसाद काफ्ले | सचिव | १ | १ | ८ | १० |
| ६ | केशब प्रसाद दंगाल | कोषाध्यक्ष | ० | १ | २ | ३ |
| ७ | इन्द्र घिमिरे | सञ्चालक सदस्य | ० | ० | २ | २ |
| ८ | तेजेन्द्र खड्का | सञ्चालक सदस्य | ० | १ | १ | २ |
| ९ | जगन्नाथ दाहाल | सञ्चालक सदस्य | ० | ० | ० | ० |
| १० | ठाकुर प्रसाद बास्कोटा | सञ्चालक सदस्य | ० | ० | ४ | ४ |
| ११ | कृष्ण गोविन्द लाखाजु | सञ्चालक सदस्य | ० | ० | २ | २ |
| १२ | प्रदिप थापा | सञ्चालक सदस्य | ० | ० | ० | ० |
| १३ | ओम प्रसाद आचार्य | सञ्चालक सदस्य | ० | ० | ० | ० |
| १४ | कृष्णहरि कोइराला | सञ्चालक सदस्य | १ | ० | १ | २ |
| १५ | राधा कडेरिया | सञ्चालक सदस्य | ० | ० | ० | ० |
| १६ | कृष्ण प्रसाद सुवेदी | सञ्चालक सदस्य | ० | ० | ० | ० |
| १७ | तारानाथ सापकोटा | सञ्चालक सदस्य | ० | ० | ० | ० |
| **जम्मा** | | | १३ | १२ | ३४ | ५९ |

**लेखा सुपरिवेक्षण समितिबाट भएको सहभागिता :**

| क्र.सं. | नाम थर | पद | अतिथीको किसिम | | | जम्मा |
|---|---|---|---|---|---|---|
| | | | प्रमुख | विशिष्ट | अतिथी | |
| १ | श्री देव प्रसाद त्रिपाठी | संयोजक | ० | ० | १ | १ |
| २ | श्री रमेश श्रेष्ठ | सदस्य | ० | ० | ० | ० |
| ३ | श्री रमिला श्रेष्ठ | सदस्य | ० | ० | ० | ० |
| **जम्मा** | | | ० | ० | १ | १ |

**व्यवस्थापन समूहबाट भएको सहभागिता :**

| क्र.सं. | नाम थर | पद | अतिथीको किसिम | | | जम्मा |
|---|---|---|---|---|---|---|
| | | | प्रमुख | विशिष्ट | अतिथी | |
| १ | केशवप्रसाद दाहाल | प्रमुख कार्यकारी अधिकृत | ० | १ | ४ | ५ |
| २ | नवराज घोरसाईने | कार्यक्रम अधिकृत | ० | ० | २ | २ |
| ३ | सुदर्शन दाहाल | व्यवसाय अधिकृत | ० | २ | १ | ३ |
| १ | लक्ष्मी पन्थ तिवारी | सहायक अधिकृत | ० | १ | ० | १ |
| जम्मा | | | ० | ४ | ७ | ११ |

**४. कार्यक्रमहरुमा सहभागिता :**

| क्र.स | कार्यक्रमको नाम | संघबाट सहभागीको नाम, पद | आयोजक |
|---|---|---|---|
| १. | लेखा सुपरिवेक्षण समितिको राष्ट्रिय गोष्ठी (२५-२६, आश्विन, २०८०) | लेखा सुपरिवेक्षण समितिका संयोजक श्री देवप्रसाद त्रिपाठी | राष्ट्रिय सहकारी बैंक लि |

| | | | |
|---|---|---|---|
| २. | सहकारी अध्ययन अवलोकन भ्रमण तथा सहकारी तालिम | महासचिव, श्री जिवसराज खड्का | राष्ट्रिय सहकारी महासंघ |
| ३. | डिजीटल कन्क्लेभ (२-३, फाल्गुण, २०८०) | कार्यक्रम अधिकृत, नवराज घोरसाइने | राष्ट्रिय सहकारी महासंघ |
| ४. | लेखा सुपरिवेक्षण समितिको राष्ट्रिय गोष्ठी (२५-२६, वैशाख, २०८१) | लेखा सुपरिवेक्षण समितिका संयोजक श्री देवप्रसाद त्रिपाठी | नेपाल बचत तथा ऋण केन्द्रीय सहकारी संघ लि. |
| ५. | कुप जब फेयर (७-९, आषाढ २०८१) | अध्यक्ष श्री उद्धव सापकोटा, उपाध्यक्ष कल्पना श्रेष्ठ, महासचिव श्री जिबसराज खड्का, सचिव गोविन्दप्रसाद काफ्ले, कोषाध्यक्ष केशबप्रसाद दंगाल | राष्ट्रिय सहकारी महासंघ |
| ६. | प्रदेश सहकारी संघको साधारण सभा | श्री कृष्णप्रसाद सुवेदी सञ्चालक | प्रदेश सहकारी संघ लि. |
| ७. | नेपाल बचत तथा ऋण केन्द्रीय सहकारी संघ लि. (नेफ्स्कून) | श्री प्रकाश श्रेष्ठ, वरिष्ठ उपाध्यक्ष | नेफ्स्कून |
| ८. | राष्ट्रिय सहकारी महासंघ | श्री उद्धव सापकोटा, अध्यक्ष<br>श्री जिबसराज खड्का, महासचिव | राष्ट्रिय सहकारी महासंघ |

अन्तमा, स्थापना देखि नै चुनौतिको बीचमा बितेको हाम्रो कार्यकाल अपेक्षाकृत नै रह्यो भन्ने हाम्रो निष्कर्ष रहेको छ । शुन्यबाट शुरु भएको यात्रालाई ४ वर्षमा सबल सक्षम संघको रुपमा स्थापित गर्नु निश्चय पनि कठिन कुरा थियो । सदस्य संघसंस्थाहरुको अभूतपूर्व माया र संघप्रतिको विश्वासले हामीले सबै चुनौतीहरुलाई सहजढंगबाट पार लगाएका छौं । सबैको साथ सहयोग र सद्भावले मात्रै कुनै पनि संघसंस्थाको सफलता प्राप्ती हुन्छ भन्ने कुराको पुष्टी तपाईहरुले हाम्रो नेतृत्वप्रति गरेको विश्वासले गरेको छ ।

हाम्रो कार्यकाललाई सफल बनाउनका लागि हामीलाई मार्गदर्शन गर्नु हुने राष्ट्रिय सहकारी महासंघ, राष्ट्रिय सहकारी बैंक लि., नेपाल बचत तथा ऋण केन्द्रीय सहकारी संघ लि. (नेफ्स्कून), बागमती प्रदेश सहकारी संघ लि.का पदाधिकारी एवम् सञ्चालकज्यूहरुमा हार्दिक आभार व्यक्त गर्दछौं ।

त्यसैगरी हरबखत हामीलाई नेतृत्वमा विश्वास गरी सर्वसम्मत निर्वाचित गराउने सम्पूर्ण सदस्य संघसंस्थाका प्रतिनिधीज्यूहरुलाई कार्यकालको अन्तिम समयमा पनि हार्दिक आभार व्यक्त गर्दै प्रस्तुत प्रतिवेदन उपर छलफल गरी कुनै सुझाव भए सुझाव सहित पारित गरिदिनु हुन हार्दिक अनुरोध गर्दछु ।

धन्यवाद । जय सहकारी ! जय बागमती प्रोस्कून !

# आर्थिक प्रगति प्रतिवेदन तथा अनुमानित आयव्यय विवरण र बजेट

## (आ.व २०८१/०८२)



केशवप्रसाद दंगाल
कोषाध्यक्ष

बागमती प्रदेश बचत तथा ऋण सहकारी संघ लि. (बागमती प्रोस्कून) को गरिमामय चौथो वार्षिक साधारण सभाका आदरणीय अध्यक्षज्यू, प्रमुख अतिथिज्यू, विशिष्ट अतिथीज्यूहरु, अतिथिज्यूहरु, संघका पदाधिकारी एवम् सञ्चालक ज्यूहरु, लेखा सुपरिवेक्षण समितिका संयोजक एवम् सदस्यज्यूहरु, सल्लाहकारज्यूहरु, विभिन्न उपसमितिका सदस्यज्यूहरु, सभामा उपस्थित हुनु हुने सदस्य संघसंस्थाका प्रतिनिधीज्यूहरु, संघमा कार्यरत प्रमुख कार्यकारी अधिकृत एवम् कर्मचारी साथीहरु र पत्रकारज्यूहरुमा बागमती प्रदेश बचत तथा ऋण सहकारी संघ लि. (बागमती प्रोस्कून) को तर्फबाट र मेरो व्यक्तिगत तर्फबाट हार्दिक सहकारी अभिवादन व्यक्त गर्दछु ।

बागमती प्रोस्कून स्थापना भएको हिजो जस्तो लाग्छ तर हामीले ४ वर्ष पूरा गरिसकेका छौं । तमाम सदस्य संघसंस्थाहरुको माया, विस्वास र भरोसाको कारण ४ वर्ष अत्यन्तै छिट्टै पार लागेको अनुभुति हामीले गरिरहेका छौं । चार वर्षको एउटा बालकको रुपमा संघलाई तुलना गर्ने हो भने तोते बोलीबाट भर्खर प्रष्ट बोली बोल्ने बेलाको बालक हो । आफ्नो ज्यानको स्याहार (खान, लगाउन, नुहाउन, खेल्न, सुत्न) अझैं पनि सत्प्रतिशत अरुको भर पर्नु पर्ने नै उमेर हो । तर बागमती प्रोस्कूनलाई यहाँहरुले यति माया गर्नु भएको छ कि वर्षदिनको नहुँदै देखि आफ्नो लागि आफैंले गर्न सक्ने बनाईदिनु भयो । यो सबै सञ्जाल आवद्ध सदस्य संघसंस्थाहरुको देन हो र यसको सम्पूर्ण श्रेय संघलाई विश्वास गरी कारोबार गर्ने, संघका कार्यक्रमहरुमा सक्रिय सहभागी हुने, संघलाई गतिसिल बनाउन मद्दत गर्ने, कुनै त्रुटी भए तत्काल सुधारका लागि रचनात्मक सुझाव प्रदान गर्ने तमाम संघमा आवद्ध सदस्य संघ संस्थाहरुलाई जान्छ ।

सहकारी क्षेत्र यतिबेला असामान्य गतिमा अगाडि बढीरहेकोछ । केही सिमित खराब मनासय भएको व्यक्ति र समूहले सहकारीका नाममा गरेको बदमासीले अशल चरित्र भएका, वास्तवमा समुदायमा आधारित र सदस्य केन्द्रीत सहकारी संस्थाहरुलाई प्रत्यक्ष र परोक्ष रुपमा प्रभाव पारेको छ । सहकारिताको माध्ययमबाट आफ्ना सदस्यहरुलाइ साझा बन्धनमा बाँध्दै सबै सदस्यहरुको आर्थिक, सामाजिक र नैतिक पक्षको सकारात्मक परिवर्तनका लागि ६७ वर्ष लामो गौरवमय इतिहास बोकेको नेपालको सहकारी अभियानलाई कालो बादलले ढाक्ने प्रयन्त हुनु निश्चय पनि गम्भिर विषय हो तर त्यो कालो बादलमा नै हामी चाँदीको घेरा देखिरहेका छौं, जुन मूल्यवान छ । त्यो मूल्यवान समय हाम्रो लागि आजै हो । सहकारीको आवरणमा खराब गर्नेहरुको समूल अन्त्य र आम सदस्यका हितका लागि सहकारीमा आवद्ध हुने पवित्र भावना भएका व्यक्तिहरुको उदय अबको सहकारीको बाटो हो । त्यसैले सच्चा सहकारी अभियान्ताहरुलाई पूर्ण आत्मबलका साथ अझै सशक्त ढंगबाट अभियानमा क्रियाशिल रहनका लागि हार्दिक अनुरोध गर्दछु ।

### श्रद्धेय अध्यक्षज्यू तथा प्रतिनिधीज्यूहरु,

सधैं उपदेश र साहनुभूतिले मात्र अभियान चल्दैन । आफुले प्रयोग गरेर सफल भएको सार्थक विषयवस्तुहरु सम्प्रेषण गर्नु, आफुले पनि अरु सरहको अभ्यास गर्नु, अभ्यासमा भएको सुधारलाई आफुले पनि आत्मसाथ गर्नु, कानुनको व्यवस्था आफुले पनि पालना गर्नु र अरुलाई पनि पालना गर्नका लागि आव्हान गर्नु, आफु स्वःनियममा बस्नु र अरुलाई पनि बस्न उत्प्रेरित गर्नुले मात्र अभियान सुधिढ बन्दछ भन्ने मलाई विस्वास छ । त्यसैले हामीले जे गरेका छौं त्यो ठिक भन्नु आत्मसन्तुष्टी मात्र हो तपाईले गरेको कार्य राम्रो छ भनेर अरुले प्रमाणित गरिदिनु मात्र तपाई हामीले गरेको प्रत्येक कामको पुष्टीकरण हो । आज हाम्रो सहकारी अभियानमा हामी सबैले कतै न कतैबाट आफ्नो प्रत्येक कृयाकलाप र कारोबारको प्रमाणिकरण गर्नु र विश्वास आर्जन गर्दै अगाडि बढ्नु आवश्यक छ । बागमती प्रोस्कून यही तथ्यलाई विश्वास गर्दछ र आफ्नो प्रत्येक कृयाकलापहरुलाई व्यवस्थित गराउदै अगाडि बढ्दै छ । हिजो जे जसरी गरेको छ त्यसमा थप के कसरी राम्रो गर्नु पर्दछ भन्ने कुरामा संघले सदैव चासो राख्दै आएको छ र यसलाई भविष्यसम्म निरन्तरता प्रदान गर्ने

संकल्प गर्दछ । संघको दिगोपना, निरन्तर वृद्धि र विकासका लागि संघ स्वयम्ले पनि स्व:अनुशासनमा बस्नु अनिवार्य छ । यस तथ्यलाई आत्मसाथ गर्दै संघले आ.व २०८०/०८१ मा गरेको वित्तीय कृयाकलापहरुको यथार्थ अवस्थाको जानकारी सञ्चालक समितिको तर्फबाट यस सभा समक्ष उपलब्ध गराउनु मेरो प्रमुख दायित्व हो । यस तथ्यलाई शिरोपर गरी बागमती प्रोस्कूनको गरिमामय तेश्रो वार्षिक साधारण सभाले स्वीकृत गरेको योजना तथा बजेट कार्यन्वयनको सम्बन्धमा विश्लेषण सहितको प्रतिवेदन पेश गर्ने अनुमति चाहान्छु ।

## कार्यक्रमिक खर्च विश्लेषण :

कार्यक्रमिक खर्च विश्लेषण :

| क्र.स | कार्यक्रमको नाम | कार्यक्रम संख्या | विनियोजित रकम | भएको खर्च रकम | घटी बढी |
|---|---|---|---|---|---|
| १ | सम्मान तथा पुरस्कार | १२ वटा | १२०,०००.०० | ११८,९१०.०० | १,०९०.०० |
| २ | एकीकरण जागरण गोष्ठी | १ वटा | ३९,६७५.०० | ०.०० | ३९,६७५.०० |
| ३ | अधिकतम एकीकरण गर्ने सदस्य संस्था सम्मान | १ वटा | ११,०००.०० | ०.०० | ११,०००.०० |
| ४ | बचत तथा ऋण सहकारी संस्थाहरुको तथ्याङ्क संकलन र सँपादन | १ वटा | ११५,०००.०० | ०.०० | ११५,०००.०० |
| ५ | उद्यम विकासका लागि सरोकारवालाहरु संगको अन्तरक्रिया | १ वटा | ३९,६७५.०० | ०.०० | ३९,६७५.०० |
| ६ | लघु उद्यम कार्यक्रमको योजना तर्जुमा गोष्ठी | १ वटा | ३९,६७५.०० | ०.०० | ३९,६७५.०० |
| ७ | महिला सञ्जाल विस्तारको कार्यक्रम प्रारुप तयारी सम्बन्धी अन्तरक्रिया | १ वटा | १५,०००.०० | ०.०० | १५,०००.०० |
| ८ | पुर्व सेवा प्रवेश परामर्श(प्रतिस्प्रर्धी)हरुको लागि कार्यक्रम | | ५५,०००.०० | ०.०० | ५५,०००.०० |
| ९ | पुर्व सेवा प्रवेश परामर्श कार्यक्रम (अभैतिक प्रशिक्षण) | | २५,०००.०० | ०.०० | २५,०००.०० |
| १० | सहकारीका साझा सवालमा साझा पहल | १ वटा | १९८,०००.०० | ०.०० | १९८,०००.०० |
| ११ | प्रदेश साकोस समिट | १ वटा | ११७,०००.०० | ०.०० | ११७,०००.०० |
| १२ | सदस्य संघ संस्था अनुगमन | २० वटा | १७०,०००.०० | ११९,४३७.०० | ५०,५६३.०० |
| १३ | जोखिममा आधारीत अनुगमन | १० वटा | ८५,०००.०० | ०.०० | ८५,०००.०० |
| १४ | आन्तरीक लेखा परीक्षणका शाखा स्थापनाका लागि अन्तरक्रिया कार्यक्रम | १ वटा | ४१,९००.०० | ०.०० | ४१,९००.०० |
| १५ | आन्तरीक लेखा परीक्षणका कार्यक्रम कार्यान्वयन परीक्षण | २३ वटा | १९५,५००.०० | ०.०० | १९५,५००.०० |
| १६ | कोशिस कार्यक्रममा आवद्ध सहकारीहरु संगको अन्तरक्रिया कार्यक्रम | १ वटा | ८३,१००.०० | ०.०० | ८३,१००.०० |
| १७ | कोशिस अभिमुखीकरण कार्यक्रम | ५ वटा | ९०,०००.०० | ६५,२६९.०० | २४,७३१.०० |
| १८ | विपत्ति शिघ्र उद्धार कार्यक्रम | | १६०,०००.०० | २३,०००.०० | १३७,०००.०० |
| १९ | सहकारी संगालो | २ वटा | १५०,०००.०० | ९६,५०७.०० | ५३,४९३.०० |
| २० | तालिम स्रोत पुस्तिकामा विज्ञहरुसंगको परामर्श कार्यक्रम | ३ वटा | २९,५००.०० | ०.०० | २९,५००.०० |
| २१ | व्यवस्थापकहरु संगको अवलोकन भ्रमण | १ वटा | ६२,४००.०० | ०.०० | ६२,४००.०० |

| | | | | | |
|---|---|---|---|---|---|
| २२ | सञ्चालकहरुको अवलोकन भ्रमण | १ वटा | ६२,४००.०० | ०.०० | ६२,४००.०० |
| २३ | सदस्य सुरक्षा रणनिति तर्जुमा कार्याशाला | १ वटा | ५३,९००.०० | ०.०० | ५३,९००.०० |
| २४ | युवा सम्मेलन | १ वटा | ५,०००.०० | ०.०० | ५,०००.०० |
| २५ | सहकारी सञ्चारकर्मीलाई वित्तीय बुझाई कार्यक्रम | १ वटा | ८३,४५०.०० | ८३,१२५.०० | ३२५.०० |
| २६ | बागमती प्रोस्कून सेवा अभिमुखीकरण | ५ वटा | १२९,०००.०० | २७,५७४.०० | १०१,४२६.०० |
| **कूल जम्मा** | | | २१,७६,१७५.०० | ५३३,८२२.०० | १,६४२,३५३.०० |

**सञ्चालन खर्च विश्लेषण :**

| क्र.स | खर्च शीर्षक | विनियोजित रकम | भएको खर्च रकम | विनियोजन भन्दा घटी बढी |
|---|---|---|---|---|
| १ | मर्मत संभार खर्च | ७५००० | ३७७८९ | ३७२११ |
| २ | स्टेशनरी तथा मसलन्द खर्च | ४००००० | १५३७९०.९७ | २४६२०९.०३ |
| ३ | बैठक व्यवस्थापन खर्च | २२५००० | ७७१५८ | १४७८४२ |
| ४ | अतिथी सत्कार खर्च | १००००० | १०५२७३ | -५२७३ |
| ५ | सदस्यता शुल्क खर्च | ६०९५१० | ६०९५१० | ० |
| ६ | घरभाडा खर्च | १७०४९७३ | १७०४९७३.३२ | ० |
| ७ | सरसफाई खर्च | ७५००० | ३४३०५ | ४०६९५ |
| ८ | विद्युत खर्च | ८०००० | ४९५१२ | ३०४८८ |
| ९ | टेलिफोन तथा इन्टनेट खर्च | ८०००० | ४९३२३.३५ | ३०६७६.६५ |
| १० | बीमा खर्च | १९०००० | १८९९३८.७९ | ६१.२१ |
| ११ | लेखा परीक्षण शुल्क | १५०००० | ० | १५०००० |
| १२ | लेखा परीक्षण खर्च | ५०००० | १९१२५ | ३०८७५ |
| १३ | बजारीकरण खर्च | १२५००० | १०२७००.२ | २२२९९.८ |
| १४ | पिउने पानी खर्च | २०००० | १६६९० | ३३१० |
| १५ | सफ्टवेयर/नविकरण खर्च | ५०००० | ४५७६७.०४ | ४२३२.९६ |
| १६ | दैनिक भ्रमणभत्ता खर्च | ७८०००० | ४४१५०० | ३३८५०० |
| १७ | ईन्धन खर्च | ४५०००० | ७०६३१ | ३७९३६९ |
| १८ | पत्रपत्रिका/सूचना/शुभकामना | २५००० | ० | २५००० |
| १९ | अन्य विविध खर्च | ३००००० | २५५९३.८१ | २७४४०६.१९ |
| २० | ई बैंकिङ खर्च | १२४३०० | ६७२३.०१ | ११७५७६.९९ |
| २१ | छपाई तथा मसलन्द (क्यालेण्डर, डायरी) | ३००००० | ५५३९८ | २४४६०२ |
| २२ | अन्तराष्ट्रिय सम्बन्ध विस्तार खर्च | ३००००० | १९५००० | १०५००० |
| २३ | बैठक भत्ता खर्च | १२१४००० | ८१०९०० | ४०३१०० |
| २४ | स्वयम्सेवी सञ्चार खर्च | १२६००० | १२३००० | ३००० |
| २५ | यातायात खर्च | १६०००० | ४९७६० | ११०२४० |
| २६ | ईन्धन खर्च (स्वयम्सेवी) | २५५००० | २८६१३५ | -३११३५ |
| **कूल जम्मा** | | ६२१३७८३ | ३१३४२१०.७८ | ५०४२८०.२२ |

**कर्मचारी खर्च :**

| क.स | खर्च शीर्षक | विनियोजित रकम | भएको खर्च रकम | विनियोजन भन्दा घटी बढी |
|---|---|---|---|---|
| १ | तलब भत्ता तथा सुविधा | ९०३३१५९.६ | ७९९४६०१.३२ | १०३८५५८.२८ |

सम्पन्न भएको आ.व २०८०/०८१ का लागि विनियोजित बजेटहरु मध्ये अतिथी सत्कार शीर्षकमा रु.५२७३.०० र स्वयमसेवी ईन्धन शीर्षकमा ईन्धनको मूल्यमा आएको परिवर्तनका कारण रु.३११३५.०० गरी कूल रु.३६४०८.०० मात्र तेश्रो वार्षिक साधारण सभाले स्वीकृति गरेको भन्दा बढी खर्च भएको छ। उल्लेखित नपुग रकमलाई यातायात खर्चबाट रकमान्तर गरी सोधभर्ना गरिएको छ । यस आ.वमा कूल लक्षित सञ्चालन खर्च (कर्मचारी खर्च बाहेक) को ०.५८ प्रतिशत मात्र रकमान्तर भएको छ भने लक्षित बजेटको समग्रमा ६६.९३ प्रतिशत खर्च गरेको छ ।

**श्रद्देय अध्यक्षज्यू एवम् प्रतिनिधीज्यूहरु,**

यस पछि म संघको व्यवस्थापकीय क्षेत्रमा संघले अंगिकार गरेको नीति, प्रकृयाहरुको संक्षिप्तमा गरिमामय सभा समक्ष पेश गर्ने अनुमति चाहन्छु ।

## १. संघको लेखा पद्धती र सुरक्षात्मक व्यवस्था :

क. संघको लेखा आर्थिक आ.व वर्ष २०७९/०८० देखि ISO Certified प्रिमियम सि.बि.एस एप्लीकेशन सफ्टवेयर प्रयोग गर्दै आएको छ ।

ख. संघको कारोबारको सुरक्षा र गोपनियताका लागि आफ्नै सर्भर खरिद गरी सफ्टवेयरको डाटाको सुरक्षा व्यवस्था गरिएको छ।

ग. आफ्नो डाटाको सुरक्षाको लागि दैनिक खाता बन्दी पछि ब्याकप लिने व्यवस्था मिलाईएको छ ।

घ. संघको कारोबार दोहोरो लेखा प्रणालीमा आधारित रही नेपाल सरकारले तोकेको प्रचलित नेपाल मानको ढाँचामा राख्ने गरिएको छ र गत वर्ष देखि नै संघको लेखा परीक्षण प्रतिवेदन Nepal Financial Reporting Standards (NFRS) अनुसार तयार गरिएको छ ।

ङ. वार्षिक साल तमामीका दिन सम्पूर्ण सदस्य संघसंस्थाहरुको नाममा भएको बचत, शेयर तथा ऋण कारोबारको विवरणहरु प्रिन्ट गरी प्रमाणित गरी राख्ने व्यवस्था गरिएको छ । जसले गर्दा प्रविधीमा कुनै समस्या आए पनि कारोबारलाई निरन्तरता प्रदान कुनै समस्या नहुने हामीले विश्वास लिएका छौं ।

## २. बचत र बचत खाताको सुरक्षा एवम् गोपनियता :

क. संघका सदस्य संघसंस्थाहरुको खातामा रहेको मौज्दात खाता खोल्दा व्यवस्था गरेको हस्ताक्षर अनुसारका व्यक्तिहरुको आधिकारिक पत्रबाट मात्र कारोबार कथन (Statement) उपलब्ध गराईने व्यवस्था गर्नुका साथै संघसंस्थाको आधिकारिक इमेलबाट मात्र कारोबार कथन (Statement) उपलब्ध गराउने व्यवस्था गरिएको छ । आगामी दिनमा संघसंस्थाले लिएको कारोबार कथन (Statement) चलानलाई अभिलेख राखी व्यवस्थित गरिनेछ ।

ख. स्वयम् उपस्थित नभई भुक्तानी गर्नु पर्ने अवस्थामा भुक्तानीका लागि भुक्तानी पूर्जाको व्यवस्था गरिएको छ । भुक्तानी पूर्जाबाट हुने कारोबारको हस्ताक्षर परीक्षण तथा आधिकारिक व्यक्तिको पहिचान प्रणाली व्यवस्थित गरिएको छ ।

ग. सदस्य संघसंस्थाबाट नगदमा कारोबार हुँदा १० लाख भन्दा बढी कारोबारमा अनिवार्य श्रोतको स्वःघोषणा गराउने व्यवस्था गरिएको छ ।

घ. सदस्य संघसंस्थाको बचतको सुरक्षाको लागि ऋण लगानी प्रकृयालाई कडा गर्दै लगिएकोछ । बचतको सुरक्षाको लागि बैंक वित्तीय संस्था, राष्ट्रिय सहकारी बैंक र नेफ्स्कूनमा अनुपात मिलाई राख्ने व्यवस्था गरिएकोछ ।

## ३. नगदको सुरक्षा तथा जिम्मेवारी :

क. संघको कारोबारमा प्राप्त हुने नगदको सुरक्षाका लागि सिद्धार्थ इन्स्योरेन्स कम्पनी लि.मा देहाए बमोजिमको सुरक्षा बीमा गरिएको छ । जस मध्ये केन्द्रिय कार्यालयको बीमा अवधी २०८१ फाल्गुण ६ गतेसम्म रहेको छ भने काठमाडौ सेवा कार्यालयको बीमा अवधी २०८२ आषाढ ५ गतेसम्म रहेकोछ ।

अ. केन्द्रिय कार्यालय भल्ट तथा काउन्टर बीमा — १ करोड

आ. काठमाडौं सेवा कार्यालय भल्ट तथा काउन्टर — ५० लाख

(मार्गस्थल प्रतिदिन २ पटकको रक्षावरण, चोरी, सेधमरी, होल्डअप, डकैती जोखिमको सुरक्षण गरिएको छ ।)

ख. नगदको जोखिम व्यवस्थापनका लागि संघको भल्टमा खुद्रा रकम मात्र राख्ने व्यवस्था गरिएको छ ।

ग. नगद कक्ष, भल्ट तथा संघका दुवै कार्यालयहरुमा २४ सैं घण्टा सिसी क्यामेराको निगरानी व्यवस्था गरिएको छ ।

घ. नगद परिचालनका अलग्गै नीतिको विकास गरी नीति बमोजिमको दैनिक अभिलेख प्रमाणित गराइ राख्ने व्यवस्था गरिएको छ ।

## ४. ऋण स्वीकृती सम्बन्धी व्यवस्था :

क. संघको प्रमुख कार्यकारी अधिकृतलाई व्यवस्थापन समूहको निर्णयबाट प्रतिसदस्य ऋण लगानी क्षमता (प्राथमिक पूँजीकोष वा संघको सञ्चालक समितिले तोकेको सिमा) को ५ प्रतिशतसम्म लगानी गर्ने अधिकार प्रत्यायोजन गरिएको छ ।

ख. व्यवस्थापन समूहले स्वीकृत गर्ने ऋणको सिमा भन्दा बढी प्रतिसदस्य ऋण लगानी क्षमता (प्राथमिक पूँजीकोष वा संघको सञ्चालक समितिले तोकेको सिमा) को ६० प्रतिशतसम्म अन्तर लगानी उपसमितिले स्वीकृति गर्न सक्ने अधिकार प्रत्यायोजन गरेको छ ।

ग. अन्तरलगानी उपसमितिले लगानीको लागि स्वीकृत गर्ने सीमा भन्दा बढीको ऋण सञ्चालक समितिले स्वीकृति गर्ने व्यवस्था गरिएको छ ।

घ. ऋण स्वीकृति पूर्व ऋण माग गर्ने सदस्य संघसंस्थाले गरेको लगानीको अवस्था, अघिल्लो महिनाको मसान्तसम्मको वित्तीय विवरण, पर्ल्स प्रतिवेदन आदिको विस्तृत अध्ययन गर्ने व्यवस्था गरिएकोछ ।

ङ. बिना धितोमा ऋण लगानी बन्द गरिएको छ । सकेसम्म संघसंस्थाको स्वामित्वमा रहेको धितोमात्र स्वीकार गर्ने र संघसंस्थाको स्वामित्वमा कुनै अचल सम्पत्ति नभएको अवस्थामा सञ्चालक समिति वा एकाघरका नाममा भएको धितो मात्र लिने व्यवस्था गरिएको छ ।

च. धितोको निरिक्षणमा अन्तरलगानी उपसमितिबाट समेत उपस्थिति गराउने प्रबन्ध मिलाईएको छ ।

छ. धितो सुरक्षणका आधारमा हुने धितो मूल्याङ्कन गर्नका लागि ५ वटा कम्पनीलाई संस्थागत मूल्याङ्कनकर्ता सूचिकृत गरी २ वटा कम्पनीसंग सम्झौता समेत गरी काममा लगाईएको छ ।

## ५. बैंक खाता सञ्चालन सम्बन्धी व्यवस्था :

क. संघका सबै बैंक वित्तीय संस्था वा विषयगत संघहरु र राष्ट्रिय सहकारी बैंकमा रहेको खाताको हस्ताक्षर सञ्चालक समितको तर्फबाट अध्यक्ष र कोषाध्यक्ष एवम् व्यवस्थापनको तर्फबाट प्रमुख कार्यकारी अधिकृतको अनिवार्य र कार्यक्रम अधिकृत र व्यवसाय अधिकृतको हस्ताक्षरबाट चल्ने गरी सञ्चालन गरिएको छ ।

ख. सबै बैंक खाताहरुको मासिक भिडान गर्ने व्यवस्था गरिएको छ ।

ग. सबै बैंकबाट ई बैकिङ्ग सुविधा लिईएको छ । कर चुक्ता लगायतका कारोबारका लागि कनेक्ट आइपिएस सुविधा लिईएको छ ।

घ. संघको विद्युतिय कारोबारको प्रभावकारिताका लागि कर्पोरेट पे मार्फत तत्काल बैंक जम्मा तथा भुक्तानीको सहजता कायम गरिएको छ ।

## ६. कर्मचारीहरुको सेवा सुविधा तथा समिति उपसमिति बैठक भत्ता तथा सुविधा सम्बन्धी व्यवस्था :

क. संघमा कार्यरत कर्मचारीहरुलाई श्रेणी विहीन कर्मचारी बाहेक अन्य तहका कर्मचारीको नेपाल सरकारले प्रदेश तथा स्थानिय तहका कर्मचारीको तलबमान अनुसार कायम गरिएको छ । यसका अतिरिक्त निरन्तर ६ महिना भन्दा बढी काम गरेका कर्मचारीहरुलाई पोशाक भत्ता, खाईपाई आएको तलबको १ महिनाको तलब बराबर पर्व खर्च तथा मुनाफाको आधारमा २ महिनाको बोनसको व्यवस्था गरिएको छ ।

ख. संघको प्रमुख कार्यकारी अधिकृतको हकमा सञ्चालक समितिले संघको तिर्नसक्ने क्षमताको आधारमा मासिक ७६३४६ आधार तलब, सोही रकमको आधारमा २० प्रतिशत सामाजिक सुरक्षा कोष, मासिक १५ हजार प्रमुख भत्ता तथा

प्रचलित बजार दरको आधारमा प्रति महिना इन्धन बापत १५० लि. पेट्रोल र १५ हजार आवास सुविधाका लागि रकम उपलब्ध गराउने गरिएको छ । यस बाहेक निजलाई पोशाक भत्ता, पर्व खर्च एक महिनाको तलब बराबर र अन्य कर्मचारी बराबर बोनसको व्यवस्था गरिएको छ ।

ग. संघको सञ्चालक समिति तथा लेखा सुपरिवेक्षण समितिलाई बैठक भत्ता बापत कर सहित २ हजार पाँच सय रुपैया र काठमाडौ, ललितपुर, भक्तपुर र काभ्रेपलाञ्चोकका सञ्चालक सदस्यहरुलाई बैठकमा आउँदा जाँदाको खर्च बापत प्रति बैठक ६ सय र उल्लेखित जिल्ला बाहिरका सञ्चालक तथा पदाधिकारीहरुलाई प्रति बैठक १ हजार ५ सय यातायात खर्च उपलब्ध गराईदै आईएको छ ।

घ. समाप्त भएको आ.व २०८०/०८१ मा स्वयम्सेवीहरुलाई पोशाकको व्यवस्था गरिएको थियो भने संघका अध्यक्षलाई मासिक १३० लि. ईन्धन सुविधा, मासिक १ हजार टेलिफोन महशुल भुक्तानी र अन्य पदाधिकारी एवम् सञ्चालकहरुलाई मासिक रु. ५ सयका दरले मोबाइल रिचार्ज सुविधा उपलब्ध गराउने गरिएको छ ।

## ७. कार्यालय व्यवस्थापन सम्बन्धी खर्च व्यवस्था :

क. संघको मिनभवन स्थित सेवा कार्यालयमा दैनिक रुपमा सदस्यहरुको कृयाकलापको चापको विश्लेषण गरी चालु आ.वमा कार्यकक्ष थप गर्ने लक्ष्य लिइएको छ ।

ख. कार्यकक्ष विस्तारसंगै संघको केन्द्रीय कार्यालय तथा काठमाडौं सेवा कार्यालयमा यस वर्ष थप भएको भौतिक सामाग्री खरिद रितपूर्वक कोटेशन लिई न्यूनतम मूल्यका आधारमा खरिद गर्ने तथा निर्माण गर्ने व्यवस्था गरिएको छ ।

ग. कार्यालयका स्थिर सम्पत्तिहरुको नियमानुसार ह्रसकट्टी गरिएको छ । रु. २ हजार भन्दा कम मूल्यका सम्पत्ति सामानहरु सोही वर्ष खर्च लेखि प्रयोगमा ल्याउने गरिएको छ ।

## ८. वार्षिक योजना तथा बजेटको तर्जुमा र कार्यान्वयन :

संघले नयाँ आर्थिक वर्ष शुरुहुनु भन्दा पहिल्यै तर्जुमा गर्ने र सञ्चालक समितिमा गहन छलफल गरी पारित गरी साधारण सभा समक्ष पेश गरेको छ । वार्षिक योजना तथा बजेट तर्जुमा गर्दा संघको विगतको विश्लेषण गर्दै प्रतिष्पर्धीहरुको स्थान र उनीहरुले दिने सेवाको स्तर, वर्तमान वित्तीय बजारको अवस्था समेतको ख्याल गरी आफुसंग मौजुदा रहेको जनशक्ति परिचालन गर्दा प्राप्त गर्न सकिने सम्भावित कुराहरुलाई मात्र लक्ष्य लिएको छ। संघले सामान्य अवस्थामा वार्षिक योजना र बजेटमा भएको भन्दा बाहिर गरेको कुनै काम नगर्ने नीति लिएको छ तर कुनै कार्यक्रम नगर्दा संघलाई र संघमा आवद्ध भएको सदस्य संघसंस्थालाई नोक्शानी पर्दछ भन्ने अवस्था देखिएमा सञ्चालक समितिले निर्णय गरी थप कार्यक्रम गर्ने अभ्यास संघले गर्दै आईरहेको छ ।

## ९. आन्तरिक नियन्त्रण विधी :

क. संघको निर्वाचित २ समिति बीचको सम्बन्ध सुमधुर रहेको छ । दुवै समितिले स्वतन्त्र ढंगबाट कानुनले निर्दिष्ट गरेको अधिकार प्रयोग गर्ने वातावरण संघमा कायम रहेकोछ । काममा हस्तक्षेप गर्ने, अवरोध गर्ने, तथ्यको अध्ययन नगरी टिप्पणी गर्ने, अनावश्यक शंका उपशंका गर्ने जस्ता कृयाकलापहरुबाट जोगिनका लागि प्रत्येक कृयाकलापहरुलाई गहिराईसम्म अध्ययन गरेर मात्र आफ्नो बिचार राख्ने अभ्यास गरिएको छ ।

ख. संघको सञ्चालक समितिको कर्मचारी प्रमुख कार्यकारी अधिकृत र अन्य कर्मचारी प्रमुख कार्यकारी अधिकृतको हुने गरी सञ्चालक समितिको निर्णय, स्वीकृत योजना तथा बजेटको कार्यान्वयन लगायतका विषयमा सञ्चालक समितिको तर्फबाट अध्यक्षले प्रमुख कार्यकारी अधिकृत र प्रमुख कार्यकारी अधिकृतले मातहतका कर्मचारीलाई निर्देशन दिने गरी र सोही अनुसार प्रगति प्रतिवेदन सञ्चालक समितिसम्म आउने संयन्त्र विकास गरिएको छ ।

ग. प्रमुख कार्यकारी अधिकृतलाई अध्यक्षले र अन्य कर्मचारीलाई प्रमुख कार्यकारी अधिकृतले लिखित रुपमा कामको जिम्मेवारी दिने र मूल्याङ्कन गर्ने अभ्यास गरिएको छ ।

घ. सञ्चालक समितिमा समेत जिम्मेवारीको क्षेत्र निर्धारण गरी सोही बमोजिमको भूमिका निर्वाह गर्ने गराउने गरिएकोछ।

श्रद्धेय अध्यक्ष ज्यू,

अब म चालु आ.व २०८१/०८२ का लागि संघले अघि सारेका कार्यक्रमहरुको लागि विनियोजन गरेको बजेट तथा संघको यस आ.वको अनुमानित आयव्यय विवरण र खर्च सम्बन्धी प्रस्ताव यस गरिमामय साधारण सभा समक्ष पेश गर्ने अनुमति चहान्छु ।

**१. कार्यक्रमिक बजेट :**

संघमा आवद्ध सदस्य संघसंस्थाहरुको विकास र बागमती प्रदेश सहकारी सञ्जालमा सञ्जालिकृत गराउनका लागि संघले विभिन्न किसिमका अर्न्तक्रिया, छलफल, गोष्ठी सेमिनारहरु तथा अभिमुखिकरण कार्यक्रमहरु सञ्चालन गर्नका लागि देहाए बमोजिमको खर्च विनियोजन गरेको छु ।

**तपसिल**

| क्र.सं. | योजनाको क्षेत्र | योजनाको नाम | संख्या | सम्बन्धित समिति उपसमिति | विनियोजन रकम |
|---|---|---|---|---|---|
| १. | Awards & honors program | पुरस्कार तथा सम्मान कार्यक्रम | १२ | सम्मान तथा पुरस्कार छनौट | १४३०००.०० |
| २. | Big Amalgamation campaign for sustainable cooperative network | एकीकरण जागरण गोष्ठी | १ | सदस्य सेवा | ३४३७५.०० |
| | | एकीकरणका लागि प्राविधिक सहयोग | १ | व्यवस्थापन | ७५००.०० |
| ३. | Categorization/Classification of members | सञ्जाल आवद्ध सदस्यहरुको वर्गिकरण कार्यविधी निर्माण | १ | योजना तथा नीति निर्माण | ०.०० |
| | | सञ्जाल आवद्ध सदस्य वर्गिकरण | १ | सञ्चालक समिति | ८७५००.०० |
संघको कार्यक्षेत्र बागमती प्रदेश अन्तरगतका सम्पूर्ण जिल्ला र स्थानीथ तहहरु रहेका छन् । संघमा हाल (आ.व. २०८०/०८१ को अन्त्य सम्म) बागमती प्रदेश अन्तरगत रहेका १३ वटै जिल्ला ऋण सहकारी संघहरु र ४८२ प्रारम्भिक बचत तथा ऋण सहकारी संस्थाहरु गरी ४९५ सदस्य आबद्ध रहेका छन् । संघको आवद्धता राष्ट्रिय सहकारी महासंघ लि. नेपाल, राष्ट्रिय सहकारी बैंक लिमिटेड, नेपाल बचत तथा ऋण केन्द्रीय सहकारी संघ लि. (नेफ्स्कून) र बागमती प्रदेश सहकारी संघ लि. मा रहेको छ ।

संघले प्रतिस्पर्धी मूल्यमा बचत संकलन र परिचालन गर्दै सदस्य संस्थाहरुको वित्तीय आवश्यकता पूरा गर्ने विश्वसनीय माध्यमको रुपमा जिम्मेवारी ग्रहण गरिरहेको छ । बागमती प्रदेशमा रहेका वित्तीय संस्थाहरुको छुट्टै पहिचान स्थापित गर्दै वित्तीय पहुँच नपुगेका सर्वसाधारणलाई सहकारी सञ्जालमा ल्याएर उनीहरुको सशक्तीकरण गर्न संघले आफ्नो बलियो उपस्थिति कायम राख्नेछ ।

### राष्ट्रिय तथा अन्तर्राष्ट्रिय सदस्यता :

यस संघ राष्ट्रिय स्तरमा नेपाल बचत तथा ऋण केन्द्रीय सहकारी संघ लि. (नेफ्स्कुन), राष्ट्रिय सहकारी बैंक लि.को सदस्य तथा एशियाली ऋण महासंघ (ACCU) को सहयोगी सदस्य (Supporter Member) रहेको छ ।

### सदस्य तथा सेवाग्राही विवरण

| विवरण | आ.व. २०८०/०८१ | आ.व. २०७९/०८० |
|---|---|---|
| सदस्य संख्या | ४९५ | ४५१ |
| प्रारम्भिक | ४८२ | ४३८ |
| जिल्ला बचत संघ | १३ | १३ |
| ऋणी सदस्य संख्या | १९ | २० |

### २ लेखाका आधार

### २.१ अनुपालन सम्बन्धी उद्घोषण

संस्थाको आर्थिक वर्ष २०८०/८१ को वार्षिक वित्तीय विवरणहरु नेपाल लेखामान बोर्ड (Accounting Standards Board, Nepal– ASBN) बाट जारी भई नेपाल चार्टड एकाउन्टेन्ट्स संस्था (Institute of Chartered Accountants of Nepal–ICAN) द्वारा अनुपालनको लागि सुचित गरिएका नेपाल वित्तीय प्रतिवेदन मानमा (Nepal Financial Reporting Standard–NFRS) भएका व्यवस्था अनुसार तयार गरिएका छन् । उक्त वार्षिक वित्तीय विवरणहरु सहकारी ऐन २०७४, सहकारी नियमावली २०७५, बागमती प्रदेश सहकारी ऐन २०७६, सहकारी नियमावली २०७६ तथा सहकारी विभागबाट जारी गरिएको निर्देशकहरुका अधिनमा रही तयार पारिएका छन् । उक्त वित्तीय विवरण तयार गर्दा अपनाईएका प्रमुख नीतिहरु बुँदा नं ३ मा प्रस्तुत गरिएका छन् ।

| | | | |
|---|---|---|---|
| ... प्रसाद दाहाल | केशव प्रसाद दंगाल | उद्धव सापकोटा | रमेश ... एफ. सि. ए. |
| प्रमुख कार्यकारी अधिकृत | कोषाध्यक्ष | अध्यक्ष | ... बराल एण्ड एसोसिएट्स |
| | | | चार्टर्ड एकाउन्टेन्ट्स् |

# बागमती प्रदेश बचत तथा ऋण सहकारी संघ लि. (बागमती प्रोस्कून)

बनेपा न.पा-७, काभ्रेपलाञ्चोक

## १ श्रावण २०८० देखी २०८१ आषाढ मसान्त सम्मको वित्तीय विवरणका लेखा टिप्पणीहरु

### २.१.१ प्रतिवेदन उद्घोषण (Reporting Pronouncement)

वार्षिक वित्तीय प्रतिवेदन नेपाल वित्तीय प्रतिवेदन मान (NFRS) मा भएका प्रावधान बमोजिम तयार गरिएको छ । अन्तर्राष्ट्रिय लेखामान बोर्डले जारी गरेको अन्तर्राष्ट्रिय वित्तीय प्रतिवेदन मान (IFRS) मा आधारित रहेर नेपाल लेखामान बोर्डले नेपाल वित्तीय प्रतिवेदन मान (NFRS) जारी गरेको हो । नेपाल चार्टड एकाउन्टेन्ट्स संस्थाले वित्तीय प्रतिवेदन तयार गर्दा NFRS बमोजिम तयार गर्नुपर्ने सूचना जारी गरेको छ । प्रस्तुत वार्षिक वित्तीय विवरणहरु नेपाल वित्तीय प्रतिवेदन मान बमोजिम तयार गरिएका छन् । गत आर्थिक वर्षको वित्तीय विवरणलाई तुलनात्मक रूपमा एकरुपता ल्याउन सो आर्थिक वर्षमा भएका व्यवस्थाहरु बमोजिम आवश्यकता अनुसार पूनरवर्गीकरण तथा पूनरलेखन गरिएका छन् ।

### २.१.२ नेपाल वित्तीय प्रतिवेदन मान अनुपालनको सम्बन्धमा जारी वैकल्पिक व्यवस्था

नेपाल लेखामान बोर्डको सिफारिसमा नेपाल चार्टड एकाउन्टेन्ट्स संस्थाले नेपाल वित्तीय प्रतिवेदन मानमा भएको प्रावधान बमोजिम आर्थिक वर्ष २०८०/८१ को वार्षिक प्रतिवेदन तयार गर्दा तल उल्लेखित केही वैकल्पिक व्यवस्था (Carve Out) अपनाउन सकिने गरी बैंक तथा वित्तीय संस्थाहरुको लागि मात्र व्यवस्था गरिएतापनि यस सहकारी संस्थाले व्यवहारिक कठिनाई र Materiality लाई मध्ये नजर राख्दै नेपाल वित्तीय प्रतिवेदन मान अनुपालनको लागि निम्न लिखित वैकल्पिक व्यवस्था अनुसार आफ्नो वित्तीय प्रतिवेदन तयार पारेको छ ।

**क) NFRS 9– वित्तीय उपकरण:**

पहिचान, लेखाकंन तथा मापन (ऋणनोक्सानी व्यवस्था सम्बन्धी) NFRS 9 को Para 5.5 को व्यवस्था बमोजिम बैक तथा वित्तीय संस्थाहरुले ऋण नोक्सानी व्यवस्था (Loan Loss Provision) कायम गर्दा 'Expected Credit Loss Model' अपनाएर गनुपर्ने प्रावधान अनुसार गर्न नसकिने अवस्था हुँदा वैकल्पिक व्यवस्था अवलम्बन गर्न सकिने व्यवस्था गरेको छ । संघले सहकारी विभागद्वारा जारी एकिकृत निर्देशिनको बुँदा नं २० बमोजिम आएको ऋण नोक्सानी व्यवस्था बमोजिम आएको ऋण नोक्सानी व्यवस्थालाई ऋण नोक्सानी व्यवस्था गरेको छ ।

**ख) NFRS –9 वित्तीय उपकरण पहिचान तथा मापन (समायोजित ब्याज दर - Effective Interest rate सम्बन्धी)**

NFRS 9 को Para 5.4 व्यवस्था बमोजिम बैंक तथा वित्तीय संस्थाहरुले ऋण लगानीबाट हुने ब्याज आम्दानी गणना गर्दा सेवाशुल्क र कमिशनलाई समेत समायोजन गरी हुन आउने समायोजित ब्याज दर (Effective Interest Rate) मा गणना गर्ने व्यवस्था रहेकोमा सो गर्न अव्यवहारिक भएको अवस्थामा वैकल्पिक व्यवस्था अवलम्बन गर्न सकिने छ । वैकल्पिक व्यवस्था बमोजिम ऋण लगानी गर्दा प्राप्त हुने सेवा शुल्क तथा कमिशनलाई ऋणबाट प्राप्त ब्याज आम्दानी लेखाइनको लागि समायोजित ब्याज दरमा समायोजन नगरी प्रोदभावी (Accrual Basis) लेखाइनका आधारमा सो सेवा शुल्क तथा कमिशन आम्दानी पाकेकै वर्ष लेखाइन गर्न सकिने छ । संघले उपरोक्त वैकल्पिक व्यवस्था अवलम्बन गरेको छ ।

### २.१.३. प्रतिवेदनको समयावधि तथा वित्तीय विवरणको स्वीकृति

संघले नेपाली पात्रो अनुसार नेपाली आर्थिक वर्षको सुरुवात २०८० श्रावण १ गते र अन्त्य २०८१ असार ३१ गतेलाई मानी आफ्नो वित्तीय विवरण तयार पारेको छ । संस्थाको सञ्चालक समितिले आर्थिक वर्ष २०८०/८१ को वित्तीय विवरण २०८१/०५/१९ गतेका दिन पारित गरेको साथै शेयरधनी सदस्यको आगामी वार्षिक साधारण सभाको अनुमोदनको निमित सिफारिश गरिएको छ ।

| | | | |
|---|---|---|---|
| केशवप्रसाद दाहाल | केशव प्रसाद दंगाल | उद्धव सापकोटा | रमेश बराल, एफ. सि. ए. |
| प्रमुख कार्यकारी अधिकृत | कोषाध्यक्ष | अध्यक्ष | आर बराल एण्ड एसोसिएट्स |
| | | | चार्टड एकाउन्टेन्ट्स् |

R. Baral & Associates, Chartered Accountants, Nepal — M. No.: 957, COP No.: 738

# बागमती प्रदेश बचत तथा ऋण सहकारी संघ लि. (बागमती प्रोस्कून)

**बनेपा न.पा-७, काभ्रेपलाञ्चोक**

**१ श्रावण २०८० देखी २०८१ आषाढ मसान्त सम्मको वित्तीय विवरणका लेखा टिप्पणीहरु**

## २.२. वित्तीय विवरणको उत्तरदायित्व

संघको वित्तीय विवरण तयार पार्ने उत्तरदायित्व संघको व्यवस्थापन तथा सञ्चालक समितिमा निहित रहेको छ। समितिले नेपाल राष्ट्र बैंकद्वारा निर्देशित वित्तीय विवरणको ढाँचा (इ. प्रा. निर्देशन नं४/०७९संग सम्बन्धित अनुसूची) बमोजिम संघको आवश्यकता अनुरुप वित्तीय विवरण परिमार्जित गरि अबलम्बन गर्दै आएको छ। समितिले उक्त उत्तरदायित्वलाई वार्षिक प्रतिवेदनमा उल्लेख गरेबमोजिम स्वीकार गर्दछ। वित्तीय विवरणमा निम्न विवरणहरु समावेश गरिएका छन्।

(क) संस्थाकों ३१ आषाढ २०८१ मा कायम वित्तीय अवस्थाको जानकारी प्रदान गर्ने वित्तीय स्थितिको विवरण (Statement of Financial Position)

(ख) संस्थाको आर्थिक वर्ष २०८०/८१ को वित्तीय प्रगतिको जानकारी प्रदान गर्ने आय व्ययको विवरण तथा अन्य विस्तृत आयको विवरण (Statement of Profit or Loss and Statement of Other Comprehensive Income)

(ग) संस्थाको आर्थिक वर्ष २०८०/८१ को नगद प्रवाहको जानकारी प्रदान गर्ने नगद प्रवाह विवरण (Statement of Cash Flow)

(घ) संस्थाको आर्थिक वर्ष २०८०/८१ मा जेथामा भएको परिवर्तनको जानकारी प्रदान गर्ने ईक्विटीमा भएको परिवर्तन सम्बन्धी विवरण (Statement of Change In Equity), तथा

(ङ) संस्थाको वित्तीय विवरण तयार गर्दा अवलम्बन गरिएको प्रमुख लेखा नीतिहरु र वित्तीय विवरणसंग सम्बन्धित अन्य सान्दर्भिक जानकारीहरु समेटिएको लेखा सम्बन्धी टिप्पणीहरु। (Notes to Accounts)

## २.३. कार्यात्मक तथा प्रस्तुतीकरण मुद्रा

वित्तीय विवरणहरु संस्थाको कार्यात्मक मुद्रा नेपाली रुपैयाँमा प्रस्तुत गरिएको छ। वित्तीय स्थितिमा सम्पत्ति र दायित्वलाई तरलताको क्रममा प्रस्तुत गरिएको छ। विस्तृत आय विवरणमा आम्दानी र खर्चलाई तिनका प्रकृतिका आधारमा वर्गीकरण गरिएको छ।

## २.४. महत्वपूर्ण लेखा निर्णय र अनुमान

NFRS को प्रावधान बमोजिम लेखा नीति अपनाएर वित्तीय प्रतिवेदन तयार गर्दा NFRS ले निर्दिष्ट गरे बमोजिम उपयुक्त तथा समुचित अनुमान (Estimate), धारणा (Assumption), तथा स्वविवेक (Judgement) हरुलाई आधार बनाईएको हुन्छ। सहकारीको व्यवस्थापनले उक्त अनुमान, धारणा तथा स्वविवेकको समय अनुकुल पुनरावलोकन गरी आवश्यक भएको अवस्थामा NFRS ले निर्दिष्ट गरे अनुसार समायोजन गर्ने गरेको छ। वित्तीय विवरणको तयारीमा निम्न क्षेत्रको अनुमान, धारणा तथा स्वविवेकको प्रयोगले महत्वपूर्ण भूमिका खेलेको हुन्छ :

- वित्तीय उपकरणको बजार मूल्य निर्धारण (Fair Value of Financial Instruments)
- वित्तीय सम्पत्ति तथा दायित्वको वर्गीकरण (Classification of Financial Assets and Financial Liabilities)
- वित्तीय सम्पत्तिको नोक्सानी व्यवस्था निर्धारण (Impairment losses on Financial Assets)
- गैर वित्तीय सम्पत्तिको नोक्सानी व्यवस्था निर्धारण (Impairment losses on Non–Financial Assets)
- स्थिर सम्पत्ति तथा कार्यालय उपकरणको उपयोग अवधि निर्धारण (Useful Economic Life of Property and Equipment)
- आयकर तथा स्थगन कर निर्धारण (Taxation and Deferred Tax)
- परिभाषित लाभ दायित्व निर्धारण (Defined Benefit Obligations)
- सम्भावित दायित्व निर्धारण (Provision for Liabilities, Commitments and Contingencies)
- लगानी सम्पत्तिको वर्गीकरण (Classification of Investment Property)

| | | | |
|---|---|---|---|
| [illegible] दाहाल<br>प्रमुख कार्यकारी अधिकृत | केशव प्रसाद दंगाल<br>कोषाध्यक्ष | उद्धव सापकोटा<br>अध्यक्ष | रमेश बराल, एफ. सि. ए.<br>आर बराल एण्ड एसोसिएट्स<br>चार्टड एकाउन्टेन्ट्स् |

R Baral & Associates, Chartered Accountants, M. No.: 95[illegible], COP No.: 73[illegible], Nepal

## बागमती प्रदेश बचत तथा ऋण सहकारी संघ लि. (बागमती प्रोस्कून)

बनेपा न.पा-७, काभ्रेपलाञ्चोक

### १ श्रावण २०८० देखी २०८१ आषाढ मसान्त सम्मको वित्तीय विवरणका लेखा टिप्पणीहरु

**२.४.१ वित्तीय उपकरणको बजार मूल्य निर्धारण (Fair Value of Financial Instrument)**

वित्तीय सम्पत्ति तथा दायित्वको बजार मूल्य निर्धारण बुँदा नं ५.१ मा उल्लेखित मुल्याङन तालिका अनुसार निर्धारण गरिन्छ र सो क्रममा विभिन्न मूल्याङ्कन विधि तथा Statistical Models को प्रयोग गरिन्छ ।

**२.४.२ वित्तीय सम्पत्ति तथा दायित्वको वर्गीकरण (Classification of Financial Asset and Liabilities)**

वित्तीय सम्पत्ति तथा दायित्वको प्रस्तुती र मापन Amortized Cost (परशोधित मुल्य) अथवा बजार मूल्य मध्ये कुनै एकमा आधारित मूल्याङ्कन विधिका अनुसार गरी निम्न वर्गहरुमा वर्गीकृत गरिएको छ :

- Amortized Cost (परीशोधित मुल्य) मा वर्गीकरण गरिएका,
- Fair Value Through Profit or Loss (FVTPL) मा वर्गीकरण गरिएका,
- Fair Value Through Other Comprehensive Income (FVTOCI) मा वर्गीकरण गरिएका,

वित्तीय सम्पत्ति तथा दायित्वको वर्गीकरण अनुसार मूल्याङ्कन र लेखाइन फरक पर्ने हुन सक्छ । सहकारीले सम्पत्ति तथा दायित्वको प्रस्तुती तथा मूल्याइकनलाई उपयुक्त लेखा नीति अवलम्बन गरी वर्गीकरण गर्ने गरेको छ । वित्तीय सम्पत्ति तथा दायित्व सम्बन्धमा थप जानकारी बुँदा नं ३.४ मा प्रस्तुत गरिएको छ ।

**२.४.३ वित्तीय सम्पत्तिको नोक्सानी व्यवस्था (Impairment Losses on Financial Assets)**

वित्तीय सम्पत्तिमा भएको नोक्सानीको व्यवस्था सहकारी विभागले जारी गरेको सहकारी संघसंस्थामा सुशासन प्रवर्द्धनको लागि एकीकृत निर्देशन २०७९ को बुँदा नं २० बमोजिम वा NFRS–9 को Para 5.5 को Expected Credit Model मध्ये जुन रकम बढि हुन्छ सो रकमलाई नोक्सानी व्यवस्थाको लागि छुट्याईएको छ । NFRS 9 को para 5.5 बमोजिम Amortized Cost मा वर्गीकरण गरिएका वित्तीय सम्पत्तिमा नोक्सानी व्यवस्था गर्न निम्न लिखित बुँदाहरुमा उपयुक्त स्वविवेक, अनुमान र धारणाहरु अवलम्बन गरेको छ ।

- नोक्सानी व्यवस्था मूल्याङ्कनको लागि उपयुक्त पद्धतिको छनौट
- एकल रुपमा महत्व राख्ने वित्तीय सम्पत्तिको परिभाषा
- नोक्सानी व्यवस्थाको मूल्याङ्कनगर्ने प्रश्नहरु
- भविष्यमा वित्तीय सम्पत्तिबाट हुन सक्ने नगद प्रवाहको अनुमान
- आर्थिक अवस्था तथा पोर्टफोलियोका कारणहरुलाई समावेश गर्न गरिएको Historical Data को विश्लेषणको परिणामलाई समायोजन गरिएको ।

नोक्सानी व्यवस्थाको मूल्याङ्कनको प्रक्रियामा व्यवस्थापनले अवलम्बन गर्ने स्वविवेक उक्त मूल्याङ्कनको अभिन्न अंग हुन्छ र यसरी मूल्याङ्कन गर्दा व्यवस्थापनले उपलब्ध तथ्याकं औचित्यताका आधारमा समायोजन गर्ने गरेको छ । संस्थाको वित्तीय सम्पत्तिमा गर्नु पर्ने नोक्सानी व्यवस्था सम्बन्धी विवरण लेखा नीतिको बुँदा ३.४.८ मा प्रस्तुत गरिएको छ ।

**२.४.४ गैर वित्तीय सम्पत्तिको नोक्सानीको व्यवस्था**

संघले आवधिक रुपमा गैर वित्तीय सम्पत्तिमा गर्नुपर्ने नोक्सानी व्यवस्थाको परिक्षण गरी रहेको हुन्छ । यस्तो सम्पत्तिको नोक्सानी व्यवस्थाको लागि व्यवस्थाको उक्त सम्पत्तिबाट भविष्यमा हुन सक्ने नगद प्रवाहको अनुमान गरी सो लाई उपयुक्त Discount दरले आजको मूल्यमा ल्याई "Value in Use" मापन गर्नं पर्ने हुन्छ । यस सम्बन्धी थप जानकारी बुँदा नं ३.१९ मा प्रस्तुत गरिएको छ ।

**२.४.५ स्थिर सम्पत्तिको उपयुक्त प्रयोग अवधि**

संस्थाले उपयुक्त अनुमान, धारणा तथा स्वविवेकको आधारमा आवधिक रुपमा स्थिर सम्पत्ति तथा कार्यालय उपकरणको ह्रासकट्टीको विधि, उपयुक्त प्रयोग अवधि तथा उक्त अवधिको अन्त्यमा बाँकी मूल्य (Residual Value) पुनरावलोकन गर्ने गरेको छ ।

| | | | |
|---|---|---|---|
| केशवप्रसाद दाहाल<br>प्रमुख कार्यकारी अधिकृत | केशव प्रसाद दंगाल<br>कोषाध्यक्ष | उद्धव सापकोटा<br>अध्यक्ष | रमेश बराल, एफ. सि. ए.<br>आर. बराल एण्ड एसोसिएट्स<br>चार्टड एकाउन्टेन्ट्स् |

# बागमती प्रदेश बचत तथा ऋण सहकारी संघ लि. (बागमती प्रोस्कून)

**बनेपा न.पा-७, काभ्रेपलाञ्चोक**

**१ श्रावण २०८० देखी २०८१ आषाढ मसान्त सम्मको वित्तीय विवरणका लेखा टिप्पणीहरु**

### २.४.६ कर तथा स्थगन कर

आयकर खर्चमा यस वर्षको कर, स्थगन कर तथा विगत वर्षको कुनै थप कर दायित्व आयमा सो समेत समावेश गरिन्छ ।

### चालु कर

चालु आयकर दायित्व भन्नाले चालु आर्थिक वर्षमा गरिएको मुनाफाबाट आन्तरिक राजश्व विभागलाई तिर्नु पर्ने आयकर रकम हो । आयकर गणना गर्ने प्रयोजनको लागि उपयोग हुने करका दर (तथा कर सम्बन्धी कानून) वित्तीय स्थितिको विवरण मितिमा लागू भएका दर हुन् । सोही अनुरुप चालु आयकरको गणना गर्दा आयकर ऐन २०५८ ( संसोधन सहित) मा गरिएको व्यवस्था बमोजिम यस वर्षको नाफालाई आधार मानी गणना गरिन्छ ।

### स्थगन कर

सम्पत्ति तथा दायित्वहरुको वित्तीय विवरणमा गणना गरिएको रकम तथा कर कानुनका हिसाबले गणना गरिएको रकममा हुने अस्थाई भिन्नतालाई वित्तीय विवरणमा स्थगन कर सम्पत्ति (वा स्थगन कर दायित्व) का रुपमा लेखाकंन गरिन्छ । भविष्यमा हुने करयोग्य आयमा दावी गर्न सकिने पर्याप्त विश्वसनीय आधार नभएका स्थाई भिन्नतामा स्थगन कर सम्पत्ति (वा स्थगन कर दायित्व)को रुपमा पहिचान गरिदैन ।

### २.४.७ परिभाषित लाभ दायित्व (Defined Benefit Obligation)

संस्थाले कर्मचारी प्रतिको निम्न प्रकारका दायित्वहरुलाई परिभाषित लाभ दायित्व Defined Benefit Obligation को रुपमा पहिचान गरेको छ:

✓ सञ्चित विदा वापतको दायित्व

संघले उक्त दायित्वको मूल्याङ्कन खर्च स्वतन्त्र एकचुअरी (Actuary) बाट गराउन सकेको छैन । एक्चुरियल मूल्याङ्कनको लागि Discount दर, सम्पत्तिको अनुमानित प्रतिफल दर, अनुमानित तलब बढोत्तरीको दर, मृत्यु दर आदिको बारेमा विभिन्न धारणाहरु (Assumptions) अबलम्बन गरिएको हुन्छ ।

संस्थाले उक्त परिभाषित लाभ दायित्वको अवधिसँग मिल्ने नेपाल सरकारद्वारा जारी ऋणपत्रको ब्याज दरलाई Discount दरको रुपमा लिनुपर्ने हुन्छ । उपरोक्त धारणाहरु उपलब्ध भएसम्म मिल्दो जुल्दो सार्वजनिक रुपमा उपलब्ध आधिकारिक तथ्याङ्कहरुलाई आधार बनाई अवलम्बन गरिएको हुन्छ । यस सम्बन्धी थप जानकारी बुँदा नं ३.१३ मा प्रस्तुत गरिएको छ ।

### २.४.८ सम्भावित दायित्वको लागि व्यवस्था

सम्भावित दायित्वहरुमा विगतका घटनाक्रमबाट उत्पन्न हुन सक्ने त्यस्ता दायित्वहरु हुन जसको अस्तित्व तथा परिणाम भविष्यका एक वा एक भन्दा बढी तथा संस्थाको नियन्त्रण भन्दा बाहिर रहने अनिश्चित घटना क्रमहरुले निक्यौल गर्ने तथा विगतका घटना क्रमबाट उत्पन्न भएका तर देहायका कारणले गर्दा हाल लेखाइन नगरिएको दायित्वहरु पर्दछन् ।

❖ दायित्व निसर्ग गर्नका लागि आर्थिक लाभ हुने श्रोत बाहिरिने सम्भावना नरहेको अथवा

❖ दायित्व मापन गर्न सकिने पर्याप्त विश्वसनीय आधार नभएको

यस सम्बन्धी थप जानकारी बुँदा नं ४.१९ मा प्रस्तुत गरिएको छ ।

| | | | |
|---|---|---|---|
| केशबप्रसाद दाहाल | केशव प्रसाद दंगाल | उद्धव सापकोटा | [illegible], एफ. सि. ए. |
| प्रमुख कार्यकारी अधिकृत | कोषाध्यक्ष | अध्यक्ष | आर [illegible] एण्ड एसोसिएट्स |
| | | | चार्टर्ड एकाउन्टेन्ट्स् |

## बागमती प्रदेश बचत तथा ऋण सहकारी संघ लि. (बागमती प्रोस्कून)

**बनेपा न.पा-७, काभ्रेपलाञ्चोक**

**१ श्रावण २०८० देखी २०८१ आषाढ मसान्त सम्मको वित्तीय विवरणका लेखा टिप्पणीहरु**

### २.४.९ लगानी सम्पत्तिको वर्गीकरण

कुनै सम्पत्ति लगानी सम्पत्तिको रुपमा वर्गीकरण गर्न योग्य भए वा नभएको निर्धारण गर्नको लागि व्यवस्थापनको स्वविवेक आवश्यक पर्दछ। संस्थाले यी स्वविवेकको एकनास रुपले प्रयोग गर्न मापदण्डहरुको विकास गरेको छ। कुनै सम्पत्ति जुन भाडा वापत कमाउन वा पूँजीको मूल्यवृद्धिको लागि राखिएको छ वा दुबै उद्देश्यको लागि धारण गरिएको छ र त्यो सम्पत्तिले संस्थाले अन्य सम्पत्तिहरु भन्दा स्वतन्त्र रुपमा नगद प्रवाह उत्पन्न गर्न सक्दछ भने त्यो सम्पत्तिलाई लगानी सम्पत्तिको रुपमा वर्गीकरण गरिन्छ। त्यसैगरी कुनै सम्पत्ति जुन संचालनका लागि वा सेवा प्रदान गर्नका लागि वा प्रशासनिक उद्देश्यका लागि प्रयोग गरिन्छ र त्यो सम्पत्तिले एकल रुपमा प्रत्यक्ष नगद प्रवाहहरु उत्पन्न गर्न सक्दैन भने त्यस्ता सम्पत्तिलाई सम्पत्ति, प्लान्ट तथा उपकरणको रुपमा वर्गीकरण गरिन्छ। संस्थाले वार्षिक रुपमा आफ्ना सम्पत्तिहरुको वर्तमान उपयोगलाई ध्यानमा राखि सम्पत्तिको वर्गीकरण गर्दछ।

### २.५ लेखा नीतिमा परिवर्तन

संलग्न वित्तीय प्रतिवेदनहरु NFRS को अनुपालनमा बनाईएका वार्षिक वित्तीय प्रतिवेदनहरु हुन्। संघको पहिलो आ.व. देखि नै NFRS लागू गरिएकाले यस आ.व.मा लेखा नीतिमा कुनै परिवर्तन गरिएको छैन।

### २.६ संघको निरन्तरता / अविछिन्नतामा आधारित लेखा नीति (Going Concern)

संघको व्यवस्थापनले यस प्रदेश बचत तथा ऋण सहकारी संघको निरन्तर सञ्चालन हुन सक्ने क्षमताको मूल्याङ्कन गर्दा सहकारी संस्था अविछिन्न रुपमा सञ्चालन हुन सक्ने पाएको छ। साथै व्यवस्थापनले संघको अविछिन्न रुपमा सञ्चालन हुन सक्ने क्षमातामा ह्रास पुर्याउने खालको कुनै घटना वा अवस्था पाएको छैन। तसर्थ वित्तीय विवरणहरु संघको निरन्तरता र अबिछन्नतामा आधारित रहेर तयार पारिएको छ।

### २.७ तुलनात्मक जानकारी

लेखा नीतिहरु सबै अवधिमा समान रुपले अवलम्बन गरिएको छ। गत आर्थिक वर्षका वित्तीय रकमहरुलाई आवश्यकता अनुसार पूनरवर्गीकरण गरिएका छन्।

### २.८ वित्तीय स्थितिको विवरण मिति पश्चातका घटनाहरु

आर्थिक वर्षको अन्त्य देखि वार्षिक वित्तीय विवरण (मिति असाढ ३१, २०८१ को वित्तीय अवस्था दर्शाउने वित्तीय विवरणहरु) प्रकाशन वा जारी गर्न स्वीकृत नहुञ्जेलको समयावधिमा सो विवरणले पेश गरेको वित्तीय अवस्था सम्बन्धी थप जानकारी दिने वा उल्लेख्य असर पार्ने कुनै पनि अनुकूल वा प्रतिकूल घटनाहरुलाई वित्तीय स्थितिको विवरणको मिति पश्चातका घटनाहरु भन्ने गरिन्छ। यस सम्बन्धी थप जानकारी NAS 10 "Events after reporting date" बुँदा नं ५.४ मा प्रस्तुत गरिएको छ।

## ३ प्रमुख लेखा नीतिहरु

### ३.१ मापनको आधार

प्रस्तुत वित्तीय विवरण तल उल्लेखित अवस्थामा बाहेक Historical Cost Convention का आधारमा तयार गरिएको छ :

- अन्य व्यापारिक लगानी तथा लगानी सेक्युरिटिज (इक्वीटी शेयर) मा गरेको लगानीलाई NFRS–9 बमोजिम उचित मूल्यमा मापन गरिएको छ।
- कर्मचारीहरुको लागि व्यवस्था गरिएको परिभाषित लाभ दायित्व (Defined Benefit Obligation) तथा Long service leave लाई NAS–19 बमोजिम उचित मूल्यका आधारमा मापन गरिएको छ।
- परिशोधित लागत (Amortized Cost) मा मापन गरेको वित्तीय सम्पत्ति तथा वित्तीय दायित्वलाई करिबी प्रभावकारी ब्याज दरको आधारमा मापन गरिएको छ।

| | | | |
|---|---|---|---|
| कोषप्रसाद दाहाल<br>प्रमुख कार्यकारी अधिकृत | केशव प्रसाद दंगाल<br>कोषाध्यक्ष | उद्धव सापकोटा<br>अध्यक्ष | रमेश बराल, एफ. सि. ए.<br>आर बराल एण्ड एसोसिएट्स<br>चार्टर्ड एकाउन्टेन्ट्स् |

# बागमती प्रदेश बचत तथा ऋण सहकारी संघ लि. (बागमती प्रोस्कून)

**बनेपा न.पा-७, काभ्रेपलाञ्चोक**

## १ श्रावण २०८० देखी २०८१ आषाढ मसान्त सम्मको वित्तीय विवरणका लेखा टिप्पणीहरु

### ३.२ व्यवसाय प्राप्ति र साख

व्यवसाय प्राप्ति र साखलाई नियन्त्रण प्राप्त हुँदाको समयमा NFRS–3 बमोजिम "Acquisition Method" अनुसार लेखाइन गरिऐने छ उक्त Acquisition Method को लागि:

- ✓ नियन्त्रण प्राप्त गर्नेको पहिचान हुनु पर्छ ।
- ✓ नियन्त्रण प्राप्तिको मिति तय भएको हुनु पर्छ ।
- ✓ सम्पत्ति, दायित्व तथा Non–Controlling interest को मापन हुनु पर्छ ।
- ✓ नियन्त्रण प्राप्त गर्दा को Goodwill (साख) वा Bargain Purchase बाट हुने लाभको मापन हुनु पर्छ । उक्त व्यवसाय प्राप्ति र साखको Acquisition Method अनुसारको लेखाइनमा Goodwill को रकम Negative आएमा सो रकमलाई NFRS –3 वमोजिम व्यापार प्राप्ति गर्दाको लाभको रुपमा नाफा नोक्सान खातामा आम्दानी जनाइनेछ ।

संघले यस आ.व.मा कुनै व्यवसाय प्राप्ति गरेको छैन ।

### ३.३ नगद र नगद सरह

नगद र नगद सरह भन्नाले नगद तथा खरिद गरेको अथवा Placement गरिएको समय पश्चात तीन महिना वा सो भन्दा कम अवधिमा परिपक्व हुने मौद्रिक सम्पत्ति अथवा Placement लाई जनाउँदछ । प्रतिबन्धित मौज्दातलाई नगद र नगद सरहमा समावेश गरिएको छैन र परिशोधित लागतमा जनाइनुका साथै वित्तीय स्थितिको विवरणमा भिन्नै स्थानमा (Line Item) प्रस्तुत गरिएको छ ।

### ३.४ वित्तीय सम्पत्ति तथा दायित्व

अनुबन्धित सम्झौता अनुसार भविष्यमा हुने नगद प्रवाह वा अर्को एकाईको इक्वीटी उपकरणको स्वामित्वबाट सिर्जित सम्पत्ति वित्तीय सम्पत्ति अन्तंगत पर्दछ । वित्तीय सम्पत्ति सामान्यतया अन्य सम्पत्ति भन्दा बढी तरल हुने गर्दछ । वित्तीय सम्पत्तिमा नगद, तथा सोही प्रकृतिको नगद मौज्दात, बैंक ब्यालेन्स, माग तथा अल्प सूचनामा प्राप्त हुने रकम ऋणपत्र तथा इक्वीटी शेयरमा गरिएको लगानी, Derivative उपकरणमा गरिएको लगानी, ऋण लगानी आदि पर्दछन् ।

कुनै करार तथा सम्झौता अन्तर्गत भविष्यमा नगद भुक्तानी गरी वा अन्य कुनै वित्तीय सम्पत्ति हस्तान्तरण गरी निसर्ग हुने दायित्वलाई वित्तीय दायित्व भनिन्छ । वित्तीय दायित्वमा बैंक तथा वित्तीय संस्थालाई बुझाउनुपर्ने रकम, Derivative दायित्व, निक्षेप, सापटी, जारी गरिएका ऋणपत्र आदि पर्दछन् ।

### ३.४.१ वित्तीय सम्पत्तिको पहिचानको मिति

कुनै करार वा सम्झौता अन्तर्गत सिर्जित वित्तीय सम्पत्ति वा दायित्वको पहिचान सो करार वा सम्झौता भएकै मितिमा गरिन्छ । नियमित रुपमा खरिद बिक्री भई रहने वित्तीय सम्पत्तिको पहिचान उक्त खरिद बिक्री भएको मितिमा गरिएको छ ।

### ३.४.२ वित्तीय उपकरणको सुरुवाती पहिचान तथा मापन

सबै वित्तीय सम्पति तथा वित्तीय दायित्वहरु सिर्जना हुँदाकै समयमा उक्त सम्पत्ति तथा दायित्वको बजार मूल्यलाई सो उपकरण जारी गर्दा वा प्राप्त गर्दा लागेको खर्चले समायोजन गरी आएको मूल्यमा मापन गरिएको छ ।

| | | | |
|---|---|---|---|
| कोषप्रसाद दाहाल<br>प्रमुख कार्यकारी अधिकृत | केशव प्रसाद दंगाल<br>कोषाध्यक्ष | उद्धव सापकोटा<br>अध्यक्ष | रमेश ..., एफ. सि. ए.<br>आर बराल एण्ड एसोसिएट्स<br>चार्टर्ड एकाउन्टेन्ट्स् |

# बागमती प्रदेश बचत तथा ऋण सहकारी संघ लि. (बागमती प्रोस्कून)

बनेपा न.पा-७, काभ्रेपलाञ्चोक

## १ श्रावण २०८० देखी २०८१ आषाढ मसान्त सम्मको वित्तीय विवरणका लेखा टिप्पणीहरु

### ३.४.३ वित्तीय सम्पत्तिको वर्गीकरण तथा तत्पश्चात्को मापन

वित्तीय सम्पत्ति तथा दायित्वको पहिचान भईसके पश्चात् सो को मापन उक्त वित्तीय उपकरणको वर्गीकरणले निर्क्योल गर्ने गर्दछ। सुरुवातमा पहिचान गर्दा वित्तीय सम्पत्तिलाई निम्न दुई वर्गमा वर्गीकरण गरिएको छ :

- ➢ परिशोधित मूल्य (Amortized Cost) मा मापन गरिएका वित्तीय सम्पत्ति
- ➢ बजार मूल्यमा (Fair Value) मा मापन गरिएका वित्तीय सम्पत्ति

उक्त वर्गीकरण तथा तत्पश्चात्को मापन निम्न दुई मापदण्डहरुको आधारमा गरिन्छ :

- ✓ वित्तीय सम्पनिलाई व्यवस्थापन गर्न अपनाईएको व्यवसायिक मोडेल (Business Model)
- ✓ वित्तीय सम्मतिबाट प्राप्त हुने नगद प्रवाहको प्रकृति

### ३.४.३.१ परिशोधित मूल्य (Amortized Cost) मा मापन गरिएका वित्तीय सम्पत्ति

निम्न लिखित दुवै मापदण्डहरु पुरा हुँदाको अवस्थामा वित्तीय सम्पत्तिलाई परिशोधित मूल्यमा वर्गीकरण गरी मापन गरिन्छ।

**१. Business Model परिक्षण :**

कुनै वित्तीय सम्पत्ति प्राप्ति गर्दा सो लाई पुरै करार अवधि सम्मै निसर्ग धारण गरी करार अनुसार नगद प्रवाह सकलन गर्ने उद्धेश्य भएको।

**२. नगद प्रवाहको प्रकृति र विशेषताको परीक्षण**

सम्झौता गरिएको शर्तनामामा उल्लेख गरे बमोजिम तोकिएको मितिमा बाँकी रहेको साँवा तथा त्यसमा पाकेको व्याजको भुक्तानीको लागि मात्र नगद प्रवाह हुने।

यस परीक्षणको लागि ब्याज भन्नाले तोकिएको अवधिको वक्यौता सांवामा निहित Credit Risk र सो को Time Value of Money को लागि भुक्तानी हुने ब्याजलाई मात्र बुझिन्छ। Fair Value Through Profit or Loss (FVTPL) मा वर्गीकरण गरिएको बाहेक उपरोक्त दुबै मापदण्ड पुरा गर्ने सबै ऋणपत्र उपकरणहरु (Debt Instrument) प्रभावकारी ब्याज दर (Effective Interest Rate) को करिबी दर प्रयोग गरी परिपोधित मूल्यमा हानी घटाएर मापन गरिएको छ।

Amortized Cost मा मापन भई Hedging को लागि प्रयोग नभएका वित्तीय सम्पत्ति निसर्ग हुँदा वा क्षीण हुँदा वा बजार मूल्यमा पुनरवर्गीकृत हुँदा हुने फाइदा वा घाटालाई नाफा नोक्सान खातामा देखाउने गरिएको छ।

### ३.४.३.२ बजार मूल्यमा (Fair Value) मापन गरिएका वित्तीय सम्पत्ति

Amortized Cost मा मापन गरिएका बाहेकका वित्तीय सम्पतिहरु बजार मूल्यमा वर्गीकरण तथा मापन गरिन्छन्। बजार मूल्य भित्र निम्न दुई उपवर्ग रहेको छन् :

१. नाफा नोक्सान खातामा बजार मूल्य समायोजन हुने प्रकृतिका वित्तीय सम्पत्ति Fair Value Through Profit or Loss

२. अन्य विस्तृत आयमा बजार मूल्य समायोजन हुने प्रकृतिका वित्तीय सम्पत्ति Fair Value Through Other Comprehensive Income

नाफा नोक्सान खातामा बजार मूल्य समायोजन हुने प्रकृतिका वित्तीय सम्पत्तिहरुलाई उक्त सम्पत्ति प्राप्ति गर्दाको समयमा ने छोटो समयमा खरिद बिक्री गरी नाफा गर्दै जाने भन्ने उद्धेश्यले प्राप्ति गरिएको हुन्छ। तसर्थ, नाफा नोक्सान खातामा बजार मूल्य समायोजन हुने प्रकृतिका वित्तीय सम्पत्तिहरुको आवधिक मूल्यांकन गरिन्छ तथा यसरी मूल्याइन गर्दा हुने फाईदा वा घाटालाई नाफा नोक्सान खातामा देखाइन्छ।

| | | | |
|---|---|---|---|
| केशवप्रसाद दाहाल | केशव प्रसाद दंगाल | उद्धव सापकोटा | रमेश बराल, एफ. सि. ए. |
| प्रमुख कार्यकारी अधिकृत | कोषाध्यक्ष | अध्यक्ष | आर. बराल एण्ड एसोसिएट्स |
| | | | चार्टड एकाउन्टेन्ट्स् |

# बागमती प्रदेश बचत तथा ऋण सहकारी संघ लि. (बागमती प्रोस्कून)

**बनेपा न.पा-७, काभ्रेपलाञ्चोक**

## १ श्रावण २०८० देखी २०८१ आषाढ मसान्त सम्मको वित्तीय विवरणका लेखा टिप्पणीहरु

### ३.४.३.३ अन्य विस्तृत आयमा बजार मूल्य समायोजन हुने प्रकृतिको ईक्विटी शेयरमा लगानी भई सिर्जित वित्तीय सम्पत्ति (FVTOCI)

छोटो समयमा खरिद बिक्री गरी फाईदा आर्जन गर्ने उद्धेश्य राखी लगानी गरिएका बाहेक ईक्विटी शेयरमा गरिएका लगानीलाई अन्य विस्तृत आयमा बजार मूल्य समायोजन हुने प्रकृतिका वित्तीय सम्पत्तिमा वर्गीकरण र मापन गरिएको छ । यो वर्गमा वर्गीकरण गर्दा सो निर्णय अपरिवर्तनीय हुन गर्छ । यो वर्गमा वर्गीकृत ईक्विटी शेयरमा लगानी भएको वित्तीय सम्पत्तिबाट आर्जन हुने लाभाश आम्दानी सो पाकेको वर्ष नाफा नोक्सान खातामा देखाउने गरिन्छ ।

यस्ता वित्तीय सम्पत्तिको आवधिक पुनरमूल्याकंन गर्दा बजार मूल्यमा भएको परिवर्तनले हुने फाईदा वा घाटालाई अन्य विस्तृत आयमा देखाई जेथा (Equity) मा भएको परिवर्तन सम्बन्धिको विवरणमा प्रस्तुत गर्ने गरिएको हुन्छ । उक्त वित्तीय सम्पत्ति निसर्ग गर्दा हुने सञ्चित नाफालाई Equity मा भएको परिवर्तन सम्बन्धिको विवरणबाट सोझै सञ्चित मुनाफामा रकामन्तर गरिन्छ, तथापि सञ्चित नाफा मध्ये विक्री निसर्ग गरिएको आ.व. संग सम्बन्धित नाफालाई उक्त आ.व को नाफा नोक्सान खातामा प्रस्तुत गरिएका छ ।
तथापि सो नाफाको कारणले उत्पन्न हुने कर्मचारी बोनस तथा करको खर्चलाई नाफा नोक्सान खातामा नै देखाइएको छ । अन्य विस्तृत आयमा बजार मूल्यमा समायोजन हुने प्रकृतिको Equity शेयरमा लगानी भई सिर्जित वित्तीय सम्पत्तिको थप विवरण बुदा ५.१ मा प्रस्तुत गरिएको छ ।

### ३.४.४ वित्तीय दायित्वका दायित्वको वर्गीकरण तथा मापन

NFRS–9 "वित्तीय उपकरण" (Financial Instruments) अनुसार वित्तीय दायित्वलाई सोको वर्गीकरणका आधारमा मापन गर्ने गरिन्छ । वित्तीय दायित्वहरुलाई निम्न दुई वर्गमा वर्गीकरण गरिएको छ

- नाफा नोक्सान खातामा बजार मूल्य समायोजन हुने प्रकृतिका वित्तीय दायित्व
- Amortized Cost मा वर्गीकृत वित्तीय दायित्व

### ३.४.४.१ नाफा नोक्सान खातामा बजार मूल्य समायोजन हुने प्रकृतिका वित्तीय दायित्व

नाफा नोक्सान खातामा बजार मूल्य समायोजन हुने प्रकृतिका वित्तीय दायित्वहरुलाई उक्त दायित्व सृजना हुँदा छोटो समयमा खरिद विक्री गरी नाफा गर्दै जाने भन्ने उद्देश्यले सिर्जित भएको हुन्छ । तसर्थ, नाफा नोक्सान खातामा बजार मूल्य समायोजन हुने प्रकृतिका वित्तीय दायित्वहरुको आवधिक मूल्याङ्कन गरिन्छ तथा यसरी मूल्याकंन गर्दा हुने फाईदा वा घाटालाई नाफा नोक्सान खातामा देखाइन्छ । प्रस्तुत वित्तीय प्रतिवेदनमा नाफा नोक्सान खातामा बजार मूल्य समायोजन हुने प्रकृतिका कुनै पनि वित्तीय दायित्व रहेको छैन ।

### ३.४.४.२ Amortized Cost मा मापन गरिएका वित्तीय दायित्व

नफा नोक्सान खातामा बजार मूल्य समायोजन हुने प्रकृतिका वित्तीय दायित्व बाहेक अन्य सबै वित्तीय दायित्वलाई Amortized Cost मा वर्गीकृत गरिएको छ । शुरुवाती मापन पश्चात्त परिषेधित लागतमा लेखाइन गरिएका वित्तीय दायित्वलाई करिबी प्रभावकारी व्याजदरको प्रयोगबाट मापन गरिएको छ । सो वित्तीय दायित्वको परिशोधन खर्च तथा दायित्व निसर्ग हुँदाको समयको फाईदा वा घाटालाई नाफा नोक्सान खातामा लेखाकंन गरिन्छ ।

| | | | |
|---|---|---|---|
| ... दाहाल | केशव प्रसाद दंगाल | उद्धव सापकोटा | ... एफ. सि. ए. |
| प्रमुख कार्यकारी अधिकृत | कोषाध्यक्ष | अध्यक्ष | आर. बराल एण्ड एसोसिएट्स |
| | | | चार्टर्ड एकाउन्टेन्ट्स् |

## बागमती प्रदेश बचत तथा ऋण सहकारी संघ लि. (बागमती प्रोस्कून)

**बनेपा न.पा-७, काभ्रेपलाञ्चोक**

**१ श्रावण २०८० देखी २०८१ आषाढ मसान्त सम्मको वित्तीय विवरणका लेखा टिप्पणीहरु**

### ३.४.५ वित्तीय सम्पत्ति तथा दायित्वको पूनरवर्गीकरण

वित्तीय सम्पत्ति तथा दायित्वको पूनरवर्गीकरण व्यवस्थापनको छनौटमा उपकरण अनुसार फरक हुन सक्छ। वित्तीय सम्पत्तिको पूनरवर्गीकरण सो सम्पत्ति प्राप्त गर्दाको समयमा व्यवस्थापनले छनौट गरेको व्यावसायिक Model मा परिवर्तन भएको अवस्थामा मात्र गर्न सकिन्छ। NFRS 9 ले अन्य विस्तृत नाफा नोक्सान खातामा बजार मूल्य समायोजन हुने प्रकृतिको Equity शेयरमा लगानी भई सिर्जित सम्पत्तिलाई पुनरवर्गीकरण गर्न बन्देज लगाएको छ। व्यवस्थापनको अवधारणामा कुनै वित्तीय सम्पत्ति वा दायित्वको पुनरवर्गीकरण गर्नु जरुरी देखिएमा यस्तो पूनरवर्गीकरणबाट लेखामा हुने प्रभाव तथा समायोजनहरु सो पुनरवर्गीकरणको मितिमा तथा सो मिति पश्चात मात्र लागू हुन्छ। सो मिति अघिका कुनै पनि वित्तीय विवरणलाई पूनरलेखन गरिदैन। कुनै वित्तीय सम्पत्ति नाफा नोक्सान खातामा बजार मूल्य समायोजन हुने प्रकृतिका वित्तीय सम्पत्ति वर्गमा पूनरवर्गीकरण गरिंदा सो गर्दाको मितिको बजार मूल्यमा मापन गरी लेखाकंन गरिन्छ। यसरी मापन गर्दा उक्त वित्तीय सम्पत्तिको पूनरवर्गीकरण हुनु अघिको किताबी मूल्य र पूनरवर्गीकरण गर्दाको बजार मूल्यमा हुने फरकलाई नाफा नोक्सान खातामा समायोजन गरिन्छ।

### ३.४.६ वित्तीय सम्पत्ति तथा दायित्वको निसर्ग

### ३.४.६.१ वित्तीय सम्पत्तिको निसर्ग

निम्न उल्लेखित कुनै पनि अवस्थामा संस्थाको वित्तीय सम्पत्ति पुर्ण वा आंशिक रूपमा निसर्ग भएको स्थिति हुन आउँछ

- सम्झौता अनुसारको नगद प्रवाहमा भएको अधिकार समाप्त हुँदा
- सम्झौता अनुसारको नगद प्रवाहमा भएको अधिकार हस्तान्तरण गरिएमा सो सँग जोडिएको सम्पूर्ण जोखिम तथा प्रतिफल पनि हस्तान्तरण हुँदा

यसरी निसर्ग भएको वित्तीय सम्पत्ति निसर्ग हुँदा रहेको किताबी मूल्य र सो निसर्गबाट प्राप्त मूल्य तथा सो सँग सम्बन्धित अन्य विस्तृत नाफा नोक्सान खातामा रहेको सञ्चित फाईदा वा घाटाको योगमा फरक भएमा सो फरक रकमलाई नाफा नोक्सान खातामा लेखाकंन गरिन्छ।

### ३.४.६.२ वित्तीय दायित्वको निसर्ग

कुनै वित्तीय दायित्वसँग जोडिएको दायित्वहरु समाप्त भएको अवस्थामा सो दायित्व निसर्ग भएको मानिन्छ। यसरी निसर्ग हुँदा उक्त वित्तीय दायित्वको किताबी मूल्य र निसर्ग हुँदा तिरेको मूल्यमा हुने फरकलाई नाफा नोक्सान खातामा लेखाइन गरिन्छ।

### ३.४.७ वित्तीय सम्पत्ति तथा दायित्वको फेयर भ्यालु निर्धारण

तरल बजारमा कारोवार हुने वित्तीय उपकरण (डेरिभेटिभ उपकरण सहित) को फेयर भ्यालु वासालातको मितिको बिड (bid) अथवा प्रस्तावित अन्तिम मूल्य (Closing Price) हो। सक्रिय बजार नहुने वित्तीय उपकरणहरुको फेयर भ्यालु विभिन्न मूल्य निर्धारण विधिहरु (गणितीय विधि) प्रयोग गरी निर्धारण गरिन्छ। यो विधिहरुलाई चाहिने निवेशहरु (inputs) सम्भव भएसम्म अवलोकन गर्न सकिने बजार तथ्याङ्कबाट लिइन्छ। फेयर भ्यालु विभिन्न मूल्य निर्धारण विधिहरुको प्रयोग गरी मापन गरिन्छ। यस प्रकृया अर्न्तगत भविष्यमा अपेक्षित नगद प्रवाह निर्धारण गर्ने र वासालात मितिसम्म "डिस्काउन्ट' (छुट) गर्नु पर्दछ। यी उपकरणहरुको लागि अनुमान गरिएको भविष्यमा अपेक्षित नगद प्रवाह मार्केट (बजार) तथ्याङ्कको धारणा (assumption) मा भर पर्दछ। त्यसैले फेयर भ्यालुको अनुमान फरक पर्ने हुँदा बजारबाट प्राप्त (realizable) नहुन सक्दछ। विभिन्न बजार धारणाहरु (assumptions) अन्तर्गत मानहरु पनि महत्वपूर्ण रुपले (significantly) फरक पर्न सक्दछ। संस्थाले निम्न फेयर भ्यालु पदानुक्रम अनुसार फेयर भ्यालु मापन गरेको छ। यसले मापन गर्न प्रयोग हुने निवेश (inputs) को महत्वलाई झल्काउँदछ।

तह-१:- समान उपकरणका लागि सक्रिय बजारमा उद्धृत बजार मूल्यहरु (Unadjusted)।

| | | | |
|---|---|---|---|
| केशवप्रसाद दाहाल | केशव प्रसाद दंगाल | उद्धव सापकोटा | रमेश बराल एफ. सि. ए. |
| प्रमुख कार्यकारी अधिकृत | कोषाध्यक्ष | अध्यक्ष | आर बराल एण्ड एसोसिएट्स |
| | | | चार्टर्ड एकाउन्टेन्ट्स् |

## बागमती प्रदेश बचत तथा ऋण सहकारी संघ लि. (बागमती प्रोस्कून)

**बनेपा न.पा-७, काभ्रेपलाञ्चोक**

**१ श्रावण २०८० देखी २०८१ आषाढ मसान्त सम्मको वित्तीय विवरणका लेखा टिप्पणीहरु**

**स्तर-२:-** अवलोकन योग्य निवेशहरु (observable inputs) को आधारमा या त सिधै (मूल्यको रुपमा) वा अप्रत्यक्ष रुपमा (मूल्यबाट प्राप्त) मूल्य निर्धारण विधि । यस वर्ग अन्तर्गत उपकरणहरुको मूल्य निम्न तरिकाहरु प्रयोग गरी निर्धारण गरिन्छ

(क) समान उपकरणका लागि सक्रिय बजारमा उद्धृत बजार मूल्य वा

(ख) सक्रिय बजार भन्दा कम मानिने बजारहरुमा समान उपकरणका लागि उद्धृत मूल्य वा

(ग) अन्य मूल्य निर्धारण विधिहरु जहाँ सबै महत्पूर्ण निवेशहरु (inputs) प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा बजार तथ्याङबाट निरीक्षण गर्न सकिन्छ ।

**स्तर-३:-** निरीक्षण गर्न नसकिने महत्वपूर्ण निवेशहरु (signficant unobservable inputs) प्रयोग गरिने मूल्य निर्धारण विधि । यस वर्ग अन्तर्गत समान उपकरणहरुको उद्धृत मूल्यलाई आधार मानी मूल्य निर्धारण गरिने उपकरणहरु पर्दछन् । यसरी मूल्याङ्कन गर्दा महत्वपूर्ण निरीक्षण गर्न नसकिने समायोजन (Significant unobservable adjustments) वा धारणाहरु (assumptions) तय गर्न आवश्यक पर्दछ । संलग्न वित्तीय प्रतिवेदनमा भएका सम्पत्ति तथा दायित्वको बजार मूल्यको निर्क्यौल गर्न अपनाइएको पद्धतिको बारे थप जानकारी बुँदा नं. ५.१ मा प्रस्तुत गरिएको छ ।

### ३.४.८ वित्तीय सम्पत्तिमा हुने नोक्सानी

संस्थाले वित्तीय विवरण बनाउँदा कुनै पनि वित्तीय सम्पत्तिमा नोक्सान भए नभएको बारे प्रमाण सहित आंकलन गर्ने गरेको हुन्छ । उक्त प्रमाणले त्यस्तो सम्पत्तिबाट भविष्यमा प्राप्त हुने नगद प्रवाहलाई नकारात्मक असर गरेको दर्शाएमा सो वित्तीय सम्पत्ति नोक्सान भएको ठहर गरी त्यसमा नोक्सानी व्यवस्था गर्ने गरिएको हुन्छ ।

यस्तो नोक्सानी रहेको छ भन्ने अवस्थाको उजागर कुनै एक प्रमाणबाट मात्र नभई प्रमाणहरुको सामुहिक आंकलनबाट पनि गर्नुपर्ने हुन्छ । यस्तो नोक्सानी व्यवस्था उजागर गर्ने केही प्रमाणहरु यस प्रकार रहेका छन्

- खराब वित्तीय अवस्था
- सम्झौताका शर्तहरुको उल्लङ्घन गरेको जस्तै व्याज तथा सांवा भुक्तानीमा अनियमितता
- ऋणी टाट पल्टिन सक्ने सम्भावना रहेका
- वित्तीय सम्पत्तिबाट सुरुवातमा भविष्यमा प्राप्त हुन सक्ने भनी आंकलन गरिएको नगद प्रवाह भन्दा हाल गरिएको आंकलन कम भएमा

### ३.४.८.१ नोक्सानी व्यवस्था / नोक्सानी व्यवस्था फिर्ता तथा अपलेखन

वित्तीय सम्पत्तिको नोक्सानी व्यवस्था मापन गर्दाको, किताबी मूल्य तथा सो सम्पत्तिबाट भविष्यमा प्राप्त हुन सक्ने भनी आंकलन गरिएको नगद प्रवाहलाई उक्त सम्पत्तिको पहिलो पटक पहिचान र लेखाकंन गर्दा प्रयोग गरिएको समायोजित व्याजदरले Discounting गर्दा हुन आउने रकम बीचको फरकलाई जनाईन्छ। यस्तो नोक्सानी व्यवस्थालाई नाफा नोक्सान खातामा खर्च जनाइन्छ र वित्तीय सम्पत्तिको किताबी मूल्यबाट उक्त नोक्सानी बराबरको रकमलाई घटाएर प्रस्तुत गरिन्छ । नोक्सानी व्यवस्था गर्नु पर्ने भनी उजागर गर्ने प्रमाणहरुले दर्शाएको अवस्थामा सुधार हुँदा सो सम्पत्तिमा पहिले गरिएको नोक्सानी व्यवस्थालाई फिर्ता गरी नाफा नोक्सान खातामा आम्दानी जनाइन्छ तथा यसरी पहिले गरिएको नोक्सानी व्यवस्थाबाट फिर्ता गर्दा सो सम्पत्तिको किताबी मूल्यलाई फिर्ता भए बराबरको रकमले बढाएर देखाइन्छ ।

### ३.४.८.२ एकल ऋणको नोक्सानी व्यवस्था

एकल रुपमा महत्वपूर्ण ऋणको नोक्सानी व्यवस्था गर्न निम्न आधारहरुलाई मध्यनजर गरिएको हुन्छ

- सो एकल सदस्य समूहमा प्रवाहित सम्पूर्ण ऋण रकम
- सदस्यको व्यापारको सम्भाव्यता तथा ऋण भुक्तानी गर्न सक्ने क्षमता
- भुक्तानी तथा असुलीको अनुमानित रकम र भुक्तानी मिति
- धितोबाट उठ्न सक्ने अनुमानित रकम

| | | | |
|---|---|---|---|
| कृष्णप्रसाद दाहाल | केशव प्रसाद दंगाल | उद्धव सापकोटा | रमेश बराल, एफ. सि. ए. |
| प्रमुख कार्यकारी अधिकृत | कोषाध्यक्ष | अध्यक्ष | आर. बराल एण्ड एसोसिएट्स |
| | | | चार्टड एकाउन्टेन्ट्स् |

# बागमती प्रदेश बचत तथा ऋण सहकारी संघ लि. (बागमती प्रोस्कून)

**बनेपा न.पा-७, काभ्रेपलाञ्चोक**

**१ श्रावण २०८० देखी २०८१ आषाढ मसान्त सम्मको वित्तीय विवरणका लेखा टिप्पणीहरु**

### ३.४.८.३ सामुहिक ऋण नोक्सानी व्यवस्था

उस्तै प्रकृतिका ऋणहरुलाई समूहमा वर्गीकरण गरिन्छ। सामुहिक ऋण नोक्सानी व्यवस्थाको आंकलन साख्यिकीय (Statistical) पद्धतिको माध्यमबाट गरिन्छ। यस्तो सामुहिक ऋणमा विगतमा भएको नोक्सानी दरलाई 'Net Flow Rate' विधिबाट निर्धारण गरिन्छ। यस विधि अनुसार विगतमा प्रवाहित ऋणहरुलाई समूह अनुसार भाखा नाघेको आधारमा विभिन्न अवधिमा वर्गीकरण गरी सो समूहको 'Default' को सम्भाव्यता अनुमान गरिन्छ। उक्त सम्भाव्यतालाई आवधिक रुपमा पूनरावलोकन गर्ने गरिन्छ।

### ३.४.८.४ पूनरसंरचना र पूनरतालिकीकरण भएका ऋणको नोक्सानी व्यवस्था

संस्थाले सम्भव भएसम्म ऋणको धितो अधिग्रहण गर्नु भन्दा सम्भाव्यताको आंकलन गरी त्यस्ता ऋणलाई पूनरतालिकीकरण अथवा पूनरसंरचना गरिएको हुन्छ। यसरी पूनरतालिकीकरण वा पूनरसंरचनाको लागि संस्था तथा ऋणी दुवै पक्ष सहमत भए पश्चात् सो ऋणमा गर्नु पर्ने ऋण नोक्सानी व्यवस्था सो ऋणको सुरुवातको समायोजित व्याज दरकै आधारमा गरिन्छ। यसरी ऋण नोक्सानी व्यवस्था गरे पश्चात सो ऋणलाई भाखा नाघेको ऋणको रुपमा गणना गरिँदैन। यस्ता ऋणलाई एकल रुपमा महत्वपूर्ण राख्ने वा सामुहिकृत ऋणमा वर्गीकरण गरी ऋण नोक्सानी व्यवस्थाको आंकलन गर्ने गरिन्छ।

### ३.४.८.५ NFRS 9 – वित्तीय उपकरण - पहिचान, लेखाकंन तथा मापन (ऋण नोक्सानी व्यवस्था सम्बन्धी)

प्रस्तुत वित्तीय विवरण तयार गर्दा बुँदा २.१.२(क) मा प्रस्तुत गरिएको वैकल्पिक व्यवस्थाको उपयोग गरिएको छ। तदानुरूप, संस्थाले कर्जा लगानीमा रु. २१,४३२,२३२.८४ कर्जा नोक्सानी व्यवस्था गरेको छ।

### ३.४.९ प्रचलित व्याज दर भन्दा कममा कर्मचारीलाई प्रवाहित सापटी

संघले आफ्ना कर्मचारीहरुलाई मानव संशाधन व्यवस्थापन नियमावलीको प्रावधान भित्र रही सहुलियत व्याज दरमा ऋण सापटी प्रवाह गर्ने गरेको छ। कर्मचारीबाट ऋण सापटीको भुक्तानीका लागि भविष्यमा प्राप्त हुने नगद प्रवाहलाई सोही प्रकृतिका ऋणको बजारमा प्रचलित व्याज दरले Discounting गरी सो ऋणको बजार मूल्य निर्धारण गरिन्छ। ऋणको शुरुवाती Transaction Price तथा उक्त बजार मूल्यको फरक कर्मचारी सुविधाको रुपमा र बाकी रकमलाई वित्तीय सम्पत्तिको रुपमा Amorised Cost मा मापन गर्ने गरी लेखाकंन गरिएको छ।

कर्मचारीलाई प्रवाहित ऋण सापटीसँग सम्बन्धित अग्रिम भुक्तानी भएको कर्मचारी सुविधालाई उक्त ऋण सापटीको अवधिमा परिशोधन गरी खर्च लेख्ने गरिन्छ। सो ऋणको बजार मूल्यमा समायोजित व्याज दर अनुसार हुने व्याज आम्दानीको फरकलाई परिशोधन खर्चको रुपमा उक्त अग्रिम भुक्तानी भएको कर्मचारी सुविधाबाट परिशोधन गर्दै लेखाकंन गरिएको छ।

### ३.४.१० Amortized Cost को मापन

कुनै वित्तीय सम्पत्ति तथा दायित्वको Amortized Cost को रुपमा सो को सुरुवाती किताबी मूल्यमा साँवा भुक्तानीको रकम, संचित परिशोधन खर्च तथा संचित नोक्सानी व्यवस्थाको रकम समायोजन गरे पछिको रकमलाई जनाईन्छ। कुनै पनि वित्तीय सम्पत्तिबाट भविष्यमा प्राप्त हुने वा वित्तीय दायित्वको लागि भविष्यमा भुक्तानी हुने रकमलाई Discount गर्दा हुन आउने मूल्य सो वित्तीय सम्पत्ति तथा दायित्वको आजको किताबी मूल्य बराबर हुन्छ भने, यसरी भविष्यमा प्राप्त हुने वा भुक्तानी हुने रकमलाई Discount गर्न प्रयोग भएको उक्त व्याज दरलाई समायोजित व्याजदर भनिएको छ। संस्थाले समायोजित व्याजदरका आधारमा वित्तीय सम्पत्ति तथा दायित्वको Amortized Cost मापन गर्ने गरेको छ।

| | | | |
|---|---|---|---|
| केशवप्रसाद दाहाल | केशव प्रसाद दंगाल | उद्धव सापकोटा | रमेश बराल, एफ. सि. ए. |
| प्रमुख कार्यकारी अधिकृत | कोषाध्यक्ष | अध्यक्ष | आर. बराल एण्ड एसोसिएट्स |
| | | | चार्टर्ड एकाउन्टेन्ट्स् |

## बागमती प्रदेश बचत तथा ऋण सहकारी संघ लि. (बागमती प्रोस्कून)

**बनेपा न.पा-७, काभ्रेपलाञ्चोक**

**१ श्रावण २०८० देखी २०८१ आषाढ मसान्त सम्मको वित्तीय विवरणका लेखा टिप्पणीहरु**

### ३.५ लगानी सम्पत्ति (Investment Properties)

NFRS–16 (सम्पत्ति तथा उपकरण) बमोजिम वर्गीकरण गरिएको सम्पत्ति तथा उपकरण र NFRS–5 (बिक्रीका लागि उपलब्ध गैर अचल सम्पत्ति र बन्द गरिएको संचालन) बमोजिम वर्गीकरण गरिएको बाहेक जग्गा वा भवन वा दुबै लगानी सम्पत्ति हुन् । संस्थाले गैर बैकिङ्ग सम्पत्तिको रुपमा प्राप्त गरेको जग्गा वा भवन वा दुवैलाई लगानी सम्पत्तिको रुपमा वर्गीकरण न गर्ने नीति लिएको छ । संस्थाले लगानी सम्पत्तिलाई NAS– 16 अनुसार ऐतिहासिक मुल्यमा लेखाकंन गर्ने नीति लिएको छ ।

### ३.६ सम्पत्ति तथा उपकरण

सम्पत्ति तथा उपकरणहरु एक वर्ष वा सो भन्दा बढी धारण गरी सदस्यलाई सेवा प्रदान गर्नको लागि वा संस्थाको प्रशासनिक कार्यमा प्रयोगको लागि वा बहालमा लगाउने उद्देश्य भएका सम्पत्ति हुन् । संस्थाले NAS 16 – 'Property, Plant & Equipment' को व्यवस्था अनुसार आफ्ना स्थिर सम्पत्ति र कार्यालय उपकरणहरुको पहिचान, मापन तथा लेखाकंन गर्ने गरेको छ । संस्थाको स्थिर सम्पत्ति तथा कार्यालय उपकरणहरुको बारेमा थप जानकारी बुँदा नं. ४.७ मा प्रस्तुत गरिएको छ ।

### ३.६.१ पहिचानको आधार

संस्थालाई स्थिर सम्पत्ति तथा कार्यालय उपकरणको उपयोगबाट भविष्यमा अवश्यम्भावी आर्थिक लाभ हुने सम्भावना रहेको तथा सो स्थिर सम्पत्ति तथा कार्यालय उपकरणको लागत मापन गर्न सकिएको अवस्थामा मात्र त्यस्ता स्थिर सम्पत्ति तथा कार्यालय उपकरणको पहिचान गर्ने गरिन्छ । संस्थाले रु २,०००/- सम्म मूल्य पर्ने सम्पत्तिहरुलाई पूजीकृत नगरी खरिद गरिएकै वर्षमा खर्च जनाउने नीति लिएको छ । संस्थाले NFRS–16 पट्टा (Lease) को प्रावधान अनुसार आर.ओ.यू सम्पत्ति लाई समेत सम्पत्ति तथा उपकरण अन्तर्गत नै प्रस्तुत गर्ने नीति लिएको छ ।

### ३.६.२ मापनको आधार

पहिचान भएका स्थिर सम्पत्ति तथा कार्यालय उपकरणको लागतलाई मापन गरी लेखाकंन गरिन्छ । लागत मापन गर्दा सो स्थिर सम्पत्ति तथा कार्यालय उपकरण प्राप्ति वा निर्माणका लागि भएका पूँजीकृत गर्न मिल्ने सबै खर्चलाई सो सम्पत्तिको लागतको रुपमा लेखाकंन गरिन्छ । उक्त प्रकृति बाहेकका अन्य खर्चहरुलाई खर्च भएकै अवधिमा प्रोदभावी आधारमा नाफा नोक्सान खातामा लेखाकंन गरिन्छ ।

### ३.६.३ लागत विधि (Cost Model)

स्थिर सम्पत्ति तथा कार्यालय उपकरणलाई "लागत Model" मा लेखाकंन तथा प्रस्तुत गर्ने संस्थाको लेखा नीति रहेको छ । यस Model अनुसार स्थिर सम्पत्ति तथा कार्यालय उपकरणलाई सोको ऐतिहासिक लागतबाट सञ्चित ह्रासकट्टी तथा सञ्चित क्षयिकरणको नोक्सानीलाई घटाएर प्रस्तुत गर्ने गरिन्छ ।

### ३.६.४ पूनरमूल्याकंन विधि (Revaluation Model)

संस्थाले आफ्नो कुनै पनि वर्गका स्थिर सम्पत्ति तथा कार्यालय उपकरणका लागि पुनरमूल्याइन Model अपनाएको छैन ।

### ३.६.५ निसर्ग (Derecognition)

स्थिर सम्पत्ति तथा कार्यालय उपकरण विक्री गरिएमा अथवा सो को प्रयोगबाट भविष्यमा कुनै पनि आर्थिक लाभ लिन नसकिने अवस्था आंकलन भएमा, सो सम्पत्तिको किताबी मूल्यलाई निसर्ग गर्ने गरिन्छ। यसरी निसर्ग गरिंदा हुन आउने फाईदा वा घाटालाई नाफा नोक्सान खातामा प्रस्तुत गरिन्छ ।

| | | | |
|---|---|---|---|
| केशवप्रसाद दाहाल<br>प्रमुख कार्यकारी अधिकृत | केशव प्रसाद दंगाल<br>कोषाध्यक्ष | उद्धव सापकोटा<br>अध्यक्ष | रमेश बराल, एफ. सि. ए.<br>आर बराल एण्ड एसोसिएट्स<br>चार्टड एकाउन्टेन्ट्स् |

# बागमती प्रदेश बचत तथा ऋण सहकारी संघ लि. (बागमती प्रोस्कून)

**बनेपा न.पा-७, काभ्रेपलाञ्चोक**

**१ श्रावण २०८० देखी २०८१ आषाढ मसान्त सम्मको वित्तीय विवरणका लेखा टिप्पणीहरु**

### ३.६.६ पुँजीकृत नगरिएका स्थिर सम्पत्ति

कुनै स्थिर सम्पत्तिको निर्माण गर्दा हुने खर्च सो स्थिर सम्पत्ति उपयोगमा ल्याउन नमिलेसम्म यस शिर्षक अन्तर्गत देखाईन्छ । यस्ता खर्चहरुलाई उक्त सम्पत्ति प्रयोगमा ल्याउन मिल्ने भएपछि सो समयमा उक्त शिर्षकबाट स्थिर सम्पत्तिको लागतको रुपमा रकमान्तर गरि पूँजीकृत गरिन्छ ।

### ३.६.७ ह्रासकट्टी

संघले स्थिर सम्पत्ति तथा कार्यालय उपकरण उपयोगको लागि उपलब्ध भएपछि निसर्ग हुने समयसम्मको अवधिमा ह्रासकट्टी गर्ने गरेको छ । लिजहोल्ड सम्पत्ति र आर.ओ.यू सम्पत्ति बाहेक, संस्थाले स्थिर सम्पत्ति तथा कार्यालय उपकरणलाई सोको अनुमानित प्रयोग अवधिको आधारमा घट्दो ह्रासकट्टी प्रणाली (Written Down Method) अनुसार ह्रासकट्टी गर्ने गरेको छ भने लिजहोल्ड र आर.ओ.यू सम्पत्तिलाई भने पट्टा अवधिमा अपलेखन हुने गरी परिशोधन गर्ने नीति अपनाइएको छ । संस्थाका विभिन्न प्रकृतिका स्थिर सम्पत्ति तथा कार्यालय उपकरणको अनुमानित उपयोग अवधि निम्न बमोजिम छ ।

| **सम्पत्तिको प्रकृति** | **अनुमानित उपयोग अवधि** |
|---|---|
| भवन | ५० वर्ष |
| फर्निचर तथा फिक्स्चर | १५ वर्ष |
| कम्प्यूटर तथा प्रिन्टर | ८ वर्ष |
| कार्यालय उपकरण | ५ वर्ष |
| अन्य सम्पत्ति | ५ वर्ष |
| सवारी साधन | १० वर्ष |
| आर. ओ. यू सम्पत्ति | पट्टाको अवधि |
| लिज होल्ड सम्पत्ति | पट्टाको अवधि |

स्थिर सम्पत्ति तथा कार्यालय उपकरण निसर्ग वा विक्रीको लागि वर्गीकृत (Held for Sale) भएमा ह्रासकट्टी स्थगित गरिन्छ । यस्ता सम्पत्ति सक्रिय प्रयोगबाट निष्क्रिय नहुन्जेल, सो मा ह्रासकट्टी गरी राखिन्छ । ह्रासकट्टीको पद्दति, अनुमानित उपयोग अवधि तथा सो अवधि पश्चात बाँकी रहने मूल्य (Residual Value) को आवधिक रुपमा पूनरावलोकन तथा उचित समायोजन गर्ने गरिन्छ ।

### ३.६.८ अनुमानमा परिवर्तन

सम्पत्तिको बाँकी रहने मूल्य, अनुमानित उपयोग अवधि तथा ह्रासकट्टीको विधिहरु समय सापेक्ष राख्न नियमित रुपमा पुनरावलोकन तथा उचित समायोजन गर्ने गरिन्छ ।

### ३.७ साख तथा अभौतिक सम्पत्ति

**लेखाकंन**

अमूर्त सम्पत्ति एउटा पहिचान योग्य गैर मौद्रिक सम्पत्ति हो जसको कुनै भौतिक उपस्थिति हुँदैन र त्यस सम्पत्तिलाई उत्पादन गर्नका निमित्त, सेवा प्रदान गर्नका निमित्त, कसैलाई भाँडामा दिन वा प्रशासनिक कामको लागि प्रयोग गरिन्छ । अमूर्त सम्पत्तिको लेखाकंन त्यस वखत गरिन्छ जब भविष्यमा त्यस सम्पत्तिबाट आर्थिक लाभ प्राप्त हुन सक्दछ र सम्पत्तिको परल मूल्यलाई विश्वसनीय ढङ्गले मूल्याङ्कन गर्न सकिन्छ । शुरुमा अमूर्त सम्पत्तिलाई लागतको आधारमा लेखाकंन गरिन्छ । अमूर्त सम्पत्तिसँग सम्बन्धित खर्च जुन अगाडि कै वार्षिक वित्तीय विवरण वा अन्तरिम वित्तीय विवरणमा खर्च भनी लेखाकंन गरिएको छ, पछिको समयमा त्यस्ता खर्चहरुलाई अमूर्त सम्पत्तिको रुपमा पूँजीकरण गरिँदैन ।

| | | | |
|---|---|---|---|
| कृष्णप्रसाद दाहाल | केशव प्रसाद दंगाल | उद्धव सापकोटा | रमेश बराल, एफ. सि. ए. |
| प्रमुख कार्यकारी अधिकृत | कोषाध्यक्ष | अध्यक्ष | आर बराल एण्ड एसोसिएट्स |
| | | | चार्टड एकाउन्टेन्ट्स् |

# बागमती प्रदेश बचत तथा ऋण सहकारी संघ लि. (बागमती प्रोस्कून)

**बनेपा न.पा-७, काभ्रेपलान्चोक**

**१ श्रावण २०८० देखी २०८१ आषाढ मसान्त सम्मको वित्तीय विवरणका लेखा टिप्पणीहरु**

### ३.७.१ साख (Goodwill)

व्यापार संयोजन गर्दाको साख भन्नाले अर्को संस्था प्राप्तिको लागि तिरेको मूल्य, नियन्त्रणमा नभएको शेयर स्वामित्व (Non Controlling Interest) तथा यसरी प्राप्ति गर्नु अगाडिको शेयर स्वामित्व को योगफलबाट उक्त प्राप्ति गर्न लागेको संस्थाको खुद जायजेथा घटाएपछि आउने रकमलाई जनाउँछ । साखलाई सो को लागत मूल्यबाट सो मा भएको सञ्चित क्षयिकरण नोक्सानीलाई घटाएर प्रस्तुत गर्ने गरिएको हुन्छ । साख आवंटित गरिएको नगद उत्पादक इकाईको तलका दुवै अवस्थामा हानीको परीक्षण गर्ने गरिन्छ ।

- ❖ वार्षिक अथवा
- ❖ हानीको कुनै संकेत भेटिएमा

साखको क्षयिकरण नोक्सानीको मापन गर्न साख सहित नगद उत्पादक इकाईको प्राप्ति योग्य रकमसंग इकाईको किताबी मूल्यसँग तुलना गरी गर्ने गरिन्छ । यसरी तुलना गर्दा यदि इकाईको प्राप्ति योग्य रकम इकाईको किताबी मूल्य भन्दा बढि भएको अवस्थामा साखमा क्षयिकरणको पहिचान गरिछ । प्राप्ति योग्य रकम भन्नाले कुनै पनि सम्पत्ति वा नगद उत्पादक इकाईको उचित मुल्य रहित लागत को निपटान (Fair Value less cost to sell) र उपयोग को मूल्य मध्ये जुन बढि हुन्छ त्यसलाई मान्ने गरिन्छ ।

### ३.७.२ अभौतिक सम्पत्ति

अभौतिक सम्पत्तिको लेखाङ्कनको लागि संस्थाले NAS 38 को प्रावधानलाई अपनाएको छ । संस्थाले तल उल्लेखित अवस्थामा मात्र अभौतिक सम्पत्तिको पहिचान गरी लेखाकंन गर्ने गरेको छ।

- ❖ लागतको मापन गर्ने सकिने भएको
- ❖ विगतका घटनाक्रमले सो अभौतिक सम्पत्ति माथि संस्थाको नियन्त्रण भएमा
- ❖ भविष्यमा सो अभौतिक सम्पत्तिबाट संस्थाले आर्थिक लाभ लिन सक्ने भएमा

प्रस्तुत वित्तीय विवरणमा कम्प्युटर सफ्टवेयरलाई अमुर्त सम्पत्तिको रुपमा लेखाकंन गरिएको छ ।

### ३.७.३ कम्प्युटर सफ्टवेयर

कम्प्युटर सफ्टवेयरलाई सो को लागतबाट सञ्चित क्षयिकरण नोक्सानी तथा सञ्चित परिशोधन खर्च घटाएर प्रस्तुत गरिन्छ । आन्तरिक रुपमा बनाइएका कम्प्युटर सफ्टवेयरको लागत गणना गर्दा सो बनाउन लागेको सम्पूर्ण प्रत्यक्ष खर्चलाई पनि समावेश गरिन्छ र सो सम्पत्तिको अनुमानित उपयोग अवधिमा परिशोधन (Amortization) गरिन्छ ।

### ३.७.४ अभौतिक सम्पत्तिको निसर्ग

अभौतिक सम्पत्ति बिक्री गरिएमा अथवा सोको उपयोगबाट भविष्यमा कुनै पनि आर्थिक लाभ लिन नसकिने अवस्था भएमा सोको किताबी मूल्यलाई निसर्ग गर्ने गरिन्छ । यसरी अभौतिक सम्पत्ति निसर्ग गरिंदा सो मा हुने फाईदा वा घाटालाई नाफा नोक्सान खातामा प्रस्तुत गरिन्छ ।

### ३.७.५ अमुर्त सम्पत्तिको परिशोधन तथा नोक्सानी

अमुर्त सम्पत्तिको अनुमानित उपयोग अवधिलाई निश्चित अथवा अनिश्चित भनी छुट्याइन्छ । साख (Goodwill) बाहेक अन्य अभौतिक सम्पत्तिलाई सोको अनुमानित उपयोग अवधिमा समदर पद्धति (Straight Line Basis) अनुसार परिशोधन गरिएको छ । अभौतिक सम्पत्तिको परिशोधन गर्ने विधि, अनुमानित उपयोग अवधि तथा सो उपयोग अवधि पछिको कायम रहने बाँकी मूल्यलाई हरेक आर्थिक वर्ष पूनरावलोकन गरी आवश्यक परेमा समायोजन गर्ने गरिएको छ । संघले प्रस्तुत वित्तीय विवरणमा रहेको अभौतिक सम्पत्तिको अनुमानित उपयोग अवधि अनिश्चित नरहेको भन्ने धारणा राखेको छ ।

| अभौतिक सम्पत्तिको वर्ग | अनुमानित उपयोग अवधि |
|---|---|
| सफ्टवेयर | ५ वर्ष |

R. Baral & Associates, Chartered Accountants, Nepal — M. No.: 857, COP No.: 738

| | | | |
|---|---|---|---|
| केशबप्रसाद दाहाल | केशव प्रसाद दंगाल | उद्धव सापकोटा | रमेश बराल, एफ. सि. ए. |
| प्रमुख कार्यकारी अधिकृत | कोषाध्यक्ष | अध्यक्ष | आर. बराल एण्ड एसोसिएट्स |
| | | | चार्टड एकाउन्टेन्ट्स् |

## बागमती प्रदेश बचत तथा ऋण सहकारी संघ लि. (बागमती प्रोस्कून)

**बनेपा न.पा-७, काभ्रेपलाञ्चोक**

**१ श्रावण २०८० देखी २०८१ आषाढ मसान्त सम्मको वित्तीय विवरणका लेखा टिप्पणीहरु**

### ३.८ आयकर

संस्थाले आयकर लेखाकंन NAS 12–Income Tax को प्रावधान बमोजिम गर्ने गरेको छ । आयकर खर्चमा यस वर्षको कर, स्थगन कर तथा विगत वर्षको कुनै थप कर दायित्व आएमा सो समेत समावेश गरिन्छ । जेथा (Equity) मा भएको परिवर्तन सम्बन्धीको विवरण तथा अन्य विस्तृत नाफा नोक्सान खातामा प्रस्तुत हुने कारोबारमा सिर्जित स्थगन करलाई अन्य विस्तृत नाफा नोक्सान खाता मै प्रस्तुत गरिएको छ । चालु आयकर सम्बन्धी थप जानकारी लेखा टिप्पणी ४.३१ मा तथा स्थगन कर सम्बन्धीको थप जानकारी लेखा टिप्पणी ४.१० मा प्रस्तुत गरिएको छ ।

### ३.८.१ वित्तीय विवरण अवधिको कर

चालु आयकर दायित्व भन्नाले चालु आर्थिक वर्षमा गरिएको मुनाफाबाट आन्तरिक राजश्व विभागलाई तिर्नुपर्ने आयकर रकम हो । आयकर गणना गर्ने प्रयोजनका लागि उपयोग हुने करका दर कर सम्बन्धी कानून बमोजिम वासलात मितिमा लागू भएका दर हुन् । सोही अनुरुप चालु आयकरको गणना गर्दा आयकर ऐन २०५८ (संशोधन सहित) मा गरिएको व्यवस्था बमोजिम यस वर्षको नाफालाई आधार मानी गणना गरिन्छ ।

### ३.८.२ स्थगन कर

सम्पत्ति तथा दायित्वहरुको वित्तीय विवरणमा गणना गरिएको रकम तथा आयकर ऐनका हिसाबले गणना गरिएको रकममा हुने अस्थाई भिन्नतालाई वासलातमा स्थगन कर सम्पत्ति वा स्थगन कर दायित्वका रुपमा लेखाइनगरी प्रत्येक वर्ष यस्तो सम्पत्ति वा दायित्वमा हुने परिवर्तनलाई नाफा नोक्सान हिसाबमा स्थगन कर आय वा स्थगन कर खर्च को लेखाकंन गरिन्छ । भविष्यमा हुने करयोग्य आयमा दावी गर्न सकिने पर्याप्त विश्वसनीय आधार नभएका स्थाई भिन्नतामा स्थगन कर सम्पत्ति (वा स्थगन कर दायित्व)को रुपमा पहिचान गरिदैन । स्थगन कर सम्पत्ति वा दायित्वको मापन गर्दा उक्त सम्पत्तिबाट प्राप्ति हुने वा दायित्व राफसाफ हुने बखतमा लागू हुन सक्ने कर दरको आधारमा गरिन्छ ।

यस कारण आर्थिक वर्ष २०८०/८१ को लागि यस संस्थालाई आगामी आर्थिक वर्षबाट लागू हुने परिवर्तित आयकर दर १०% ले स्थगन कर सम्पत्ति र दायित्वको मापन गरिएको छ । संस्थाको नीति अनुसार स्थगन कर कोषमा कुल स्थगन कर सम्पत्तिको हिसाब बराबरको रकम छुट्याईएको छ ।

### ३.९ पट्टा दायित्व

संस्थाले पट्टा (Lease) को पहिचान, मापन तथा लेखाकंन NFRS 16 Lease को प्रावधान बमोजिम गरेको छ । NFRS 16 अनुसार पट्टालाई सम्झौताको रुपमा परिभाषित गरिएको छ जस अनुसार कुनै पहिचान गरिएको सम्पत्ति कुनै मूल्यको बदलामा केही समय अवधिको लागि नियन्त्रण गर्ने अधिकार उक्त सम्झौताले प्रदान गर्छ । NFRS 16 अनुसार छोटो अवधि (१२ महिना भन्दा कम) को पट्टा तथा अंतर्निहित सम्पत्ति कम मूल्य भएको पट्टाको हकमा भाडा भुक्तानी खर्चको लेखाकंन पट्टा अवधि भर समदर (Straight Line Basis) गणना विधि अनुसार गरिएको छ भने अन्य पट्टाहरुको हकमा भने आर.ओ.यू सम्पत्ति र पट्टा दायित्वको रुपमा लेखाकंन गर्ने गरेको छ । यसरी पहिचान भएको आर.ओ.यू सम्पत्तिलाई सम्पत्ति तथा उपकरण ४.१४ अन्तर्गत प्रस्तुत गरी ह्रासकट्टी गरिएको छ भने पट्टा दायित्वमा लाग्ने वित्तीय खर्चलाई ४.२७ अन्तर्गत व्याज खर्चमा देखाइएको छ ।

| | | | |
|---|---|---|---|
| ...बप्रसाद दाहाल | केशव प्रसाद दंगाल | उद्धव सापकोटा | रमेश बराल, एफ. सि. ए. |
| प्रमुख कार्यकारी अधिकृत | कोषाध्यक्ष | अध्यक्ष | आर. बराल एण्ड एसोसिएट्स |
| | | | चार्टर्ड एकाउन्टेन्ट्स् |

# बागमती प्रदेश बचत तथा ऋण सहकारी संघ लि. (बागमती प्रोस्कून)

**बनेपा न.पा-७, काभ्रेपलाञ्चोक**

## १ श्रावण २०८० देखी २०८१ आषाढ मसान्त सम्मको वित्तीय विवरणका लेखा टिप्पणीहरु

### पहिचान

पट्टाको प्रारम्भिक मितिमा संस्थाले आर.ओ.यू सम्पत्ति र पट्टा दायित्वको पहिचान गर्दछ। NFRS–16 अनुसार पट्टामा लिने संस्थाले तल उल्लेखित पट्टाहरुको सन्दर्भमा छुटको सुविधा लिएको बाहेक अन्य सबै पट्टाहरुको लागि पट्टा अवधि भरी आर. ओ. यू सम्पत्ति र पट्टा दायित्वको पहिचान गर्नुपर्छ।

### छुटको सुविधा लिन सकिने पट्टाहरु

- छोटो अवधि (१२ महिना भन्दा कम) वा
- अंतर्निहित सम्पत्तिको मूल्य कम भएको

### प्रारम्भिक मापन

### पट्टा दायित्वको मापन

प्रारम्भिक मितिमा बाँकी रहेको पट्टा अवधि भरी भुक्तानी गर्नुपर्ने पट्टा रकमलाई पट्टामा निहित दर वा पट्टेदारको वृद्धिशील उधार दरले वर्तमान मूल्यमा मापन गर्नुपर्छ। संस्थाले पट्टेदारका वृद्धिशील उधार दर १० प्रतिशत को दरले पट्टा दायित्वको मापन गरेको छ।

### आर.ओ.यू सम्पत्ति

आर.ओ.यू सम्पत्तिलाई शुरुमा लागतमा लेखाकंन गरिन्छ। आर. ओ. यू सम्पत्तिको लागतमा निम्न रकमहरु जोडिएका हुन्छन्। आर.ओ.यू सम्पत्ति =प्रारम्भिक प्रत्यक्ष लागत + NAS 37 अनुसार स्थापित गर्न, हटाउन वा पुनर्स्थापना गर्न लाग्ने अनुमानित लागत + प्रिपेड लिज भुक्तानी प्राप्त पट्टा प्रोत्साहनको सुत्र अनुसार मापन गरिन्छ।

### पछिको मापन (Subsequent Measurement)

### आर.ओ.यू सम्पत्ति

प्रारम्भिक मिति पश्चात्त, आर.ओ.यू सम्पत्तिलाई NAS 16 अन्तर्गत पुनर्मूल्याइन मोडल लागू नगरेको खण्डमा लागत मोडलमा मापन गरिन्छ।

लागत मोडलमा मापन गरिएको आर.ओ.यू सम्पत्तिलाई त्यसको लागतमा सञ्चित ह्रासकट्टि र संचित हानी नोक्सानी घटाई धारा ३४.३ मा निर्दिष्ट गरिएको पट्टा दायित्वको पुन मापन बापतको रकम समायोजन गरी देखाउने गरेको छ। संस्थाले लागत मोडलमा मापन गरिएको आर.ओ.यू सम्पत्तिलाई NAS 16 सम्पत्ति तथा उपकरणको प्रावधान अनुसार नै ह्रासकट्टिको लेखाकंन गर्ने गरिएको छ।

### पट्टा दायित्व

पट्टा दायित्वलाई अन्य वित्तीय दायित्व सरह (जस्तै परिशोधित लागतको आधारमा) नै लेखाकंन गर्ने गरिन्छ। पट्टा दायित्वलाई प्रारम्भिक मिति पश्चात्त निम्न हिसावले मापन गरिन्छ :

- पट्टा दायित्वमा प्रतिविम्वित हुने व्याज खर्चले वृद्धि गर्ने
- पट्टा दायित्वको भुक्तानीलाई प्रतिविम्वित गर्ने रकमले कम गर्ने र
- कुनै प्रकारको पुनर्मूल्याइन वा पट्टा संशोधन वा संशोधित फिक्स्ड लिज भुक्तानीको प्रतिविम्बित गर्ने खालको पुन: निर्धारित रकम

| | | | |
|---|---|---|---|
| केशव प्रसाद दाहाल | केशव प्रसाद दंगाल | उद्धव सापकोटा | रमेश बराल, एफ. सि. ए. |
| प्रमुख कार्यकारी अधिकृत | कोषाध्यक्ष | अध्यक्ष | आर बराल एण्ड एसोसिएट्स |
| | | | चार्टर्ड एकाउन्टेन्ट्स् |

## बागमती प्रदेश बचत तथा ऋण सहकारी संघ लि. (बागमती प्रोस्कून)

**बनेपा न.पा-७, काभ्रेपलाञ्चोक**

**१ श्रावण २०८० देखी २०८१ आषाढ मसान्त सम्मको वित्तीय विवरणका लेखा टिप्पणीहरु**

### खर्चको पहिचान र मापन

पट्टामा लिने पक्षले पट्टासँग सम्बन्धित निम्न खर्चहरुको पहिचान गर्ने गर्दछ ।

- आर.ओ.यू सम्पत्तिको ह्रासकट्टि
- पट्टा दायित्वमा व्याज खर्च
- आर.ओ.यू सम्पत्तिको हानी
- परिर्वतनशिल पट्टा भुक्तानी रकम जुन पट्टा दायित्वमा समावेश गरिएको थिएन ।

आर.ओ.यू सम्पत्तिको ह्रासकट्टि खर्च र हानीलाई नाफा नोक्सान विवरणको ४.२८ ह्रासकट्टि र परिशोधन खर्च अन्तर्गत प्रस्तुत गरिएको छ भने पट्टा दायित्वमा व्याज खर्चलाई नाफा नोक्सान विवरणको ४.२१ अन्तर्गत प्रस्तुत गरिएको छ ।

### ३.१० सम्भावित दायित्वहरु

संस्थाले सम्भावित दायित्वहरुको पहिचान तथा लेखाइन NAS–37– Provisions, Contigent liabilities & Contingent Assets को प्रावधान बमोजिम गर्ने गरेको छ । सम्भावित दायित्वहरुमा देहाय बमोजिमका विषयहरु समावेश गरिएका छन्

३.१०.१ विगतका घटनाक्रमबाट उत्पन्न हुन सक्ने त्यस्ता सम्भावित दायित्वहरु जसको अस्तित्व संस्थाको नियन्त्रण भन्दा बाहिर रहेका भविष्यका एक वा एकभन्दा बढि अनिश्चित घटनाक्रमहरुले निक्यौल गर्दछ ।

३.१०.२ विगतका घटनाक्रमबाट उत्पन्न भएका तर देहायका कारणले गर्दा हाल लेखाइन नगरिएका दायित्वहरु

- दायित्व निसर्ग गर्नका लागि आर्थिक लाभ हुने श्रोत बाहिरिने सम्भावना नरहेको
- दायित्व मापन गर्न सकिने पर्याप्त विश्वसनीय आधार नभएको

संस्थाको जानकारीमा आएको सम्पूर्ण सारभूत (Material) दायित्वको लागि पर्याप्त व्यवस्था गरिएको छ । सारभूत दायित्वको भविष्यमा उत्पन्न हुने परिणाम मापन गर्न सकिने पर्याप्त विश्वसनीय आधार नभएको खण्डमा त्यस्ता दायित्वलाई सम्भावित दायित्व अन्तर्गत देखाइन्छ ।

### ३.११ आयको पहिचान

अन्यथा उल्लेख भएकोमा बाहेक, संस्थाले आम्दानीलाई NFRS–15 – "Revenue from Contracts with Customers" को प्रावधान बमोजिम पहिचान, मापन तथा लेखाकंन गर्ने गरेको छ ।

### ३.११.१ ब्याज आम्दानी

ब्याज आम्दानीमा ऋण लगानी, नाफा नोक्सानको माध्यमबाट Fair Value मा मापन गरिएका बाहेकका सुरक्षणपत्रमा गरिएको लगानी, नगद तथा नगद समान, बैंक तथा वित्तीय संस्थामा रहेको नगद, कर्मचारीलाई प्रदान गरेको ऋण सापटीमा प्राप्त ब्याज रकमहरु समावेश हुन्छ । यसरी ब्याज आम्दानी जनाउँदा संस्थाले माथि उल्लेखित बुँदा २.१.२ को (ख) अनुसार वैकल्पिक व्यवस्थालाई अवलम्बन गरेको छ ।

संस्थाले धितोको "खुद प्राप्ति मूल्य" जतिसुकै भए पनि उक्त ऋणमा उठ्नु पर्ने साँवा तथा ब्याज १२ महिना भन्दा बढी बक्यौता रहेको अवस्थामा, उपरोक्त ब्याजलाई ब्याज आम्दानी जनाउने गरेको छैन । ब्याज आम्दानी सम्बन्धी थप विवरण बुँदा नं. ४ २० मा प्रस्तुत गरिएको छ ।

| | | | |
|---|---|---|---|
| केशवप्रसाद दाहाल<br>प्रमुख कार्यकारी अधिकृत | केशव प्रसाद दंगाल<br>कोषाध्यक्ष | उद्धव सापकोटा<br>अध्यक्ष | रमेश बराल, एफ. सि. ए.<br>आर. बराल एण्ड एसोसिएट्स<br>चार्टर्ड एकाउन्टेन्ट्स् |

# बागमती प्रदेश बचत तथा ऋण सहकारी संघ लि. (बागमती प्रोस्कून)

**बनेपा न.पा-७, काभ्रेपलाञ्चोक**

**१ श्रावण २०८० देखी २०८१ आषाढ मसान्त सम्मको वित्तीय विवरणका लेखा टिप्पणीहरु**

### ३.११.२ शुल्क तथा कमिशन आय
ऋण सेवाबाट प्राप्त हुने शुल्क तथा कमिशन, ऋण नवीकरण वा स्वीकृत भएपश्चात आम्दानीमा लेखाकंन गरिन्छ। ऋण सम्बन्धी अन्य सहायक सेवा तथा सदस्यलाई प्रदान गरिने अन्य सेवा सुविधा वापत प्राप्त हुने अन्य सबै शुल्कहरु सेवा प्रदान गरे पश्चात आम्दानीमा लेखाकंन गरिन्छ। यस सम्बन्धमा संस्थाले २.१.२ (ख)मा उल्लेखित वैकल्पिक व्यवस्था अवलम्बन गरेको छ। शुल्क तथा कमिशन आय सम्बन्धी थप विवरण ४.२२ मा प्रस्तुत गरिएको छ।

### ३.११.३ लाभांश आम्दानी
संस्थालाई शेयर लगानीबाट प्राप्त हुने नगद लाभांश सो लाभांश प्राप्त हुने अधिकार स्थापित भएको मितिमा आयमा बासिन्दा कम्पनीले घोषणा गरेको नगद लाभांशलाई श्रोतमा करकट्टी गरिए पश्चात् बाँकी रहेको खुद रकमका आधारमा लेखाइन गरिन्छ।
संस्थाले प्राप्त गरेको लाभांश आम्दानीको विवरण ४.२३ मा प्रस्तुत गरिएको छ।

### ३.११.४ खुद व्यापारिक आम्दानी
संस्थाले व्यापारिक लगानी तथा दायित्वमा हुने व्याज, लाभांश, तथा बजार मूल्यको उतारचढावले हुने आम्दानी वा खर्चलाई यस शिर्षक अन्तर्गत प्रस्तुत गरेको छ। हाल संस्था कुनै प्रकारको खुद व्यापारिक आम्दानी भने रहेको छैन। यस सम्बन्धी थप जानकारी ४.२३ मा प्रस्तुत गरिएको छ।

### ३.११.५ अन्य सञ्चालन आम्दानी
ब्याज आम्दानी, शुल्क तथा कमिशन आम्दानी तथा व्यापारिक आम्दानी अन्तर्गत देखाइएका बाहेक अन्य प्रकृतिको आम्दानीलाई यस शिर्षक अन्तर्गत देखाइएको छ। विदेशी मुद्रा विनिमय दरमा भएको घटबढको कारणले हुने फाईदा वा घाटा, Equity शेयरमा भएको लगानीबाट हुने लाभांश आम्दानी, स्थिर सम्पत्ति तथा कार्यालय उपकरण वा लगानीको उद्देश्य भएका स्थिर सम्पत्तिको निसर्गबाट हुने आम्दानी आदिलाई यस शीर्षक अन्तर्गत प्रस्तुत गरिएको छ। यस सम्बन्धी थप विवरण ४.२३ मा प्रस्तुत गरिएको छ।

### ३.११.५.१ विदेशी मुद्राका कारोबारबाट हुने नाफा नोक्सानी
विदेशी मुद्रामा भएका सम्पत्ति तथा दायित्वको दिनानुदिन सो विदेशी मुद्राको विनिमयमा भएको परिवर्तनको कारणले हुने नाफा वा नोक्सानीलाई नाफा नोक्सान खातामा प्रस्तुत गर्ने गरिएको छ।

### ३.११.५.२ स्थिर सम्पत्ति तथा कार्यालय उपकरणको निसर्गबाट हुने नाफा (नोक्सान)
स्थिर सम्पत्ति तथा कार्यालय उपकरणको निसर्गबाट हुने नाफा वा नोक्सानीलाई सो सम्पत्तिको स्वामित्व हस्तान्तरण वा निसर्ग भए पश्चात नाफा नोक्सान खातामा देखाइन्छ। यस्तो सम्पत्ति निसर्ग हुँदा हुने नाफा वा घाटा सो स्थिर सम्पत्ति तथा कार्यालय उपकरणको निसर्गबाट प्राप्त हुने मूल्य तथा निसर्गसँग सम्बन्धित खर्च सहित सो सम्पत्तिको निसर्ग हुँदाको समयको किताबी मूल्यको फरकलाई जनाउने गर्छ।

### ३.१२ ब्याज खर्च
सदस्यहरुको निक्षेप खाता, संस्थाले प्राप्त गरेको अन्य सापटी र पट्टा दायित्वको ब्याजलाई पाकेको आधारमा (Accrual Accounting) लेखाङ्कन गरिन्छ। यस सम्बन्धी थप जानकारी ४.२१ मा प्रस्तुत गरिएको छ।

| केशव प्रसाद ढकाल | केशव प्रसाद दंगाल | उद्धव सापकोटा | रमेश बराल, एफ. सि. ए. |
|---|---|---|---|
| प्रमुख कार्यकारी अधिकृत | कोषाध्यक्ष | अध्यक्ष | आर बराल एण्ड एसोसिएट्स |
| | | | चार्टर्ड एकाउन्टेन्ट्स् |

R. Baral & Associates, Chartered Accountants, Nepal, M. No. 951, COP No. 738

## बागमती प्रदेश बचत तथा ऋण सहकारी संघ लि. (बागमती प्रोस्कून)

**बनेपा न.पा-७, काभ्रेपलाञ्चोक**

**१ श्रावण २०८० देखी २०८१ आषाढ मसान्त सम्मको वित्तीय विवरणका लेखा टिप्पणीहरु**

### ३.१३ कर्मचारी खर्च

कर्मचारी खर्चमा कर्मचारीले संस्थालाई प्रदान गरेको सेवा बापत गरिएको सम्पूर्ण खर्चलाई जनाउँछ । सो खर्चमा अल्पकालीन तथा दीर्घकालीन प्रकृतिका कर्मचारी खर्चहरु रहेका छन् । कर्मचारी खर्चको पहिचान, मापन तथा लेखाइनको लागि संस्थाले NAS 19 – "Employee Benefits" को प्रावधान बमोजिम गरेको छ । संस्थाले कर्मचारीहरुबाट प्राप्त गरेको सेवा वापत व्यहोर्नु पर्ने सबै किसिमका व्ययलाई कर्मचारी खर्च मानिएको छ। कर्मचारी खर्चमा देहाय बमोजिमका खर्चहरु पर्दछन् ।

### ३.१३.१ अल्पकालीन कर्मचारी खर्चहहरु

तलब, भत्ता, बिदा वापतको रकम भुक्तानी, नाफामा आधारित बोनस तथा प्रत्येक आर्थिक वर्ष समाप्त भएको १२ महिना भित्र भुक्तानी गरिने त्यस्ता सुविधाहरु (सवारी साधन सुविधा, सहुलियतपूर्ण ऋण) अल्पकालीन कर्मचारी खर्चहरुमा पर्दछन् ।

अल्पकालीन कर्मचारी खर्चको लेखाकंन कर्मचारीले सेवा प्रदान गरे पश्चात् वा सेवा प्रदान गरेको कारण क्षतिपूर्ति प्राप्त गर्ने अधिकार सिर्जना भए पश्चात गरिन्छ । सेवा निवृत्त भएपछि भुक्तानी हुने खर्चको लेखाकंन कर्मचारीले सेवा प्रदान गरेको कारण त्यस्तो क्षतिपूर्तिहरु (पारितोषिक) प्राप्त गर्ने अधिकारको सृर्जना भएमा गरिन्छ ।

### ३.१२.१.१ कर्मचारी बोनस खर्च

संस्थाले बोनस ऐन, आफ्नो विनियम तथा मानव संशाधन व्यवस्थापन नियमावली बमोजिम कर्मचारी बोनसको व्यवस्था गरिएको छ। संस्थाले वास्तविक तलब खर्चका आधारमा कर्मचारी बोनस व्यवस्था गरेको छ।

### ३.१३.२ रोजगार पछिको सुविधा जस्तैः

- अवकास लाभ (पेन्सन, अवकाश हुँदा एकमुष्ठ भुक्तानी)
- अन्य रोजगार पछिको लाभ (रोजगार पछिको जीवन विमा, रोजगार पछिको औषधोपचार सेवा)

### ३.१३.२.१ परिभाषित योगदान योजना

NAS–19 (कर्मचारी सुविधा अनुसार परिभाषित योगदान योजना रोजगार पछि प्राप्त हुने लाभ योजना हो जसमा संस्थाले निश्चित रकम छुट्टै बैंक खाता/कोषमा योगदान गर्दछ र यदि कर्मचारीहरुको वर्तमान तथा पूर्व सेवा वापतको सम्पूर्ण कर्मचारी लाभ भुक्तानी गर्न यथेष्ट सम्पत्ति नभएको खण्डमा कुनै कानुनी र निर्मित दायित्व आउँदैन । परिभाषित योगदान योजनामा कर्मचारीले संस्थालाई दिएको सेवाको अनुपातमा रोजगारदाताले तिर्नु पर्ने योगदानलाई कर्मचारी खर्च भनेर Due भएको दिन खर्चमा लेखाकंन गरिन्छ । तिर्न बाँकी योगदानलाई दायित्वको रुपमा अन्य दायित्वमा देखाइन्छ। संस्थाले १ वर्ष प्रशिक्षण अवधि पूरा भएका प्रत्येक कर्मचारीको तलबको २० प्रतिशत सामाजिक सुरक्षा कोषमा जम्मा गरेको छ । माथि उल्लेखित खर्चहरु NAS 19 बमोजिम परिभाषित योगदान योजना अन्तर्गत योगदान गरिएको भनेर पहिचान गरिएको छ ।

### ३.१३.३ अन्य दिर्घाकालिन कर्मचारी सुविधा

**कर्मचारी बिदा वापतको खर्च**

(क) संस्थाको स्वीकृत नियमावली बमोजिम कर्मचारीहरुलाई वार्षिक घर बिदा, बिरामी बिदा, भैपरी बिदा, सुत्केरी बिदा, सट्टा बिदा तथा किरिया बिदा वापत प्रदान गरिने क्षतिपूर्तिहरु कर्मचारी बिदा वापतको खर्चमा समावेश गरिन्छ ।

ख) बिदा वापतका क्षतिपूर्ति दुई वर्गमा पर्दछन्

१. सञ्चित हुने, र

| | | | |
|---|---|---|---|
| [illegible] दाहाल | केशव प्रसाद दंगाल | उद्धव सापकोटा | रमेश बराल, एफ. सि. ए. |
| प्रमुख कार्यकारी अधिकृत | कोषाध्यक्ष | अध्यक्ष | आर बराल एण्ड एसोसिएट्स |
| | | | चार्टड एकाउन्टेन्ट्स् |

R Baral & Associates, Chartered Accountants, Nepal. M. No.: 9[illegible]7 COP No.: 738

## बागमती प्रदेश बचत तथा ऋण सहकारी संघ लि. (बागमती प्रोस्कून)

**बनेपा न.पा-७, काभ्रेपलान्चोक**

**१ श्रावण २०८० देखी २०८१ आषाढ मसान्त सम्मको वित्तीय विवरणका लेखा टिप्पणीहरु**

२. सञ्चित नहुने ।

ग) संस्थाले बिदा वापतका खर्चहरु यस प्रकारले लेखाङ्कन गर्दछ

- सञ्चय गर्न सकिने विदाको हकमा कर्मचारीहरुले सेवा प्रदान गर्दै आएको कारण भविष्यमा उपयोग गर्न सकिने बिदाका दिनहरु वृद्धि भएमा,
- सञ्चय गर्न नसकिने बिदाहरुको हकमा कर्मचारीले बिदा लिएको अवस्थामा ।

(घ) घर बिदा बढिमा ९० दिन र बिरामी बिदा बढिमा ४५ दिन प्रत्येक शिर्षकमा सञ्चित गर्न सकिन्छ र सञ्चित बिदाहरुलाई भविष्यको प्रयोगका लागि आगामी वर्षहरुमा सारिन्छ । कुल बढिमा सञ्चित गर्न सकिने दिनको अवधिभन्दा बढि सञ्चित भएको विदा वापतको रकमलाई प्रत्येक वर्षको वैशाख महिनामा नगदमा भुक्तानी गरिन्छ। प्रत्येक वर्षको आषाढ मसान्तसम्म कर्मचारीहरुको नाममा समानुपातिक रुपमा पाकेको विदा मध्ये उपयोग नभई बाँकी रहेको विदा अवधिलाई संस्थाको दायित्वको रुपमा गणना गरिन्छ र नाफा नोक्सान हिसाबमा सो वापतको खर्च व्यवस्था गरिन्छ ।

ङ) विदा वापतको दायित्वको गणना गर्दा संस्थाले Actuarial Valuation गरेको छैन ।

### ३.१४ पट्टा

संस्थाले पट्टा (Lease) को पहिचान, मापन तथा लेखाइन NFRS 16 – Lease को प्रावधान बमोजिम गरेको छ । जस अनुसार छोटो अवधि (१२ महिना भन्दा कम) को पट्टा तथा अन्तर्निहित सम्पत्ति कम मूल्य भएको पट्टाको हकमा भाडा भुक्तानी खर्चको लेखाकंन पट्टा अवधि भर समदर (Straight Line Basis) गणना विधि अनुसार गरिएको छ भने अन्य पट्टाहरुको हकमा भने आर.ओ.यू सम्पत्ति र पट्टा दायित्वको रुपमा लेखाकंन गर्ने गरेको छ । यसरी पहिचान भएको आर ओ यू सम्पत्तिलाई सम्पत्ति तथा उपकरण अन्तर्गत प्रस्तुत गरी ह्रासकट्टी काटिएको छ भने पट्टा दायित्वमा लाग्ने वित्तीय खर्चलाई ४.२१ अन्तर्गत ब्याज खर्चमा देखाइएको छ ।

### ३.१५ विदेशी विनिमय कारोबार

विदेशी विनिमय मुद्रामा भएको कारोबारलाई सो कारोबार भएको दिनको विनिमय दरका आधारमा नेपाली रुपैयामा परिवर्तन गरी सोमा हुन आउने नाफा वा नोक्सानलाई नाफा नोक्सान खातामा प्रस्तुत गरिन्छ । वासलातमा प्रस्तुत हुने विदेशी मुद्रामा भएका सम्पत्ति तथा दायित्वलाई आर्थिक वर्षको अन्त्यको विनिमय दरमा नेपाली रुपैंयामा परिवर्तन गरी सो मा हुन आउने नाफा वा नोक्सानलाई नाफा नोक्सान खातामा प्रस्तुत गरिन्छ । संघमा विदेशी विनिमय मुद्रामा कारोबार भएको छैन ।

### ३.१६. शेयर पूँजी र जगेडा कोषहरु

शेयर पुँजीलाई चुक्ता मूल्यमा लेखाङ्कन गरिन्छ । सहकारी ऐन, २०७४ को दफा ३० मा भएको व्यवस्था अनुसार संघको कार्यक्षेत्र भित्र दर्ता भएका प्रारम्भिक बचत तथा ऋण सहकारी संस्था तथा जिल्ला स्तरिय बचत तथा ऋण सहकारी संघ कम्तिमा दश थान शेयर खरिद गरी सदस्य हुन पाउने व्यवस्था गरिएको छ । हरेक शेयर सदस्यको साधारण सभामा प्रति सदस्य एक मत र वार्षिक लाभांशको हकदार हुन्छन् । संघको साधारण शेयर बाहेक अन्य कुनै प्रकृतिका शेयर जस्तै अग्राधिकार शेयर, बोनस शेयर, Convertible Instrument आदि रहेको छैन । संघले निम्न प्रकारका जगेडा तथा कोष कायम गरेको छ ।

### ३.१७. कोषहरु

कोष अन्तर्गत साधारण जगेडा कोष, सदस्य शिक्षा कोष, संस्था विकास कोष, शेयर लाभांश कोष, संरक्षित पूँजी फिर्ता कोष, स्थिरीकरण कोष, कर्मचारी बोनस तथा कल्याणकारी कोष, सामुदायिक तथा सदस्य सुरक्षण कोष, घाटापूर्ति कोष, विमाङ्किक कोष, विशेष उपचार कोष, विपत व्यवस्थापन कोष पर्दछन्।

| | | | |
|---|---|---|---|
| केशवप्रसाद दाहाल<br>प्रमुख कार्यकारी अधिकृत | केशव प्रसाद दंगाल<br>कोषाध्यक्ष | उद्धव सापकोटा<br>अध्यक्ष | रमेश बराल, एफ. सि. ए.<br>आर बराल एण्ड एसोसिएट्स<br>चार्टर्ड एकाउन्टेन्ट्स् |

# बागमती प्रदेश बचत तथा ऋण सहकारी संघ लि. (बागमती प्रोस्कून)

बनेपा न.पा-७, काभ्रेपलाञ्चोक

## १ श्रावण २०८० देखी २०८१ आषाढ मसान्त सम्मको वित्तीय विवरणका लेखा टिप्पणीहरु

### ३.१७.१ साधारण जगेडा कोष

सहकारी ऐन, २०७४ को दफा ६८ मा भएको व्यवस्था अनुसार संघले आर्थिक वर्षको खूद मुनाफा रकमको कम्तिमा २५ प्रतिशत रकम साधारण जगेडा कोषमा बाँडफाँड गर्नुपर्ने प्रावधान छ।

### ३.१७.२ संरक्षित पूंजी फिर्ता कोष

सहकारी ऐन, २०७४ को दफा ६९ बमोजिम साधारण जगेडा कोषमा जम्मा गरे पश्चातको खुद मुनाफा रकमको २५ प्रतिशत रकम संरक्षित पूँजी फिर्ता कोषमा बाँडाफाँड गर्नुपर्ने प्रावधान छ। संरक्षित पूँजी फिर्ता कोषमा रहेको रकम कारोबारको आधारमा सम्बन्धित सदस्यलाई उपलब्ध गराउनुपर्ने हुनाले उक्त रकमलाई ४.१९ अन्तर्गत अन्य दायित्वमा प्रस्तुत गरिएको छ।

### ३.१७.३ सहकारी प्रवर्द्धन कोष

सहकारी ऐन, २०७४ को दफा ७० बमोजिम साधारण जगेडा कोषमा जम्मा गरे पश्चातको खुद मुनाफा रकमको ०.५ प्रतिशत रकम सहकारी प्रवर्द्धन कोषमा बाँडाफाँड गर्नुपर्ने प्रावधान छ। सहकारी प्रवर्द्धन कोषमा रहेको रकम सहकारी ऐन, २०७४ को दफा ७० अनुसार सहकारी तथा गरिबी निवारण मन्त्रालय अन्तर्गतको कोषमा जम्मा गनुपर्ने हुनाले उक्त रकमलाई ४.१९ अन्तर्गत अन्य दायित्वमा प्रस्तुत गरिएको छ।

### ३.१७.४ सहकारी नियमावली २०७५ को प्रावधान अनुसार अन्य कोष

सहकारी नियमावली, २०७५ को दफा २७ बमोजिम खुद मुनाफाबाट साधारण जगेडा कोष, संरक्षित पुंजी फिर्ता कोष र सहकारी प्रवर्द्धन कोषको रकम कट्टा गरे पश्चातको खुद मुनाफा रकमको कम्तिमा ५ प्रतिशत रकम निम्न लिखित प्रत्येक कोषहरुः सामुदायिक विकास तथा सदस्य सुरक्षण कोष, स्थिरिकरण कोष, घाटापूर्ति कोष, कर्मचारी बोनस तथा कल्याण कोष, संस्था विकास कोष र सदस्य शिक्षा कोषमा बाँडफाँड गनुपर्ने प्रावधान छ।

### ३.१७.५ विमाङ्किक कोष्

NAS–19 Employee Benefit अन्तर्गत परिभाषित कर्मचारी दायित्व मापनमा एक्च्युरियल धारणा (Actuarial Assumption) मा भएको परिर्वतनको कारणले हुने फरकलाई यस शिर्षकमा समायोजन गरिन्छ। यो कुनै जगेडा कोष हैन। यस शिर्षकको रकममा हुने परिर्वतनलाई अन्य विस्तृति नाफा नोक्सान खातामा प्रस्तुत गरी यस शिर्षकमा समायोजन गरिन्छ।

### ३.१८ प्रतिशेयर आम्दानी

संस्थाले आफ्नो साधारण शेयरको लागि आधारभूत र Diluted प्रति सेयर आम्दानी (EPS) तथ्याङ्कलाई प्रस्तुत गर्छ। आधारभूत EPS साधारण शेयरधनीहरुको लागि हुने नाफा अथवा नोक्सानलाई सो अवधिको अन्त्यमा रहेका भारित औसत शेयरधनीका संख्याले विभाजन गरी गणना गरिन्छ। Diluted EPS साधारण शेयरधनीहरुका लागि रहेको नाफा वा नोक्सान र भारित औषत शेयरधनीको संख्यामा Dilutive सम्भावित साधारण शेयरलाई समायोजन गरी निर्धारण गरिन्छ।

### ३.१९ गैर वित्तीय सम्पत्तिको नोक्सानी व्यवस्था

संस्थाले आफ्ना गैर वित्तीय सम्पत्ति (लगानी सम्पत्ति तथा स्थगन कर सम्पत्ति बाहेक) मा भएको नोक्सानीको आवधिक परीषण गर्ने गरेको छ। उक्त सम्पत्तिको किताबी मूल्य सो सम्पत्तिबाट प्राप्त हुन सक्ने रकम भन्दा बढि भएको अवस्थामा नोक्सानी व्यवस्था गरिन्छ। नोक्सानी व्यवस्थालाई नाफा नोक्सान खातामा खर्च लेखी सम्बन्धित सम्पत्तिबाट घटाएर प्रस्तुत गरिन्छ। यसरी आवधिक नोक्सानीको परीक्षण गर्दा पहिले व्यवस्था गरिएको नोक्सानी बढि हुन गएको

| | | | |
|---|---|---|---|
| केशवप्रसाद दाहाल<br>प्रमुख कार्यकारी अधिकृत | केशव प्रसाद दंगाल<br>कोषाध्यक्ष | उद्धव सापकोटा<br>अध्यक्ष | रमेश बराल, एफ. सि. ए.<br>आर बराल एण्ड एसोसिएट्स<br>चार्टर्ड एकाउन्टेन्ट्स् |

# बागमती प्रदेश बचत तथा ऋण सहकारी संघ लि. (बागमती प्रोस्कून)

बनेपा न.पा-७, काभ्रेपलाञ्चोक

## १ श्रावण २०८० देखी २०८१ आषाढ मसान्त सम्मको वित्तीय विवरणका लेखा टिप्पणीहरु

खण्डमा सो नोक्सानी व्यवस्थाबाट फिर्ता गरी नाफा नोक्सान खातामा आम्दानी जनाईन्छ । एक बर्ष भन्दा कम अवधिको गैर वित्तीय सम्पत्तिको नोक्सानी व्यवस्था नगर्ने नीति अवलम्बन गरिएको छ ।

### ३.२० नगद प्रवाह विवरण

संस्थाले नगद प्रवाहको विवरण NAS 07 – Statement of Cash Flows को Direct method अनुसार तयार गरेको छ । नगद मौज्दातमा भएको उतार चढावलाई यस विवरणले चित्रण गरेको हुन्छ । प्रस्तुत नगद प्रवाह विवरणले सो आर्थिक वर्षभरि भएको विभिन्न नगद प्रवाहलाई निम्न अनुसार प्रस्तुत गरेको छ

१. सञ्चालन कारोबारबाट भएको नगद प्रवाह
२. लगानीबाट भएको नगद प्रवाह
३. वित्तीय कारोबारबाट भएको नगद प्रवाह

### ३.२१ प्रस्तावित लाभांश

साधारण सभाबाट पारित भएपछि मात्र साधारण शेयरमा दिइएको लाभांशलाई दायित्व लेखाकंन गरिन्छ र इक्विटीबाट घटाइन्छ । अन्तरिम लाभांश घोषणा पछि संस्थाको अधिकारमा नरहे पश्चात् इक्विटीबाट घटाइन्छ । रिपोर्टिङ्ग मिति पछि पारित यस वर्षको लाभांशलाई रिपोर्टिङ्ग मिति पश्चात्को घटना भनेर देखाइन्छ ।

### ३.२२ तुलनात्मक रकम

यस वर्षको वित्तीय विवरणमा आवश्यकता अनुसार तुलनात्मक रकमहरु पुनः वर्गीकरण गरिएका छन् ।

### ३.२३ आन्तरिम वित्तिय रिपोर्टिङ्ग

वित्तिय विवरणसँग सम्बन्धित अन्तरिम रिपोर्टहरु नियामक रिपोर्टिङ्ग आवश्यकता बमोजिम रिपोर्ट गरिएको छ । ती रिपोर्टहरु आवश्यकता अनुसार प्रकाशित गरिएको छ ।

| | | | |
|---|---|---|---|
| कोषबहादुर दाहाल<br>प्रमुख कार्यकारी अधिकृत | केशव प्रसाद दंगाल<br>कोषाध्यक्ष | उद्धव सापकोटा<br>अध्यक्ष | रमेश बराल, एफ. सि. ए.<br>आर. बराल एण्ड एसोसिएट्स<br>चार्टर्ड एकाउन्टेन्ट्स् |

# बागमती प्रदेश बचत तथा ऋण सहकारी संघ लि. (बागमती प्रोस्कून)

**बनेपा न.पा-७, काभ्रेपलाञ्चोक**

**१ श्रावण २०८० देखी २०८१ आषाढ मसान्त सम्मको वित्तीय विवरणका लेखा टिप्पणीहरु**

**नगद तथा नगद सरह** — **लेखा टिप्पणी-४.१**

| विवरण | आ.व २०८०/०८१ | आ.व २०७९/०८० |
|---|---|---|
| ढिकुटीमा भएको नगद (नेपाली मुद्रा) | १५०,६७९.८९ | २७१,४५५.३१ |
| **जम्मा** | **१५०,६७९.८९** | **२७१,४५५.३१** |

ढिकुटीमा रहेको नगदलाई भौतिक तथा वित्तीयबाट पर्न सक्ने जोखिमका लागि पर्याप्त बीमा गरिएको छ ।

**बैंक तथा वित्तीय संस्थामा भएको तरल मौज्दात** — **लेखा टिप्पणी-४.२**

| विवरण | आ.व २०८०/०८१ | आ.व २०७९/०८० |
|---|---|---|
| क वर्गको वित्तीय संस्था | ९९,२४८,३६३.७३ | ८१,९४१,७५९.०८ |
| ख वर्गको वित्तीय संस्था | २८,१८२,५०४.४३ | ६५,९२४,३४१.३९ |
| ग वर्गको वित्तीय संस्था | ३८,६०८,९८२.०२ | - |
| अन्य | | |
| राष्ट्रिय सहकारी बैंक लि. | १७१,७०३,६५६.९४ | ७६,०२७,००७.२० |
| नेपाल बचत तथा ऋण केन्द्रीय सहकारी संघ लि. | २३६,६१४,२६९.३४ | ३१३,४६४,५२४.५८ |
| आवधिक बचत – ३ महिना सम्मको परिपक्कता | | |
| नेपाल बचत तथा ऋण केन्द्रीय सहकारी संघ लि. | ८०,०००,०००.०० | |
| **जम्मा** | **६५४,३५७,७७६.४६** | **५३७,३५७,६३२.२५** |
| न्यूनः प्रभारका लागि व्यवस्था | - | - |
| **खूद बैंक मौज्दात** | **६५४,३५७,७७६.४६** | **५३७,३५७,६३२.२५** |

बैंक तथा वित्तीय संस्थामा रहेको सम्पत्तिलाई परिशोधित लागतमा गणना गरिएको छ, र सो सम्बन्धि जोखिमलाई निरन्तर रुपमा मूल्याकँन गरिन्छ । यस सम्पत्तिबाट प्राप्त व्याजलाई व्याज आम्दानीमा लेखाकंन गरिएको छ ।

कोषप्रसाद दाहाल
प्रमुख कार्यकारी अधिकृत

केशव प्रसाद दंगाल
कोषाध्यक्ष

उद्धव सापकोटा
अध्यक्ष

[illegible] बराल, एफ. सि. ए.
आर बराल एण्ड एसोसिएट्स
चार्टड एकाउन्टेन्ट्स्

M. No.: 957
COP No.: 7[illegible]
R Baral & Associates, Chartered Accountants, Nepal

# बागमती प्रदेश बचत तथा ऋण सहकारी संघ लि. (बागमती प्रोस्कून)

बनेपा न.पा-७, काभ्रेपलाञ्चोक

१ श्रावण २०८० देखी २०८१ आषाढ मसान्त सम्मको वित्तीय विवरणका लेखा टिप्पणीहरु

**ऋण लगानी** — **लेखा टिप्पणी-४.३**

| विवरण | आ.व २०८०/०८१ | आ.व २०७९/०८० |
|---|---|---|
| **अपलेखित मूल्यमा मुल्याकंन गरिएको कर्जा तथा सापटी** | | |
| **(क) सदस्यलाई ऋण लगानी** | **३९०,४९१,२५७.६८** | **८२०,०१२,५४५.९६** |
| साकोस स्तरीकरण तथा सुशासन ऋण | ८१,२७७,७७२.९६ | ४९५,४९५,५५२.९६ |
| मद्धती निक्षेप धितो ऋण | ६७,५००,०००.०० | ७२,०००,०००.०० |
| तरलता व्यवस्थापन ऋण | - | ५४,०१६,९३०.०० |
| व्यवसाय निरन्तरता ऋण | १०,४१६,१४३.०० | ६२,७३३,६१५.०० |
| व्यवसाय ऋण | २३१,२९७,३४१.७२ | १३५,७६६,४४८.०० |
| **(ख) कर्मचारीलाई ऋण लगानी** | **१,९४१,७८२.७४** | **२,५३८,४३६.००** |
| सवारी साधन खरिद ऋण | १,९४१,७८२.७४ | २,५३८,४३६.०० |
| **(ग) लगानी भएको ऋणमा असुल हुन बाँकी ब्याज** | - | - |
| **जम्मा ऋण लगानी हिसाब (क+ख+ग)** | **३९२,४३३,०४०.४२** | **८२२,५५०,९८१.९६** |
| न्यूनः प्रभार व्यवस्था | | |
| सामूहिक प्रभार | २१,४३२,३२३.८४ | ८,२२५,५०९.८२ |
| एकल प्रभार | - | - |
| **खूद ऋण लगानी हिसाब** | **३७१,०००,७१६.५८** | **८१४,३२५,४७२.१४** |
| FVTPL मा मूल्याङ्कन गरिएको कर्जा तथा सापटी | - | - |
| **जम्मा ऋण लगानी हिसाब** | **३७१,०००,७१६.५८** | **८१४,३२५,४७२.१४** |

कोषबप्रसाद दाहाल
प्रमुख कार्यकारी अधिकृत

केशव प्रसाद दंगाल
कोषाध्यक्ष

उद्धव सापकोटा
अध्यक्ष

रमेश बराल, एफ. सि. ए.
आर बराल एण्ड एसोसिएट्स
चार्टड एकाउन्टेन्ट्स्

# बागमती प्रदेश बचत तथा ऋण सहकारी संघ लि. (बागमती प्रोस्कून)

बनेपा न.पा-७, काभ्रेपलाञ्चोक

१ श्रावण २०८० देखी २०८१ आषाढ मसान्त सम्मको वित्तीय विवरणका लेखा टिप्पणीहरु

## धितो सुरक्षणका आधारमा ऋण तथा सापटीको विश्लेषण

लेखा टिप्पणी-४.३.१

| विवरण | आ.व २०८०/०८१ | आ.व २०७९/०८० |
|---|---|---|
| चल अचल सम्पत्ति धितो | ३२४,९३३,०४०.४२ | ७५०,५५०,९८१.९६ |
| मुद्धती निक्षेप धितो | ६७,५००,०००.०० | ७२,०००,०००.०० |
| बचत निक्षेप धितो | - | - |
| सामुहिक जमानत | - | - |
| सुरक्षण नगरिएको | - | - |
| **कुल जम्मा ऋण** | **३९२,४३३,०४०.४२** | **८२२,५५०,९८१.९६** |

## प्रभारका लागि व्यवस्था

लेखा टिप्पणी-४.३.२

| विवरण | आ.व २०८०/०८१ | आ.व २०७९/०८० |
|---|---|---|
| **सामूहिक प्रभारका लागि व्यवस्था** | | |
| **श्रावण १ गतेको मौज्दात** | ८,२२५,५०९.८२ | २,८४८,७३७.७२ |
| यस वर्षको प्रभार: | | |
| यस वर्ष थप | १३,२०६,८१४.०२ | ५,३७६,७७२.१० |
| यस वर्ष अशुली वा विपर्यय | - | - |
| ऋण अपलेखन | - | - |
| **आषाढ अन्त्यको मौज्दात** | २१,४३२,३२३.८४ | ८,२२५,५०९.८२ |
| **एकल प्रभारका लागि व्यवस्था** | | |
| **श्रावण १ गतेको मौज्दात** | - | - |
| यस वर्षको प्रभार: | | |
| यस वर्ष थप | - | - |
| यस वर्ष अशुली वा विपर्यय | - | - |
| ऋण अपलेखन | - | - |
| **आषाढ अन्त्यको मौज्दात** | - | - |
| **प्रभारका लागि जम्मा व्यवस्था** | **२१,४३२,३२३.८४** | **८,२२५,५०९.८२** |

केशवप्रसाद दाहाल
प्रमुख कार्यकारी अधिकृत

केशव प्रसाद दंगाल
कोषाध्यक्ष

उद्धव सापकोटा
अध्यक्ष

रमेश बराल, एफ. सि. ए.
आर. बराल एण्ड एसोसिएट्स
चार्टर्ड एकाउन्टेन्टस

# बागमती प्रदेश बचत तथा ऋण सहकारी संघ लि. (बागमती प्रोस्कून)

बनेपा न.पा-७, काभ्रेपलाञ्चोक

१ श्रावण २०८० देखी २०८१ आषाढ मसान्त सम्मको वित्तीय विवरणका लेखा टिप्पणीहरु

**कर्जाको परिपक्वता वर्गीकूरण बमोजिमको व्यवस्था** — **लेखा टिप्पणी-४.३.३**

| विवरण | आ.व २०८०/०८१ | आ.व २०७९/०८० |
|---|---|---|
| **वर्गीकरण** | | |
| असल कर्जा | ३४०,९४९,३२६.७० | ८२२,५५०,९८१.९६ |
| भाखा नाघेको – १२ महिना सम्म | ५१,४८३,७१३.७२ | - |
| भाखा नाघेको – १२ महिना भन्दा बढी | - | - |
| **कुल लगानी** | **३९२,४३३,०४०.४२** | **८२२,५५०,९८१.९६** |
| **प्रभारका लागि व्यवस्था** | | |
| असल कर्जा | ३,४१३,०२४.०४ | ८,२२५,५०९.८२ |
| भाखा नाघेको – १२ महिना सम्म | १८,०१९,२९९.८० | - |
| भाखा नाघेको – १२ महिना भन्दा बढी | - | - |
| **कुल प्रभार** | **२१,४३२,३२३.८४** | **८,२२५,५०९.८२** |
| **कुल प्रभार प्रतिशत** | **५.४६%** | **१.००%** |

**वित्तीय लगानी हिसाब** — **लेखा टिप्पणी-४.४**

| विवरण | आ.व २०८०/०८१ | आ.व २०७९/०८० |
|---|---|---|
| परिशोधित मुल्यमा गरिएको लगानी | २,५५३,०३८,७७१.४३ | १,१३०,०२४,९१२.८९ |
| FVTOCI मा गरिएको लगानी | ४,२००,०००.०० | ४,२००,०००.०० |
| **कुल लगानी** | **२,५५७,२३८,७७१.४३** | **१,१३४,२२४,९१२.८९** |

के... दाहाल
प्रमुख कार्यकारी अधिकृत

केशव प्रसाद दंगाल
कोषाध्यक्ष

उद्धव सापकोटा
अध्यक्ष

...श बराल, एफ. सि. ए.
आर बराल एण्ड एसोसिएट्स
चार्टड एकाउन्टेन्ट्स्

# बागमती प्रदेश बचत तथा ऋण सहकारी संघ लि. (बागमती प्रोस्कून)

बनेपा न.पा-७, काभ्रेपलाञ्चोक

१ श्रावण २०८० देखी २०८१ आषाढ मसान्त सम्मको वित्तीय विवरणका लेखा टिप्पणीहरु

## परिशोधित मुल्यमा गरिएको लगानी

लेखा टिप्पणी-४.४.१

| विवरण | आ.व २०८०/०८१ | आ.व २०७९/०८० |
|---|---|---|
| **आवधिक बचतमा लगानी** | | |
| क वर्गको वित्तीय संस्था | ६००,०००,०००.०० | - |
| ख वर्गको वित्तीय संस्था | २१०,०००,०००.०० | - |
| ग वर्गको वित्तीय संस्था | ३५०,०००,०००.०० | - |
| नेपाल बचत तथा ऋण केन्द्रिय सहकारी संघ | ६२५,०००,०००.०० | ७३५,०००,०००.०० |
| सहकारी बैंक | ७६८,०००,०००.०० | ३९५,०००,०००.०० |
| **नियमित बचतमा भएको लगानी** | | |
| नेपाल बचत तथा ऋण केन्द्रिय सहकारी संघ | ३८,७७१.४३ | २४,९१२.८९ |
| **जम्मा** | २,५५३,०३८,७७१.४३ | १,१३०,०२४,९१२.८९ |
| न्यून: हानी नोक्सानी व्यवस्था | - | - |
| **खूद परिशोधित मुल्यमा गरिएको लगानी** | २,५५३,०३८,७७१.४३ | १,१३०,०२४,९१२.८९ |

## FVTOCI मा मुल्यकंन गरिएको लगानी

लेखा टिप्पणी-४.४.२

| विवरण | आ.व २०८०/०८१ | आ.व २०७९/०८० |
|---|---|---|
| **सहकारी संघ र बैंकमा शेयरमा लगानी :** | | |
| राष्ट्रिय सहकारी महासंघको शेयरमा लगानी | १००,०००.०० | १००,०००.०० |
| राष्ट्रिय सहकारी बैंकको शेयरमा लगानी | ३,०००,०००.०० | ३,०००,०००.०० |
| नेपाल बचत तथा ऋण केन्द्रिय सहकारी संघ लि. (नेफ्स्कून) को शेयरमा लगानी | १,०००,०००.०० | १,०००,०००.०० |
| बागमती प्रदेश सहकारी संघको शेयरमा लगानी | १००,०००.०० | १००,०००.०० |
| **कुल लगानी** | ४,२००,०००.०० | ४,२००,०००.०० |
| न्यून: हानी नोक्सानी व्यवस्था | - | - |
| **खूद FVTOCI मा गरिएको लगानी** | ४,२००,०००.०० | ४,२००,०००.०० |

आवधिक निक्षेप र अन्य संस्थाको लगानीलाई संघले परिपक्व हुने बेलासम्म राख्न सक्ने अभिप्राय रहेकाले यो सम्पतिहरुलाई परिषोधन हुने सम्पत्ति अन्तर्गत वर्गिकरण गरिएको छ। यी उपकरणहरुले प्रदान गर्ने स्थिर दरले यी उपकरणहरुमा निहित जोखिमहरुलाई पर्याप्त रुपमा पूर्ति गर्दछ। माथि उल्लेखित भएको कुनै पनि शेयर लगानीमा सहकारीको नियन्त्रण (control) मा उल्लेखनीय प्रवाह (significant influence) रहेको छैन। यी लगानीको फेर उतारचढावलाई आर्थिक विस्तृत आय विवरणमा समायोजित गरिएको छ।

| | | | |
|---|---|---|---|
| ... प्रसाद दाहाल | केशव प्रसाद दंगाल | उद्धव सापकोटा | रमेश बराल, एफ. सि. ए. |
| प्रमुख कार्यकारी अधिकृत | कोषाध्यक्ष | अध्यक्ष | आर बराल एण्ड एसोसिएट्स |
| | | | चार्टर्ड एकाउन्टेन्ट्स |

# बागमती प्रदेश बचत तथा ऋण सहकारी संघ लि. (बागमती प्रोस्कून)

बनेपा न.पा-७, काभ्रेपलाञ्चोक

**१ श्रावण २०८० देखी २०८१ आषाढ मसान्त सम्मको वित्तीय विवरणका लेखा टिप्पणीहरु**

**चालु सम्पत्ति** — **लेखा टिप्पणी-४.५**

| विवरण | आ.व २०८०/०८१ | आ.व २०७९/०८० |
|---|---|---|
| बहाल धरौटी | १६५,०००.०० | १६५,०००.०० |
| अन्तिम मौज्दात | ४०९,११०.५८ | २२३,७७१.४२ |
| अन्य | १३८,४८७.०० | १२९,७७६.२० |
| अग्रिम खर्च | १९३,६४०.९१ | १४८,९६२.३१ |
| स्थगन गरेको कर्मचारी खर्च | ३८८,७८५.०३ | - |
| **जम्मा** | **१,२९५,०२३.५२** | **६६७,५०९.९३** |

**लगानी सम्पत्तिहरु** — **लेखा टिप्पणी-४.६**

| विवरण | आ.व २०८०/०८१ | आ.व २०७९/०८० |
|---|---|---|
| **फेयर भ्यालूमा गरिएको लगानी सम्पत्ति** | | |
| श्रावण १ को मौज्दात | - | - |
| यस वर्षको थप | - | - |
| यस वर्षको बिक्री | - | - |
| यस वर्षको फेयर भ्यालूमा भएको खूद परिवर्तन | - | - |
| **लगात मुल्याकंन गरिएको लगानी सम्पत्ति** | | |
| श्रावण १ को मौज्दात | - | - |
| यस वर्षको थप | १९,४१७,८१२.०० | - |
| यस वर्षको बिक्री | - | - |
| समायोजन | - | - |
| संचित ह्रास | - | - |
| संचित प्रभार नोक्सानी | - | - |
| **खूद रकम** | **१९,४१७,८१२.००** | **-** |

संघले कर्जामा ... सम्पत्तिलाई अदालतको निर्णय बमोजिम मुल्याकंन्लाई लागत मानेर सो आधारमा सकारेको सम्पत्तिलाई लगानी सम्पत्तिमा राखिएको छ । सो सम्पत्ति संघको नाममा आ.व. २०८१/०८२मा दर्ता भएको छ ।

| | | | |
|---|---|---|---|
| ... प्रसाद दाहाल | केशव प्रसाद दंगाल | उद्धव सापकोटा | ... बराल, एफ. सि. ए. |
| प्रमुख कार्यकारी अधिकृत | कोषाध्यक्ष | अध्यक्ष | आर बराल एण्ड एसोसिएट्स |
| | | | चार्टड एकाउन्टेन्टस |

R. Baral & Associates Chartered Accountants, M. No.: 957, COP No.: 138, Nepal

# बागमती प्रदेश बचत तथा ऋण सहकारी संघ लि. (बागमती प्रोस्कून)

बनेपा न.पा.-७, काभ्रेपलाञ्चोक

**१ श्रावण २०८० देखी २०८१ आषाढ मसान्त सम्मको वित्तीय विवरणका लेखा टिप्पणीहरु**

**लेखा टिप्पणी-४.७** **जायजेथा, सम्पत्ति तथा उपकरण**

| | फर्निचर तथा फिक्स्चर्स | कम्प्यूटर तथा प्रिन्टर | कार्यालय उपकरण | अन्य सम्पती सामान | कुल |
|---|---|---|---|---|---|
| **लागत अथवा मानिएको लागत** | | | | | |
| **आ.व. २०७९.०८०** | **२,७६५,०६२.४०** | **१,६३३,४००.४०** | **२,००६,४२०.२९** | **१,४५६,१९१.२९** | **७,८६१,०७४.३८** |
| खरिद | २०३,८०२.०० | १७६,०००.०० | २६९,२७०.०० | १७,८००.०० | ६६६,८७२.०० |
| पुंजीकरण | - | - | - | - | - |
| व्यवसाय संयोजन मार्फत प्राप्त सम्पत्ति | - | - | - | - | - |
| **कुल थप** | **२०३,८०२.००** | **१७६,०००.००** | **२६९,२७०.००** | **१७,८००.००** | **६६६,८७२.००** |
| बिकि तथा निपटान | - | - | - | - | - |
| पुर्नमुल्यांकन / समायोजन | - | - | - | - | - |
| अन्य | - | - | - | - | - |
| **आ.व. २०८०.०८१** | **२,९६८,८६४.४०** | **१,८०९,४००.४०** | **२,२७५,६९०.२९** | **१,४७३,९९१.२९** | **८,५२७,९४६.३८** |
| **ह्रासकट्टी** | | | | | |
| **आ.व. २०७९.०८०** | **४५१,१३४.३७** | **४२३,६६०.२८** | **५३८,१०६.९३** | **४३७,६७३.८१** | **१,८५०,५७५.३९** |
| यस आ.व.को ह्रासकट्टी | १८७,४०८.३६ | २२०,३९९.७१ | ४५१,३९१.२४ | २८४,३२७.९१ | १,१४३,५२७.२२ |
| यस आ.व.को अपलेखन | - | - | - | - | - |
| अन्य | - | - | - | - | - |
| बिकि तथा निपटान | - | - | - | - | - |
| **आ.व. २०८०.०८१** | **६३८,५४२.७३** | **६४४,०५९.९९** | **९८९,४९८.१७** | **७२२,००१.७२** | **२,९९४,१०२.६१** |
| **ह्रास पश्चातको मुल्य** | | | | | |
| **आ.व. २०८०.०८१** | **२,३३०,३२१.६७** | **१,१६५,३४०.४१** | **१,२८६,१९२.१२** | **७५१,९८९.५७** | **५,५३३,८४३.७७** |
| **आ.व. २०७९.०८०** | **२,३१३,९२८.०३** | **१,२०९,७४०.१२** | **१,४६८,३१३.३६** | **१,०१८,५१७.४८** | **६,०१०,४९८.९९** |

केशवप्रसाद दाहाल
प्रमुख कार्यकारी अधिकृत

केशव प्रसाद दंगाल
कोषाध्यक्ष

उद्धव सापकोटा
अध्यक्ष

रमेश बराल, एफ. सि. ए.
आर. बराल एण्ड एसोसिएट्स
चार्टर्ड एकाउन्टेन्ट्स्

# बागमती प्रदेश बचत तथा ऋण सहकारी संघ लि. (बागमती प्रोस्कून)

बनेपा न.पा-७, काभ्रेपलाञ्चोक

१ श्रावण २०८० देखी २०८१ आषाढ मसान्त सम्मको वित्तीय विवरणका लेखा टिप्पणीहरु

**लेखा टिप्पणी-४.८** **अदृश्य सम्पत्ति**

| | सफ्टवेयर | कुल |
|---|---|---|
| **लागत अथवा मानिएको लागत** | | |
| आ.व. २०७९.०८० | २०६,५००.०० | २०६,५००.०० |
| खरिद | - | - |
| पुँजीकरण | - | - |
| व्यवसाय संयोजन मार्फत प्राप्त सम्पत्ति | - | - |
| कुल थप | - | - |
| बिक्रि तथा निपटान | - | - |
| पुर्नमुल्यांकन / समायोजन | - | - |
| अन्य | - | - |
| आ.व. २०८०.०८१ | २०६,५००.०० | २०६,५००.०० |
| **ह्रासकट्टी** | | |
| आ.व. २०७९.०८० | १२,८८७.९५ | १२,८८७.९५ |
| यस आ.व.को ह्रासकट्टी | ४१,३००.०० | ४१,३००.०० |
| यस आ.व.को अपलेखन | - | - |
| अन्य | - | - |
| बिक्रि तथा निपटान | - | - |
| आ.व. २०८०.०८१ | ५४,१८७.९५ | ५४,१८७.९५ |
| **ह्रास पश्चातको मुल्य** | | |
| आ.व. २०८०.०८१ | १५२,३१२.०५ | १५२,३१२.०५ |
| आ.व. २०७९.०८० | १९३,६१२.०५ | १९३,६१२.०५ |

| केशवप्रसाद दाहाल | केशव प्रसाद दंगाल | उद्धव सापकोटा | रमेश बराल, एफ. सि. ए. |
|---|---|---|---|
| प्रमुख कार्यकारी अधिकृत | कोषाध्यक्ष | अध्यक्ष | आर. बराल एण्ड एसोसिएट्स |
| | | | चार्टड एकाउन्टेन्ट्स् |

R. Baral & Associates, Chartered Accountants, M. No.: 9.., COP No.: 7.., Nepal

# बागमती प्रदेश बचत तथा ऋण सहकारी संघ लि. (बागमती प्रोस्कून)

बनेपा न.पा-७, काभ्रेपलाञ्चोक

१ श्रावण २०८० देखी २०८१ आषाढ मसान्त सम्मको वित्तीय विवरणका लेखा टिप्पणीहरु

**चालु कर सम्पत्ति /चालु कर दायित्व** — लेखा टिप्पणी-४.९

| विवरण | आ.व २०८०/०८१ | आ.व २०७९/०८० |
|---|---|---|
| **चालु कर सम्पत्ति** | | |
| चालु वर्षको आय कर सम्पत्ति | ३०,०८८,१७४.०९ | ९,८६०,५३७.३० |
| गत वर्षको आय कर सम्पत्ति | १२,५२७,४१७.५४ | ३,२११,७४४.०२ |
| **जम्मा आय कर सम्पत्ति** | **४२,६१५,५९१.६३** | **१३,०७२,२८१.३२** |
| **चालु कर दायित्व** | | |
| चालु वर्षको आय कर दायित्व | (१,८०८,२७५.७८) | (५३१,००१.९८) |
| **जम्मा आय कर सम्पत्ति वा (दायित्व)** | **४०,८०७,३१५.८५** | **१२,५४१,२७९.३४** |

आषाढ मसान्त २०८१ को अग्रिम आयकरको विवरण

| विवरण | आ.व २०८०/०८१ |
|---|---|
| क. गत वर्षको अ. ल्या.अग्रिम आयकर | १२,५२७,४१७.५४ |
| ख. आ.व. २०८०/०८१ अन्तर्गत दाखिला गरेको जम्मा अग्रिम आय कर | - |
| ग. आ.व. २०८०/०८१ को अग्रिम करकट्टी रकम | ३०,०८८,१७४.०९ |
| घ. आयकर मुद्धा बापत सारिएको कर रकम | - |
| ङ. आ.व. २०८०/०८१ को लागि व्यवस्था गरिएको आयकर | (१,८०८,२७५.७८) |
| **जम्मा भुक्तानी गर्नुपर्ने आय कर** | **४०,८०७,३१५.८५** |

केशबप्रसाद दाहाल
प्रमुख कार्यकारी अधिकृत

केशव प्रसाद दंगाल
कोषाध्यक्ष

उद्धव सापकोटा
अध्यक्ष

रमेश बराल, एफ. सि. ए.
आर बराल एण्ड एसोसिएट्स
चार्टड एकाउन्टेन्ट्स्

# बागमती प्रदेश बचत तथा ऋण सहकारी संघ लि. (बागमती प्रोस्कून)

बनेपा न.पा-७, काभ्रेपलाञ्चोक

१ श्रावण २०८० देखी २०८१ आषाढ मसान्त सम्मको वित्तीय विवरणका लेखा टिप्पणीहरु

**स्थगन कर सम्पत्ति वा (दायित्व)** — लेखा टिप्पणी-४.१०

| विवरण | स्थगन कर सम्पत्ति | स्थगन कर (दायित्व) | आ.व २०८०/०८१ | आ.व २०७९/०८० |
|---|---|---|---|---|
| **अस्थाई भिन्नतामा स्थगन कर** | | | | |
| सम्पत्ति र उपकरण | ९८,३१६.०४ | - | ९८,३१६.०४ | ३२,३५४.७५ |
| कर्जाको क्षती प्रभार तथा अन्य हानी | १७९,३०१.८० | | १७९,३०१.८० | |
| पट्टा दायित्व (प्रयोगको अधिकार सम्पत्ति (पट्टा सम्पत्ति) घटाएर) | ४९,३७४.२९ | - | ४९,३७४.२९ | ८,९००.०८ |
| **अस्थाई भिन्नतामा स्थगन कर जम्मा** | **३२६,९९२.१३** | - | **३२६,९९२.१३** | **४१,२५४.८३** |
| गत वर्षका बाँकी कर घाटामा स्थगन कर | | | - | - |
| करका दरमा परिवर्तन भएकोले सिर्जित स्थगन कर | | | - | - |
| **खूद स्थगन कर सम्पत्ति वा (दायित्व), वर्षान्त** | **३२६,९९२.१३** | - | **३२६,९९२.१३** | **४१,२५४.८३** |
| खूद स्थगन कर सम्पत्ति वा (दायित्व), अ.ल्या | | | ४१,२५४.८३ | (२१,८९७.०७) |
| यस वर्षको स्थापित वा रिभर्सल | | | | |
| नाफा नोक्सानमा देखाइएको स्थगन कर खर्च वा (आम्दानी) | | | (२८५,७३७.३०) | (६३,१५१.९०) |
| अन्य विस्तृत आयमा देखाइएको स्थगन कर खर्च वा (आम्दानी) | | | - | - |
| इक्विटीमा देखाइएको स्थगन कर खर्च वा (आम्दानी) | | | - | - |

| | | | |
|---|---|---|---|
| केशवप्रसाद दाहाल | केशव प्रसाद दंगाल | उद्धव सापकोटा | रमेश बराल, एफ. सि. ए. |
| प्रमुख कार्यकारी अधिकृत | कोषाध्यक्ष | अध्यक्ष | आर. बराल एण्ड एसोसिएट्स |
| | | | चार्टड एकाउन्टेन्ट्स् |

# बागमती प्रदेश बचत तथा ऋण सहकारी संघ लि. (बागमती प्रोस्कून)

बनेपा न.पा-७, काभ्रेपलान्चोक

१ श्रावण २०८० देखी २०८१ आषाढ मसान्त सम्मको वित्तीय विवरणका लेखा टिप्पणीहरु

**बचत तथा निक्षेप हिसाब** — **लेखा टिप्पणी-४.११**

| विवरण | आ.व २०८०/०८१ | आ.व २०७९/०८० |
|---|---|---|
| नियमित मासिक बचत | १९,७२८,६२७.७७ | १०,९९८,८५९.३६ |
| बागमती प्रोस्कून विशेष बचत | ५१७,१३०,०७४.१९ | ४८६,६९३,७२९.९५ |
| क्रेडिट युनियन बचत | २८२,९०८,२७७.८३ | ४१६,४२०,८२१.४२ |
| प्रतिफल बचत | ५,३१६,०८७.५९ | ३,१८८,९१६.११ |
| साकोस बचत | १,०४०,३७०.४७ | ५७९,१२४.४० |
| तरलता व्यवस्थापन बचत | ४२०,७१९,९३१.४७ | २७७,१६९,६७३.७९ |
| प्रोस्कून कारोबार बचत | १०,२२८,११९.७३ | १०,१२५,९०१.०० |
| आवधिक बचत ३ महिने | ८६४,०००,०००.०० | २१८,४००,०००.०० |
| आवधिक बचत ६ महिने | ५५३,४८०,०००.०० | २१२,८००,०००.०० |
| आवधिक बचत १ वर्षे | ८४५,५००,०००.०० | ६८८,३४०,०००.०० |
| आवधिक बचत १३ महिने | - | २०,०००,०००.०० |
| आवधिक बचत १५ महिने | - | ५,०००,०००.०० |
| आवधिक बचत २ बर्षे | - | ४०,०००,०००.०० |
| आवधिक बचत ३ बर्षे | २०,०००,०००.०० | २०,०००,०००.०० |
| **जम्मा** | **३,५४०,०५१,४८९.०५** | **२,४०९,७१७,०२६.०३** |

**बाह्य ऋण तथा सापटी** — **लेखा टिप्पणी-४.१२**

| विवरण | आ.व २०८०/०८१ | आ.व २०७९/०८० |
|---|---|---|
| बैंक तथा वित्तीय संस्थाबाट | - | - |
| सहकारी संघ तथा बैंकबाट | - | - |
| अन्य | - | - |
| **जम्मा** | | - |

केशबप्रसाद दाहाल
प्रमुख कार्यकारी अधिकृत

केशव प्रसाद दंगाल
कोषाध्यक्ष

उद्धव सापकोटा
अध्यक्ष

रमेश बराल, एफ. सि. ए.
आर बराल एण्ड एसोसिएट्स
चार्टड एकाउन्टेन्ट्स्

# बागमती प्रदेश बचत तथा ऋण सहकारी संघ लि. (बागमती प्रोस्कून)

बनेपा न.पा-७, काभ्रेपलाञ्चोक

१ श्रावण २०८० देखी २०८१ आषाढ मसान्त सम्मको वित्तीय विवरणका लेखा टिप्पणीहरु

**बैंक तथा वित्तीय संस्थाबाट बाह्य ऋण तथा सापटी** — **लेखा टिप्पणी-४.१२.१**

| विवरण | आ.व २०८०/०८१ | आ.व २०७९/०८० |
|---|---|---|
| नेपाल बचत तथा ऋण केन्द्रिय सहकारी संघ | - | - |
| अन्य | - | - |
| जम्मा | - | - |

**व्यवस्था** — **लेखा टिप्पणी-४.१३**

| विवरण | आ.व २०८०/०८१ | आ.व २०७९/०८० |
|---|---|---|
| पुनः संरचनाका लागि व्यवस्था | - | - |
| चलिरहेको कानुनी तथा मुद्धाका लागि व्यवस्था | - | - |
| अनरियस सम्झौताका लागि व्यवस्था | - | - |
| अन्य | - | - |
| जम्मा | - | - |

**प्रयोगको अधिकार सम्पत्ति (पट्टा सम्पत्ति) / पट्टा दायित्व** — **लेखा टिप्पणी-४.१४**

**प्रयोगको अधिकार सम्पत्ति (पट्टा सम्पत्ति)** — **लेखा टिप्पणी-४.१४.१**

| विवरण | घर | कुल |
|---|---|---|
| **लागत** | | |
| २०८० असार मसान्त सम्मको कुल लागत | ६,४७३,६३३.७३ | ६,४७३,६३३.७३ |
| आ.व. २०८०.०८१ मा थप | | |
| आ.व. २०८०.०८१ मा बिक्रि तथा निपटान | - | - |
| २०८१ असार मसान्त सम्मको कुल लागत | ६,४७३,६३३.७३ | ६,४७३,६३३.७३ |

| | | | |
|---|---|---|---|
| केशबप्रसाद दहाल | केशव प्रसाद दंगाल | उद्धव सापकोटा | [illegible] बराल, एफ. सि. ए. |
| प्रमुख कार्यकारी अधिकृत | कोषाध्यक्ष | अध्यक्ष | आर बराल एण्ड एसोसिएट्स |
| | | | चार्टड एकाउन्टेन्ट्स् |

# बागमती प्रदेश बचत तथा ऋण सहकारी संघ लि. (बागमती प्रोस्कून)

बनेपा न.पा-७, काभ्रेपलाञ्चोक

१ श्रावण २०८० देखी २०८१ आषाढ मसान्त सम्मको वित्तीय विवरणका लेखा टिप्पणीहरु

| | | |
|---|---|---|
| **ह्रास कट्टी तथा अपलेखन** | | |
| २०८० असार मसान्त सम्मको संचित ह्रास | ६०१,१२०.५९ | ६०१,१२०.५९ |
| आ.व. २०८०.०८१ को ह्रास कट्टी | १,२९४,७२६.६८ | १,२९४,७२६.६८ |
| आ.व. २०८०.०८१ को अपलेखन | - | - |
| बिक्रि तथा निपटान | - | - |
| **२०८१ असार मसान्त सम्मको संचित ह्रास** | **१,८९५,८४७.२७** | **१,८९५,८४७.२७** |

**ह्रास पश्चातको मुल्य**

| | | |
|---|---|---|
| **२०८१ असार मसान्त सम्म** | **४,५७७,७८६.४६** | **४,५७७,७८६.४६** |
| **२०८० असार मसान्त सम्म** | **५,८७२,५१३.१४** | **५,८७२,५१३.१४** |

**पट्टा दायित्व** — **लेखा टिप्पणी-४.१४.२**

| विवरण | आ.व २०८०/०८१ | आ.व २०७९/०८० |
|---|---|---|
| चालू दायित्व | १,१५४,४९५.५२ | ९७८,९८५.३४ |
| दीर्घकालिन दायित्व | ३,९१७,०३३.८७ | ५,०७१,५२९.३९ |
| **जम्मा** | **५,०७१,५२९.३९** | **६,०५०,५१४.७३** |

**पट्टाको परिपक्वता विश्लेषण** — **लेखा टिप्पणी-४.१४.३**

| विवरण | पट्टा दायित्व | पट्टा दायित्वमा ब्याज खर्च | पट्टा भुक्तानी |
|---|---|---|---|
| **छुट नगरिएको सम्झौतामा आधारित नगद प्रवाह** | | | |
| वर्ष १ – | १,१५४,४९५.५२ | ४५६,९७५.३६ | १,६११,४७०.८८ |
| वर्ष २ – | १,३६३,६४१.२३ | ३३०,३२६.७७ | १,६९३,९६८.०० |
| वर्ष ३ – | १,५८६,७२८.३२ | १८५,८८५.६८ | १,७७२,६१४.०० |
| वर्ष ४ – | ९६६,६६४.३२ | ३१,५६७.६८ | ९९८,२३२.०० |
| **जम्मा नगद प्रवाह –** | **५,०७१,५२९.३९** | **१,००४,७५५.४९** | **६,०७६,२८४.८८** |

केशवप्रसाद बाहाल
प्रमुख कार्यकारी अधिकृत

केशव प्रसाद दंगाल
कोषाध्यक्ष

उद्धव सापकोटा

रमेश बराल, एफ. सि. ए.
आर बराल एण्ड एसोसिएट्स
चार्टर्ड एकाउन्टेन्ट्स

# बागमती प्रदेश बचत तथा ऋण सहकारी संघ लि. (बागमती प्रोस्कून)

बनेपा न.पा-७, काभ्रेपलाञ्चोक

१ श्रावण २०८० देखी २०८१ आषाढ मसान्त सम्मको वित्तीय विवरणका लेखा टिप्पणीहरु

**नाफा वा नोक्सानमा पहिचान गरिएको रकम** — **लेखा टिप्पणी-४.१४.४**

| विवरण | संलग्न गरिएको | आ.व २०८०/०८१ | आ.व २०७९/०८० |
|---|---|---|---|
| प्रयोगको अधिकार सम्पत्तिमा भएको ह्रासकट्टी | लेखा टिप्पणी-४.२८ | १,२९४,७२६.६८ | १,२९४,७२६.६८ |
| पट्टा दायित्वमा ब्याज खर्च | लेखा टिप्पणी-४.२१ | ५६०,९८७.९८ | २९१,८६५.४४ |
| चालु पट्टा दायित्व सम्बन्धित खर्च | लेखा टिप्पणी-४.२७ | १६५,०००.०० | ६५८,०५५.६० |
| कम मुल्य सम्पत्तिको पट्टा सम्बन्धित खर्च | लेखा टिप्पणी-४.२७ | - | - |
| पट्टा दायित्वको मापनमा समावेश नगरिएको चर पट्टा भुक्तानी सम्बन्धी खर्च | लेखा टिप्पणी-४.२७ | - | - |
| प्रयोगको अधिकार सम्पत्तिको पुनः पट्टाबाट प्राप्त आय | लेखा टिप्पणी-४.२७ | - | - |

**चालु दायित्व तथा व्यवस्था** — **लेखा टिप्पणी-४.१५**

| विवरण | आ.व २०८०/०८१ | आ.व २०७९/०८० |
|---|---|---|
| कर्मचारी बिदा खर्च व्यवस्था | १,१६२,८००.३० | ४७८,३८२.१४ |
| कर्मचारी संचयकोष | | - |
| पट्टा दायित्व | १,१५४,४९५.५२ | ९७८,९८५.३४ |
| लेखापरीक्षण शुल्क | १३९,३७५.०० | १११,५००.०० |
| अन्य भुक्तानी दिनुपर्ने | २७५,७७७.८८ | - |
| निक्षेप ब्याज कर | ७,०७८,११९.४७ | ७,१८६,४४३.२१ |
| बाहल कर | १८,३३३.३३ | - |
| लेखापरीक्षण कर | १,८७५.०० | १,५००.०० |
| पारिश्रमिक कर | ५६,५६३.०० | १२९,७७६.२० |
| सामाजिक सुरक्षा कर | | - |
| अन्य श्रोतमा करकट्टी | १९,०८०.५६ | २०,१९३.०० |
| भुक्तानी दिनु पर्ने भ्याट | १२०,६५६.२१ | १०,०१०.०० |
| जम्मा | १०,०२७,०७६.२७ | ८,९१६,७८९.८९ |

केशव प्रसाद दाहाल
प्रमुख कार्यकारी अधिकृत

केशव प्रसाद दंगाल
कोषाध्यक्ष

उद्धव सापकोटा
अध्यक्ष

रमेश बराल, एफ. सि. ए.
आर. बराल एण्ड एसोसिएट्स
चार्टर्ड एकाउन्टेन्ट्स्

# बागमती प्रदेश बचत तथा ऋण सहकारी संघ लि. (बागमती प्रोस्कून)

बनेपा न.पा-७, काभ्रेपलाञ्चोक

१ श्रावण २०८० देखी २०८१ आषाढ मसान्त सम्मको वित्तीय विवरणका लेखा टिप्पणीहरु

**शेयर पूँजी** — लेखा टिप्पणी-४.१६

| विवरण | आ.व २०८०/०८१ | आ.व २०७९/०८० |
|---|---|---|
| **स्वीकृत शेयर पूँजी** | | |
| ५000000000 साधारण शेयर प्रति शेयर रु.१०० का दरले | ५००,०००,०००,०००.०० | ५००,०००,०००,०००.०० |
| **चुक्ता पूँजी** | | |
| ७४८८८४ साधारण शेयर प्रति शेयर रु.१०० का दरले<br>*(७१२५९८ साधारण शेयर प्रति शेयर रु.१०० का दरले)* | ७४,८८८,४००.०० | ७१,२५९,८००.०० |
| **जम्मा रकम** | **७४,८८८,४००.००** | **७१,२५९,८००.००** |

**शेयर स्वामित्व विवरण** — लेखा टिप्पणी-४.१६.१

| विवरण | आ.व २०८०/०८१ | आ.व २०७९/०८० |
|---|---|---|
| नेपाल सरकारसँग सम्बन्धित संध संस्था | - | - |
| जिल्ला सहकारी संघहरु | - | - |
| सदस्य बचत तथा ऋण सहकारी संस्थाहरु | ७४,८८८,४००.०० | ७१,२५९,८००.०० |
| अन्य | - | - |
| **जम्मा रकम** | **७४,८८८,४००.००** | **७१,२५९,८००.००** |

**साधारण जगेडा कोष** — लेखा टिप्पणी-४.१७

| विवरण | आ.व २०८०/०८१ | आ.व २०७९/०८० |
|---|---|---|
| गत वर्षसम्मको जगेडाकोष | ८,३४९,२६८.६२ | ४,१७४,७८१.४३ |
| यस वर्षको मुनाफाबाट बाँडफाँड भएर आएको | ३,६९६,११७.१३ | २,५३१,००३.२३ |
| अन्य श्रोतबाट प्राप्त जगेडा रकम | - | - |
| अन्य कोषहरुबाट खर्च गरी बाँकी रकम रकमान्तर | १,९६७,५५१.७५ | १,६४३,४८३.९६ |
| **जम्मा रकम** | **१४,०१२,९३७.५०** | **८,३४९,२६८.६२** |

केशबप्रसाद दाहाल
प्रमुख कार्यकारी अधिकृत

केशव प्रसाद दंगाल
कोषाध्यक्ष

उद्धव सापकोटा
अध्यक्ष

रमेश बराल, एफ. सि. ए.
आर. बराल एण्ड एसोसिएट्स
चार्टर्ड एकाउन्टेन्ट्स्

# बागमती प्रदेश बचत तथा ऋण सहकारी संघ लि. (बागमती प्रोस्कून)

बनेपा न.पा.-७, काभ्रेपलाञ्चोक

१ श्रावण २०८० देखी २०८१ आषाढ मसान्त सम्मको वित्तीय विवरणका लेखा टिप्पणीहरु

**अन्य कोषहरु** — **लेखा टिप्पणी-४.१८**

| विवरण | आ.व २०८०/०८१ | आ.व २०७९/०८० |
|---|---|---|
| संरक्षित पूँजी फिर्ता कोष | २,७७२,०८७.८५ | १,८९८,२५२.४३ |
| सहकारी प्रर्वधन कोष | १३८,२३२.८१ | ८२,७९१.०५ |
| शेयर लाभांश कोष | ५,७८२,५७५.२५ | ३,९५९,७५४.५४ |
| सहकारी शिक्षा कोष | ४१३,०४१.०९ | २८२,८३९.६१ |
| कर्मचारी बोनस कोष | ७९०,९५१.०० | ५५३,८९१.२६ |
| सहकारी विकास कोष | ४१३,०४१.०९ | २८२,८३९.६१ |
